विश्वव्यापी/अन्तर्राष्ट्रिय हातेपुस्तिका



# महिला, शान्ति र सुरक्षाको एजेण्डालाई समर्थन गर्ने

## साझेदारका रुपमा संसद

# कृतज्ञता

यो संसदीय हातेपुस्तिका संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) ले नर्वे सरकारको सहयोगमा कार्यान्वयन गरेको महिला, शान्ति र सुरक्षाको एजेण्डालाई समर्थन गर्ने साझेदारका रुपमा संसदसम्बन्धी अन्तर्राष्ट्रिय परियोजनाअन्तर्गत तयार पारिएको हो। यूएनडीपीको नीति तथा कार्यक्रम सहयोग विभागको मार्गनिर्देशन, निका सइदी तथा अगता वालज्याकको समन्वय र सम्पादकीय निर्देशनमा काम गर्नुभएका हातेपुस्तिकाका मुख्य लेखक सारमाइन रोड्रिगेजप्रति हामी कृतज्ञता ज्ञापन गर्दछौं। हातेपुस्तिकाको तयारीमा रणनीतिक मार्गदर्शन गर्ने सारा लिस्टरले नेतृत्व गरेको यूएनडीपीको ओस्लो गोभर्नेन्स केन्द्रप्रति हामी आभारी छौं।

हाते पुस्तिका प्रकाशन नर्वेली विदेश मन्त्रालयबाट प्राप्त आर्थिक सहयोगले सम्भव भएको हो। अतः हातेपुस्तिका निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने मारिटा सोरहेम-रेन्सभिक विशेष धन्यवादका पात्र हुनुहुन्छ।

समग्र प्रक्रियाभर सहयोगका लागि यस ग्लोबल प्रोजेक्ट नमुनाका रुपमा लागू गरिएका देशका सहकर्मीहरू रिर्चड च्याम्बर्स र लिसेटे अल्ब्रेचस्टिन (यूएनडीपी जोर्डन), उमुताई दाउलेटोभा र बर्नेट उबाईडिलाएभा (यूएनडीपी किर्गिस्तान), लक्ष्मी पिल्लाई, जोसेफिन स्कट-मंगा र मुसु बंगुरा (यूएनडीपी सिरिया लियोन) र चामनी प्रेमाटिलाके, सोनाली दयारत्ने, बिमली अमेरिसेकेरे, निम्मी अरियारत्ने, लक्ना सिरिवर्देना र उडेनी थेवाराप्पेरुमा (यूएनडीपी श्रीलंका) को योगदानको हामी उच्च प्रशंसा गर्दछौं।

दोइना घिमिसी, नासिदा सतार र एलेक्ज्याड्रा वाइल्डको विशेषज्ञता, योजना र मार्गदर्शन विना यो हातेपुस्तिकाले पूर्णता पाउन सक्ने थिएन। यसैगरी हामी रिसा अराई, रोसाली फ्रान्सेन, बारबोरा गालभाकोभा, फ्रान्सेस गाई, उल्रिका जोन्सोन, यागित योजटेप (यूएनडीपी), जेइना हिलाल (अन्तरसंसद सङ्घ) र सनाम नारघी-अन्देरलिनी (इन्टरनेसनल सिभिल सोसाइटी एक्सन नेटवर्क) का योगदानको पनि सराहना गर्दछौं।

अन्त्यमा, पल भानडेकार (पाण्डुलिपि सम्पादन) र फोनिक्स् डिजाइन ऐड (ग्राफिक डिजाइन) पनि धन्यवादका पात्र हुनुहुन्छ।

**संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम**
ओस्लो गभर्नेन्स केन्द्र
कोनजेन्स गेट १२,०१५३ ओस्लो, नर्वे
www.undp.org

प्रतिलिपि अधिकार © UNDP 2019. सर्वाधिकार सुरक्षित।
संकटको सामना गर्न सक्ने र सबैका लागि जीवनको गुणस्तरमा सुधार ल्याउने विकासलाई अघि बढाउँदै निरन्तरता दिन सक्ने राष्ट्रहरूको निर्माणमा सहयोग पुऱ्याउन यूएनडीपी समाजका सबै तह र तप्काका व्यक्तिहरूसँग सहकार्य गर्दछ। स्थलगत रुपमा झण्डै १७० वटा देश र भूभागमा हामी मानव जीवनलाई सशक्त बनाउन र उत्थानशील राष्ट्रहरूको निर्माण गर्न विश्वव्यापी दृष्टिकोण र स्थानीय उपायहरू सुझाउँछौं।

डिजाइन र प्रकाशन : फोनिक्स डिजाइन ऐड ए/एस, डेनमार्क

## महिला, शान्ति र सुरक्षाको एजेण्डालाई समर्थन गर्ने साझेदारका रुपमा संसद

**अनुवाद तथा प्रकाशन**
संसद सहयोग परियोजना/यूएनडीपी

**प्रकाशन प्रति** : १०००

**सर्वाधिकार** ©: यूएनडीपी

(यस प्रकाशनमा प्रस्तुत भएका केही प्राविधिक शब्दावलीको स्पष्टताका लागि छुट्टै एक सूची तयार पारिएकाले थप जानकारीका लागि उक्त सूची हेर्नुहुन अनुरोध छ।)

*यस पुस्तकमा समेटिएका जानकारी तथा सूचना महिला, शान्ति र सुरक्षाको एजेण्डासम्बन्धी विश्वव्यापी/अन्तर्राष्ट्रिय हातेपुस्तिकाबाट अनुवाद गरिएको हो।*

**मानानीय निरु देवी पाल**
**सभापति**
**महिला तथा सामाजिक समिति**
**प्रतिनिधि सभा**
**संघीय संसद, नेपाल**

**HON. NIRU DEVI PAL**
**CHAIRPERSON**
**Women and Social Committee**
**House of Representative**
**FEDERAL PARLIAMENT, NEPAL**


संघीय संसद नेपाल

महिला तथा सामाजिक समिति प्रतिनिधि सभा २०७५

## शुभकामना

विकास बहुआयामिक पक्षहरूबाट निसृत हुने उच्चतम परिणाम हो । द्वन्द्व, शान्ति, सुरक्षा एवं विकास अन्तर सम्बन्धित एवं मानवीय पक्षसँग सम्बन्धित विषय हुन् । विकासको प्रमुख श्रोत एवं स्वभाविक उपभोक्ता मानिस नै हुन् । सामाजिक विकासको क्रमिक प्रक्रियामा देखापर्ने द्वन्द्वहरूको शान्तिपूर्ण समाधान र सुरक्षित समाज निर्माण सदासर्वदा राज्यले केन्द्रमा राखी व्यवस्थापन गर्नुपर्ने विषय पनि हो ।

सामाजिक समुन्नतिका लागि पिछडिएका वर्ग र लिङ्गलाई समेट्दै अगाडि बढ्नु सर्वकालीन अपरिहार्यता हो । सामाजिक समुन्नतिमा द्वन्द्व एवं शान्ति क्रमिक र नियमित प्रक्रिया हुन् । शान्ति सबैको साझा प्रयासको उपज हो र हुनुपर्छ । यो साझा प्रयासमा महिलाको भूमिका अझ बढी महत्वपूर्ण र आवश्यक रहेको देखिन्छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले आफ्नो प्रस्ताव नं १३२५ बाट द्वन्द्वको समाधानका लागि र द्वन्द्व श्रृजना हुनु पूर्व नै सम्वोधन गर्ने सम्बन्धमा महिलाको अपरिहार्य भूमिका कसरी संभव गरिनु पर्छ भनी लैङ्गिक दृष्टिकोणबाट व्यक्त गरेको छ । शान्तिका लागि महिलाहरूको उत्थान, सबलीकरण एवं आवश्यकताहरूको संवोधनले समाजमा उत्पन्न हुने र हुन सक्ने द्वन्द्व न्यूनीकरण गरी सामाजिक सद्भाव, सुरक्षा एवं शान्तिलाई अभिवृद्धि गर्न मद्दत पुऱ्याउने निश्चित छ ।

यसै सन्दर्भलाई विश्व समुदायले ध्यान दिन आवश्यक छ भन्ने मान्यताका साथ संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले प्रस्ताव नै पास गरेको अवस्था छ । नेपाल उक्त प्रस्तावको समर्थक राष्ट्र भएकाले महिला शान्ति र सुरक्षाका विषयका सम्बन्धमा कार्ययोजना बनाई कार्यान्वयन गर्नु हाम्रो दायित्व पनि हो । द्वन्द्वको लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गरी शान्तिपूर्ण व्यवस्थापन गर्न र स्थिर शान्ति निर्माण/शान्ति स्थापना लगायतका कार्यमा महिलाको भूमिका निर्विकल्प रहन्छ । यस प्रस्तावले शान्ति-सुरक्षाको स्थापना र प्रवर्द्धनका सबै प्रक्रियामा महिलाको समान सहभागिता र पूर्ण संलग्नताको महत्वमाथि प्रकाश पार्दछ । द्वन्द्व स्वरुपगत विविधितामा जहिले पनि उपस्थित भैरहने विषयबस्तु हो भने यसको सम्वोधन एक गतिशील र निरन्तर प्रक्रिया भित्रका अनिवार्य सम्पादन गरिनु पर्ने कार्यहरू हुन् । महिला, शान्ति र सुरक्षा व्यवस्थापनमा यो हाते पुस्तिकाको सान्दर्भिकता सँधै रहिरहने देखिएको छ ।

यसै प्रसंगलाई संसद एवं संबद्ध पक्षहरूबाट संबोधन गर्न सहज होस् भन्ने हेतुले नेपाली भाषामा अनुवाद गरी प्रकाशित यस हाते पुस्तिकाले सांसदहरूलाई कार्यसम्पादन गर्न तथा सरोकारवाला पक्षहरूलाई यसको अवस्थाको मूल्याङ्कन गर्न समेत मद्दत पुग्ने नै छ भन्नेमा विश्वस्त छु । नेपाली भाषानुवाद गरी यस विषयलाई अझ बढी सहज, सरल एवं बुझाइमा एकरुपता कायम गर्न मद्दत पुग्ने भएकाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम - संसद सहयोग परियोजनाको यस कामको सराहना गर्दछु । आगामी दिनमा समेत यस्ता सामग्रीहरूको प्रकाशन हुँदै जाओस् र यस हाते पुस्तिकाको प्रयोग परिणाममुखी होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

मिति : २०७७ कार्तिक २६ गते

निरु देवी पाल
सभापति
महिला तथा सामाजिक समिति


मोवाइल नं.: ९८५११-३९१४० Cell No.: 98511-39140
फोन नं.: ०१-४२०००६३ Ph. 01-4200063
फ्याक्स नं.: ९७७-१-४२००४९२ Fax: 977-1-4200492
URL: parliament.gov.np E-mail: nirupal.np@gmail.com

# प्राक्कथन

द्वन्द्वको अवधिमा महिला तथा बालबालिका माथि हुन सक्ने विभिन्न किसिमका जोखिम र त्यस्ता जोखिमबाट महिला र बालबालिकाको सुरक्षाको आवश्यकता बोध गरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले महिला, शान्ति र सुरक्षाको आधार स्तम्भंको रुपमा प्रस्ताव नं १३२५ र यस प्रस्तावको परिपूरकका रुपमा थप नौ वटा प्रस्ताव पारित गरेको छ। विशेषगरी प्रस्ताव नं १३२५ ले विश्वभरि महिला तथा किशोरीमाथि द्वन्द्वले पारेका असर सम्बोधन गर्न र शान्तिवार्ता, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माण प्रयाससहित शान्ति निर्माणका प्रयासमा महिलालाई योजनाबद्ध ढंगले समावेश गर्न सबै राष्ट्रलाई आह्वान गरेको छ। यी सबै प्रस्तावहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षहरूलाई महिला, शान्ति तथा सुरक्षाका सम्बन्धमा आ-आफ्नो भूमिकाबारे मार्गदर्शन गर्छन्।

नेपाल पनि राष्ट्रसंघ सुरक्षा परिषदका यी प्रस्तावहरूको पक्ष राष्ट्र हो। नेपाल सरकारले वि.स. २०६७ मा प्रस्ताव न. १३२५ र १८२० को प्रभावकारी कार्यान्वयनका लागि पहिलो राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गरिसकेको छ। त्यसो त निर्माण विधि, प्रक्रिया, समावेश भएका विषय तथा प्रावधानहरूको आधारमा नेपालको कार्ययोजनाले एक उत्कृष्ट कार्य योजनाको रुपमा मान्यता समेत पाएको छ। तर पनि दस वर्षे सशस्त्र द्वन्द्वको (र त्यसपछिको संक्रमणकालीन) समयमा मुलुकमा भएका हिंसाजन्य घटनाहरूमा बढी पीडित भएका महिला तथा बालबालिकहरूका न्याय, जीविका र सुरक्षाका सवालहरूको सम्बोधनमा अपेक्षित प्रगति हुन नसकेको कारण ती समूह हरू अझै पनि न्यायको पर्खाइमा रहेको यथार्थ हाम्रा सामु उपस्थित छ। पहिलो कार्ययोजनाको कार्यान्वयन र सिकाइपछि नेपाल हाल दोस्रो कार्ययोजना अवलम्बन तथा लागू गर्ने कार्यमा लागिपरेको छ। यस सन्दर्भमा प्रस्ताव नं १३२५ अन्तर्गत महिला, शान्ति तथा सुरक्षा एजेण्डामा साझा अवधारणासहित राष्ट्रिय सहमतिको न्युनतम कार्यक्रम जारी गरी १३२५ लाई दिगो विकास लक्ष्यसँग मूलप्रवाहीकरण गर्न माननीय सांसदहरूले संसद भित्र र बाहिर सक्रिय भूमिका खेल्नु पर्ने आवश्यकता छ। यद्यपि प्रचारप्रसार र सीमित सहभागिताका कारण यस्ता कार्ययोजनाबारे माननीय सांसद तथा अन्य सरोकारवालाहरू कमै जानकार रहेको पाइन्छ।

यस परिप्रेक्ष्यमा महिला, शान्ति र सुरक्षा एजेण्डासम्बन्धी विश्वव्यापी अवधारणाको बुझाइ र यसको कार्यान्वयनमा माननीय सांसदहरूको सहकार्य र भूमिकाका बारेमा थप सहुयोग पुरयाउने उद्देश्यले यो पुस्तिका तयार पारिएको हो। यो पुस्तिका ***"महिला, शान्ति र सुरक्षाको एजेण्डालाई समर्थन गर्ने साझेदारका रुपमा संसद"*** शिर्षकको अन्तर्राष्ट्रिय संस्करणको अनुदित सामग्री हो। यस हातेपुस्तिकाले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को एजेण्डाको कार्यान्वयनमा माननीय सांसद्हरूलाई आफ्नो भूमिकाबारे तुलनात्मक जानकारी पाउन र सोहीअनुरुप कार्यान्वयनमा अग्रसर रहन सहयोग पुग्ने विश्वास मैले लिएको छु। साथै, यो प्रकाशन महिला, शान्ति र सुरक्षाको एजेण्डा र यसको कार्यान्वयन बारेमा जिज्ञासा राख्ने तथा सूचना चाहने जोकोहीलाई पनि उत्तिकै सहयोगी हुनेछ। साथै, यस प्रकाशनले संसदीय समितिहरूलाई राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सरकारले गरेका काम कारवाहीहरूको अनुगमन तथा मुल्याङ्कनका सन्दर्भमा सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान प्रदान गर्न टेवा पुऱ्याउने विश्वास लिएको छु।

अन्त्यमा, यो हातेपुस्तिकाको अनुवाद तथा प्रकाशनका लागि अग्रसरता, सदभाव र हौसला प्रदान गर्नुभएकोमा प्रतिनिधि सभा महिला तथा सामाजिक समितिका माननीय सभापतिज्यू, समितिका माननीय सदस्यज्यूहरू एवम सचिवालयलाई हार्दिक आभार प्रकट गर्दछु। यस प्रकाशन कार्यमा संलग्न संसद सहयोग परियोजनाका कर्मचारी सबैलाई धन्यवाद दिन चाहन्छु।

२०७७ कार्तिक २९ गते

**डा. राजबहादुर श्रेष्ठ**
परियोजना व्यवस्थापक
संसद सहयोग परियोजना/यूएनडीपी

# विषय सूची


**सार–संक्षेप** ........................................................................ १

१. **महिला, शान्ति र सुरक्षाको एजेण्डा : एक सिंहावलोकन** .................. ४

२. **महिला, शान्ति र सुरक्षाको एजेण्डालाई अन्तर्राष्ट्रिय विकास ढाँचासँग मिलान गर्ने** ........................................................................ १२

एजेण्डा २०३० र दिगो विकास लक्ष्यहरूसँग मिलान ............................. १२

अन्तर्राष्ट्रिय मानवअधिकार ढाँचा र प्रक्रियाहरूसँग मिलान ..................... १७

३. **संसद र महिला, शान्ति तथा सुरक्षाको एजेण्डा** ............................. २३

४. **महिला, शान्ति र सुरक्षाको एजेण्डालाई राष्ट्रिय विकासका ढाँचासँग मिलान गर्ने** ............................................................ २७

महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाहरू .............................. २७

राष्ट्रिय वा क्षेत्रगत रणनीति वा विकास योजनाहरू ............................. ३०

५. **महिला, शान्ति तथा सुरक्षाको एजेण्डा कार्यान्वयन गर्न कानुन निर्माण** .. ३३

कानुन सुधारका प्राथमिकताको पहिचान ......................................... ३३

महिला, शान्ति तथा सुरक्षासम्बन्धी कानुन सुधारका साझा एजेण्डाहरू ........ ३४

महिला, शान्ति तथा सुरक्षासम्बन्धी कानुनी सुधार अघि बढाउने ................ ३६

६. **महिला, शान्ति तथा सुरक्षा कार्यान्वयनका लागि बजेट व्यवस्था** ........... ४१

महिला, शान्ति तथा सुरक्षाका लागि स्रोत सुनिश्चित गर्ने ........................ ४२

महिला, शान्ति तथा सुरक्षा बजेटको प्रभावकारी प्रयोगको सुनिश्चितता ........ ४३

७. **महिला, शान्ति तथा सुरक्षा कार्यान्वयनको निगरानी** ........................ ४७

महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाहरूको समितिमार्फत निगरानी ............................................................................ ४७

महिला, शान्ति तथा सुरक्षासम्बन्धी खास क्षेत्रगत एजेण्डाहरूको समितिमार्फत निगरानी ............................................................................ ५०

प्रश्नोत्तर समय र लिखित प्रश्न .................................................... ५२

संसदीय प्रस्तावहरू ........ ५३
संसदलाई प्रतिवेदन बुझाउने स्वतन्त्र निगरानी निकायहरू ........ ५५

८. **प्रतिनिधित्व** ........ ५८
प्रतिनिधिका रुपमा सांसदहरू ........ ५८
लैङ्गिक रुपमा संवेदनशील शान्ति निर्माताहरूका रुपमा सांसदहरू ........ ६०
साझेदारहरूका रुपमा सांसदहरू ........ ६१

९. **संसदीय समूहहरूको भूमिका** ........ ६५
अन्तरदलीय महिला कःकस ........ ६५
अन्तरदलीय महिला, शान्ति तथा सुरक्षा संसदीय समूहहरू ........ ६७

१०. **संसद सेवाका कर्मचारीबाट सहयोग र समर्थन** ........ ७०

**उपयोगी स्रोतहरू**

# केही शब्दावलीहरू

अनुवादमा सहजता र भाव सम्प्रेषणका लागि यस पुस्तिकामा प्रयुक्त देहायका शब्दहरूको अर्थ वा विस्तारित रूप यसप्रकार रहेको छ :

| अंग्रेजी शब्द | नेपाली समकक्षी शब्द | विस्तारित अर्थ वा रूप |
|---|---|---|
| Caucus | कःकस | कुनै उद्देश्य विशेषका लागि विभिन्न समूह वा दलहरूबीच सहकार्य भई बन्ने एक साझा थलो वा मञ्च |
| CEDAW | सिडः | महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडः) |
| Agenda | एजेण्डा | एजेण्डा, सवाल तथा कार्यसूची |
| SDGs | एसडीजी | दिगो विकास लक्ष्यहरू |
| Goals | लक्ष्य | पुग्नुपर्ने निर्धारित गन्तव्य, लक्ष्य |
| Targets | परिमाणात्मक लक्ष्य | लक्ष्य प्राप्तिका सन्दर्भमा गणना वा मापनयोग्य हुने गरी तय गरिएको अंक वा परिमाण |
| Indicator | सूचक | कुनै लक्ष्य प्राप्ति तथा मापनका सन्दर्भमा तय गरिएका परिणामसूचक अभिव्यक्तिहरू |
| Inter-Parliamentary Union | आइपियू | अन्तर संसद सङ्घ |
| UNDP | यूएनडीपी | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |
| UPR (Universal Periodic Review) | यूपीआर | मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा |
| OHCHR | ओएचसीएचआर | राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय |
| NATO | नाटो | उत्तर एटलान्टिक सन्धि संगठन |
| RRRT (Regional Rights and Resources Team) | आरआरआरटी | क्षेत्रीय अधिकार तथा स्रोत टोली |
| Bundestag | बुन्डेस्ट्याग | जर्मनीको संसद |
| Bundeswehr | बुन्डेसवेहर | जर्मनीको सशस्त्र फौज |

| अंग्रेजी शब्द | नेपाली समकक्षी शब्द | विस्तारित अर्थ वा रूप |
|---|---|---|
| UNSCR 1325&1820 | सरक्षा परिषद् प्रस्ताव | संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० |
| Sexual and Gender Minority | यौनिक तथा लैंगिक अल्पसंख्यक | यौनिक तथा लैगिंक अल्पसंख्यक भन्नाले समलिङ्गी महिला, समलिङ्गी पुरूष, द्धयलिङ्गी, ट्रान्सजेन्डर र अन्तर्लिङ्गीहरू भन्ने बुझिन्छ जो बहुसंख्यक लैङ्गिक पहिचानका तुलनामा बढी र विशिष्टखाले विभेदको जोखिममा हुन्छन् |
| Non-binary gender identity | गैर-द्वयसांखिक लैङ्गिक पहिचान | पुरूष वा महिला भनेर स्पष्ट किटान गरी आफूलाई चिनाउन नचाहने व्यक्तिहरू। समग्रमा त्यस्ता व्यक्तिहरू ट्रान्सजेन्डर भनेर चिनिए पनि समाजले चिन्ने गरेको लैङ्गिक पहिचान भन्दा यिनीहरूको वास्तविक यौनिक झुकाव फरक हुन सक्छ। |
| NAP (National Action Plan) | राष्ट्रिय कार्य योजना | महिला, शान्ति र सुरक्षा एजेण्डालाई कार्यान्वयन गर्नका लागि सरकारले बनाएको कार्ययोजना |
| Gender Sensitive | लैङ्गिक रूपमा संवेदनशील | महिला, पुरूष वा ट्रान्सजेन्डरमध्ये कुनै एक पहिचान भएका कारण हुनसक्ने लैङ्गिक विभेद। त्यस्तो विभेद खासगरी सामाजिक तथा सांस्कृतिक जीवनका विभिन्न पक्षहरूमा प्रकट हुने गर्दछ। लिङ्गमा आधारित विभेदका तिनै स्वरूपहरूप्रतिको सजगता र सचेतनासहित गरिने व्यवहार नै लैङ्गिक संवेदनशीलताको उदाहरण हो। |
| UN Women | यूएन वूमन | महिलाहरूको सर्वांगीण विकासका लागि गठित राष्ट्रसङ्घीय विशिष्टीकृत निकाय |
| Align | मिलान | अनुरूप तुल्याउने कार्य |
| Prevention | निवारण | द्वन्द्वका साथै द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा महिला र किशोरी विरूद्ध हुने कुनै पनि हिंसाका घटना नै हुन नदिनको लागि गरिने प्रयास |
| Participation | सहभागिता | शान्ति र सुरक्षासम्बन्धी निर्णय प्रक्रियाका सबै तहमा महिलाको समान सहभागिता सुनिश्चित गर्ने प्रकृया |

| अंग्रेजी शब्द | नेपाली समकक्षी शब्द | विस्तारित अर्थ वा रूप |
|---|---|---|
| Protection | संरक्षण | द्वन्द्वको अवस्थामा महिला तथा किशोरीहरूलाई सबै प्रकारका यौन र लैङ्गिकतामा आधारित हिंसाबाट सुरक्षित राख्न गरिने न्यायिक तथा कानुनी र अन्य संरक्षणका पहल |
| Relief and Recovery | राहत तथा पुनर्लाभ | राहत भन्नाले द्वन्द्व प्रवाभित महिलाहरूको खास आवश्यकता पूरा गर्न तत्कालको लागि गरिने सहयोग र पुनर्लाभ भन्नाले द्वन्द्व प्रभावित महिलाहरूलाई पहिलाकै अवस्थामा फर्काउनको लागि गरिने प्रयास |
| Ibid | पूर्वोक्त | यस अघि उल्लेख गरिएकै स्रोतबाट |
| Mainstreaming | मूलप्रवाहीकरण | मूल प्रवाहमा ल्याउने कार्य |
| Private Member Bill | निजी सदस्य विधेयक | गैर सरकारी विधेयक भनी चिनिने यस्तो विधेयक सांसदहरूले निजी तवरमा ल्याउने गर्दछन् र सरकारका मन्त्रीहरूभन्दा बाहिरबाट केही निश्चित विषयका विधेयकहरू बाहेक अन्य विषयहरूमा आउने भएकाले यिनलाई गैर सरकारी विधेयक भनिन्छ। |
| Affirmative Action Quotas | सकारात्मक पहलका कोटा | समानता र न्यायका दृष्टिकोणले पिछडिएका वर्ग वा समूहहरूलाई सार्वजनिक क्षेत्रमा दिइने विशेष प्राथमिकता |
| Parliamentary Committees | संसदीय समितिहरू | संसदमा गठन भएका विषयगत तथा अन्य समितिहरू |
| SGBV(Sexual and Gender-based Violence | यौन र लैङ्गिकतामा आधारित हिंसा | महिला, पुरूष तथा अन्य लिङ्ग, आदिका अधारमा गरिने हिंसा |
| GAPS (Gender Action for Peace and Security) | शान्ति र सुरक्षाका लागि लैङ्गिक पहल | बेलायतमा महिला, शान्ति र सुरक्षाका सवालमा काम गर्ने १७ वटा गैरसरकारी संस्थाहरूको एक सञ्जाल |

| अंग्रेजी शब्द | नेपाली समकक्षी शब्द | विस्तारित अर्थ वा रूप |
|---|---|---|
| Magna Carta | म्याग्ना कार्टा (अधिकारपत्र) | अधिकारको बडापत्र पनि भनिने सर्वाधिक महत्वका अधिकारका सिद्धान्तहरू स्थापना गरेको ऐतिहासिक दस्तावेज जसले कानुनका दृष्टिमा सबै समान हुने, स्वच्छ सुनुवाइको अधिकार रहने, न्यायको अधिकार हुनेलगायत व्यक्तिका विभिन्न अधिकारहरूको प्रत्याभूति गरेको थियो। |
| Gender-responsive budget | लैंगिक उत्तरदायी बजेट | लैङ्गिक समानता प्रवर्द्धनको लागि महिला तथा पछाडि पारिएका वर्गको क्षमता अभिबृद्धिको लागि छुट्टयाइने बिशेष बजेट |
| CSOs | नागरिक समाज संस्था | नागरिकका हक अधिकार पहिचान तथा समानताका लागि गठन भई नागरिक स्तरमा काम गर्ने सँस्था |
| NGOs | गैर सरकारी संस्था | गैर सरकारी स्तरमा स्थापना भएका सँस्थाहरू |
| Ombudsman | कुनै व्यक्तिबाट सार्वजनिक प्रकृतिका संघसंस्था तथा व्यक्तिहरूविरूद्ध प्राप्त उजुरी वा गुनासो सुन्ने अधिकारप्राप्त निकाय वा व्यक्ति | यस सन्दर्भमा सुरक्षा सेवामा लैङ्गिक संवेदनशीलतासम्बन्धी समस्या वा अनुचित व्यवहार सम्बन्धी उजुरी अनुसन्धान गर्ने व्यक्ति |
| Gender assessment | लैङ्गिक समीक्षा | लैङ्गिक समानता प्रवर्द्धन तथा महिला अधिकार सुनिश्चित गर्नका निम्ति आवश्यक अवसर, वातावरण, स्रोतसाधन, वितरण पद्दति लगायत व्यवस्थाका विभिन्न आयामहरूको लेखाजोखा |

अन्तर्राष्ट्रिय हातेपुस्तिका

# सार-संक्षेप

अक्टोबर २००० मा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले महिला, शान्ति तथा सुरक्षासम्बन्धी एउटा महत्त्वपूर्ण प्रस्ताव १३२५ (संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५) पारित गऱ्यो। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ शान्ति स्थापना र शान्ति निर्माणसम्बन्धी विगत दशक वा त्यसभन्दा धेरै अघिदेखि भएका सिकाइहरूको परिणामस्वरुप आएको हो।

द्वन्द्वको प्रकृति परिवर्तन भइरहेको छ। यसमा सर्वसाधारण बढी निशानामा पर्दैछन्। विशेषगरी महिलाले द्वन्द्वको चोट सामना गरिरहेका छन्। द्वन्द्वका क्रममा महिलाले विविध किसिमका क्षति व्यहोर्नुपर्छ। जसमा लडाकुबाट हुने लैङ्गिकतामा आधारित हिंसादेखि श्रीमान् र परिवारका सदस्य गुमाउनुपर्ने, जनजीविका र व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित हुनुपर्ने लगायत छन्। संक्रमणकाल र शान्ति स्थापनाको चरणमा पनि महिला सीमान्तकृत भएको स्पष्ट छ। स्वदेशी एवम् अन्तर्राष्ट्रिय सरोकारवालाले महिलाको योगदानलाई उपेक्षा गर्दै उनीहरूलाई शान्ति प्रक्रियामा सहभागी हुनबाट अलग राख्ने गरेका छन्। यौनिक अल्पसङ्ख्यक र गैरद्वयसांखिक लैङ्गिक पहिचानका व्यक्तिहरूले पनि द्वन्द्वका समयमा भिन्नै खालको जोखिम सामना गर्छन् भन्ने बुझाइ बढ्दै गएको छ। यसलाई पनि महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डाको बृहत् ढाँचामा प्रतिबिम्वित गरिनुपर्छ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ ले विश्वभरि महिला तथा किशोरीमाथि द्वन्द्वले पारेका असर सम्बोधन गर्न र शान्तिवार्ता, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माण प्रयाससहित शान्ति निर्माणका प्रयासमा महिलालाई योजनाबद्ध ढंगले समावेश गर्न सबै राष्ट्रलाई आह्वान गऱ्यो। विगत दुई दशकभन्दा बढी समयमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को परिपूरकका रुपमा महिला, शान्ति तथा सुरक्षासम्बन्धी थप नौ वटा प्रस्ताव आएका छन् (विस्तृत विवरणका लागि रेखाचित्र २ हेर्नुहोस्)। यी सबै प्रस्तावले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पात्र/पक्षहरूलाई महिला, शान्ति तथा सुरक्षाका सम्बन्धमा आ-आफ्नो भूमिकाबारे मार्गदर्शन गर्छन्।

हिंसात्मक राज्यमा आधारित युद्ध, गृहयुद्ध, आन्तरिक द्वन्द्व, वा हिंसात्मक अतिवाद जस्ता जटिल द्वन्द्वले ग्रस्त विश्वमा महिला, शान्ति तथा सुरक्षाको एजेण्डा ज्यादै महत्त्वपूर्ण रहेको छ। महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना (न्याप) को विकास करिब ८० वटा देशका सरकारी निकाय र अन्य सङ्घसंस्थाका लागि प्राथमिकतामा परेको छ। अन्य देशमा लैङ्गिक रुपमा संवेदनशील शान्ति र सुरक्षाका प्राथमिकतालाई लैङ्गिकता, न्याय वा राष्ट्रिय सुरक्षासम्बन्धी

क्षेत्रगत रणनीतिमा प्रतिबिम्वित गरिएका छन्। महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई सहयोग गर्ने कार्यक्रममा सांसद्हरूको सहभागिता भिन्न भिन्न स्वरुपको छ। राष्ट्रियस्तरका यस्ता कार्यक्रम कार्यान्वयन प्रयासबारे धेरै सांसद्हरू कि त सचेत छैनन् वा उनीहरू कार्यक्रममै संलग्न छैनन्।[१]

## हातेपुस्तिका

यो हातेपुस्तिकाले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को एजेण्डा सहयोग पुऱ्याउन सांसद्को भूमिकाबारे मार्गनिर्देशन गर्न सघाउँछ। हातेपुस्तिकाका उद्देश्य मुख्यतः तीन किसिमका रहेका छन् :

- विश्वव्यापी महिला, शान्ति तथा सुरक्षा एजेण्डा आन्तरिक रुपमा कसरी लागू हुन्छ भन्ने बारेमा सांसदहरूलाई जानकारी दिने।
- महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई संसद र सांसदहरूले कसरी लागू गर्न सक्छन् भन्ने बारेमा मार्गदर्शन गर्ने।
- यो मार्गदर्शन संसदका सदस्य र कर्मचारीको प्रयोगका लागि मात्र होइन, सांसद्हरूसँग सहकार्य गर्ने विकास साझेदार तथा अभियन्ताका लागि पनि हो।
- अन्य संसद तथा परियोजनाका असल अभ्याससँग परिचित गराउने।

यो हातेपुस्तिका लैङ्गिक रुपमा सबै सांसदप्रति लक्षित छ। महिलालाई प्रभावित गर्ने शान्ति र सुरक्षाको एजेण्डा महिला सांसदको मात्र सरोकारको विषय तथा एजेण्डा होइन; समाजका हरेक सदस्यलाई शान्तिपूर्ण र समृद्ध जीवनयापन गर्ने संरक्षण तथा अवसर रहेको सुनिश्चित गर्ने जिम्मेवारी सबै सांसद्को हो। यो हातेपुस्तिका देहायअनुसार तयार पारिएको छ :

१. महिला, शान्ति तथा सुरक्षाको एजेण्डाको समर्थनमा युरोपले मात्र महिला, शान्ति तथा सुरक्षा सन्धि नाटो संसदीय सभामार्फत व्यवस्थित रुपमा समीक्षा गरेको छ। अन्य क्षेत्रमा छिटफुट जानकारी मात्र उपलब्ध छ र महिला, शान्ति तथा सुरक्षाको सामान्य समीक्षाले व्यवस्थापिकामा समावेश गरिएको अवस्था न्यून रहेको देखाउँछ। हेर्नुहोस् : सारह फेरब्याक र अउडे रिभ्सको महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अघि बढाउनमा नाटो सदस्य राष्ट्रहरूको भूमिका : नाटो संसदीय सभाको सर्वेक्षण (२०१८), डीसीएएफ (DCAF), जेनेभा, पृ. १२ र १३

- अध्याय १ देखि ३ सम्म महिला, शान्ति तथा सुरक्षाको एजेण्डा र लैङ्गिक समानता तथा दिगो विकासप्रतिको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धताहरूसँगको यसको सम्बन्धको पुनरावलोकन गरिएको छ।[२]
- अध्याय ४ देखि ८ सम्म सांसदको मुख्य जिम्मेवारी अर्थात् कानुन निर्माण, बजेटसम्बन्धी कार्य, निगरानी र प्रतिनिधित्वसहित हरेक सन्दर्भमा महिला, शान्ति र सुरक्षाको एजेण्डा कसरी लागू हुन्छ भन्नेबारे छलफल गरिएको छ। यी छलफलमा महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अगाडि बढाउन इच्छुक सांसद र अन्य सरोकारवालालाई व्यावहारिक उपाय र असल अभ्यासका उदाहरणहरू प्रस्तुत गरिएको छ।
- अध्याय ९ र १० मा संसदीय समूह र कर्मचारीले महिलाको शान्ति र सुरक्षामा कसरी सहयोग गर्न सक्छन् भन्नेबारे मन्थन गरिएको छ।

हरेक अध्यायको अन्त्यमा स्वमूल्याङ्कनका प्रश्नको छोटो शृङ्खला तथा महिला, शान्ति तथा सुरक्षाको एजेण्डामा विचार-मन्थन, छलफल र कामकारबाही प्रोत्साहित गर्ने केही व्यावहारिक सुझावहरू संलग्न छन्।

यो हातेपुस्तिका “सबै रोगका लागि एउटै ओखती” भने जस्तो होइन। यसले सूचना तथा जानकारी, प्रश्न तथा अवधारणा प्रस्तुत गर्छ, जसलाई सांसदहरूले महिला, शान्ति तथा सुरक्षाको एजेण्डा कार्यान्वयन भएको सुनिश्चित गर्न आ-आफ्नो सन्दर्भअनुसार लागू गर्न सक्छन्।

२. संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ सम्बन्धी विस्तृत मार्गदर्शनका लागि हेर्नुहोस् :
(क) महिला, शान्ति तथा सुरक्षासम्बन्धी युएन वुमन स्रोतपुस्तक।
http://www.unwomen.org/en/digital-library/publications/2012/10/un-women-sourcebook-on-women-peace-and-security; and
(ख) सिडः सामान्य सिफारिस नं ३० र महिला, शान्ति तथा सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्तावहरू
https://www.unwomen.org/en/digital-library/publications/2015/8/guidebook-cedawgeneralrecommendation30-womenpeacesecurity





अध्याय १

# महिला, शान्ति र सुरक्षाको एजेण्डा : एक सिंहावलोकन

## द्वन्द्वको लैङ्गिक प्रकृतिको बुझाइ

सन् २००० यता द्वन्द्व र शान्ति स्थापनामा लैङ्गिकता सम्बन्धी बुझाइ विश्वव्यापी रुपमा बढेको छ। द्वन्द्वको अनुभव पुरुष र किशोरभन्दा महिला र किशोरीका लागि फरक हुन्छ। यति मात्र नभई द्वन्द्व र शान्ति स्थापनामा पनि उनीहरूको भूमिका भिन्न र जटिल हुन्छ।। महिला तथा किशोरी धेरै लामो समयदेखि द्वन्द्वको निशाना बन्दै आएका छन्। उनीहरू लडाकुहरूले रणनीतिकै रुपमा गर्ने निरन्तरको यौन हिंसा र लैङ्गिकतामा आधारित हिंसा एवं दासत्वबाट प्रताडित हुँदै आएका छन्। पुरुष युद्धमा गएपछि परिवार व्यवस्थापनको जिम्मेवारी पनि निर्वाह गर्नुको अर्थ धेरै देशमा महिला आफ्ना घर तथा समुदायको संरक्षणमा पनि सक्रिय रहँदै आएका छन्। यस क्रममा धेरै महिलाले विभिन्न सङ्घसंस्थामार्फत र परिवार तथा समुदायमा आफ्नो सहभागिता बढाउँदै शान्ति स्थापनामा पनि काम गर्न सक्छन्। उनीहरू सशस्त्र समूहका समर्थक वा लडाकुका एजेन्टका रुपमा पनि रहन सक्छन्। अन्ततः परिस्थिति र अवसरका आधारमा महिलाहरू यी भूमिकामा सक्रिय हुन सक्छन्।[३] हालैका दशकमा द्वन्द्वग्रस्त मुलुकका प्रतिस्पर्धी सेनाबीचको द्वन्द्वको परिणामस्वरुप हिंसात्मक सशस्त्र विद्रोह र हिंसात्मक अतिवादी समूह पनि समावेश हुँदा त्यसको असर महिलामाथि झनै चिन्ताजनक रुपमा परेको पाइन्छ।

द्वन्द्वले लैङ्गिकतामाथि परेको असरबारे ध्यान केन्द्रित गराउने महिला आन्दोलनको दशकौंको प्रयासका वाबजुद सन् १९९० को दशकमा बढेको संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना र शान्ति निर्माण कार्यमा साँघुरो रुपमा केन्द्रित सैन्य प्रतिकार्यहरू कार्यान्वयनले निरन्तरता पायो। त्यस क्रममा द्वन्द्व प्रभावित महिलाका महत्त्वपूर्ण आवश्यकतालाई सम्बोधन गर्न उति ध्यान दिइएन। शान्ति स्थापना कार्यमा महिलाको उपेक्षा गरियो। त्यसपछिका शान्ति प्रक्रियामा उनीहरूलाई बाहिर राखियो। द्वन्द्वप्रतिको लैङ्गिक रुपमा असंवेदनशील अन्तर्राष्ट्रिय प्रतिकार्यको जबाफस्वरुप महिला आन्दोलनले सरकारहरूलाई यस सम्बन्धमा कदम चाल्न बाध्य बनाउन आफ्ना दबाबलाई

३. UNDP, ICAN, "Invisible Women: Gendered Dimensions of Return, Rehabilitation and Reintegration from Violent Extremism" (2019).

तीव्र बनायो। यस्तो पैरवीको परिणाम सन् २००० मा देखियो। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्‌ले नयाँ सहस्राब्दीको राजनीतिक गतिको फाइदा लिँदै शान्ति स्थापनामा महिलाको बहिष्करणलाई आधिकारिक रुपमा स्वीकार्दै त्यसतर्फ कदम चाल्न आह्वान गऱ्यो।

## संरासङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र महिला, शान्ति र सुरक्षाका चार स्तम्भ

महिला, शान्ति तथा सुरक्षा (डब्लुपिएस) एजेण्डालाई औपचारिक रुपमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ (२०००) ले प्रस्तुत गरेको थियो। यो महत्त्वपूर्ण प्रस्तावलाई ३१ अक्टोबर २००० मा अनुमोदन गरियो।[४] संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ ले द्वन्द्व निवारण, समाधान, र शान्ति स्थापना कार्यमा महिलाको भूमिका महत्त्वपूर्ण रहेको कुरालाई पुष्टि गऱ्यो। महिला, शान्ति तथा सुरक्षाका एजेण्डा चार वटा स्तम्भमा आधारित छन् : निवारण, सहभागिता, संरक्षण र राहत तथा पुनर्लाभ। (हेर्नुस्, रेखाचित्र १)

**रेखाचित्र १** महिला, शान्ति तथा सुरक्षा ढाँचाका चार स्तम्भ

| | |
|---|---|
| **निवारण** | द्वन्द्वका साथै द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा महिला र किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसाको निवारण। |
| **सहभागिता** | शान्ति र सुरक्षासम्बन्धी निर्णय प्रक्रियाका सबै तहमा महिलाको समान सहभागिता र लैङ्गिक समानता। |
| **संरक्षण** | द्वन्द्वको अवस्थामा महिला तथा किशोरी सबै प्रकारका यौन र लैङ्गिकतामा आधारित हिंसाबाट सुरक्षित गरिनेछन् र उनीहरूका अधिकारको संरक्षण र संवर्द्धन हुनेछ। |
| **राहत तथा पुनर्लाभ** | द्वन्द्वपछि राहतसम्बन्धी महिलाका खास आवश्यकता पूरा गरिने र राहत तथा पुनर्लाभमा कर्ता (एजेन्ट) का रुपमा काम गर्न सक्ने उनीहरूका क्षमता सुदृढ तुल्याउने। |

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ द्वन्द्व निवारण र समाधान, शान्ति वार्ता, शान्ति निर्माण, शान्ति स्थापना, मानवीय प्रतिकार्य र द्वन्द्वोत्तर पुनर्निर्माणमा महिलाको महत्त्वपूर्ण भूमिकालाई पुनर्पुष्टि गर्ने एउटा विस्तृत प्रस्ताव हो। यसले शान्ति-सुरक्षाको स्थापना र प्रवर्द्धनका सबै प्रक्रियामा महिलाको समान सहभागिता र पूर्ण संलग्नताको महत्त्वमाथि प्रकाश पार्दछ।[५]

४. संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्, सुरक्षा परिषद् प्रस्ताव १३२५ (२०००), ३१ अक्टोबर २०००, S/RES/1325 (2000).
५. संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५, http://unscr.com/en/resolutions/doc/1325.

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ सबै सरोकारवालालाई महिला सहभागिता बढाउन कदम चाल्न र संयुक्त राष्ट्रसङ्घलाई शान्ति र सुरक्षासम्बन्धी सबै प्रयासमा लैङ्गिक दृष्टिकोण समावेश गर्न आह्वान गर्दछ। यसले सरोकारवालालाई सशस्त्र द्वन्द्वका अवस्थामा महिला तथा किशोरीलाई लैङ्गिकतामा आधारित हिंसा, जस्तै : बलात्कार र अन्य प्रकारका यौन दुर्व्यवहारमा सुरक्षित गर्न विशेष कदम चाल्न पनि आह्वान गर्दछ।

## पछिल्ला प्रस्तावहरू

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को अनुमोदनपछिका वर्षमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले महिलामाथि युद्धको प्रभावका खास पक्षहरूका सम्बन्धमा विस्तृत मार्गदर्शन प्रदान गर्न यौन तथा लैङ्गिकतामा आधारित हिंसा, मानव बेचबिखन र शान्ति स्थापनाका प्रयासहरूमा लैङ्गिक पक्ष जस्ता एजेण्डा सम्बोधन गर्दै थप नौ वटा प्रस्ताव अनुमोदन गरेको छ।

## सबै देशका अवस्थाहरूका लागि सान्दर्भिक

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ कुनै एक प्रकारको परिस्थितिको द्वन्द्वको अवस्थाका लागि नभई सबै अवस्थाका लागि विकास गरिएको हो। यो प्रस्ताव संरक्षण र पुनर्लाभका विषयहरूलाई तत्काल सम्बोधन गर्नुपर्ने हिंसात्मक द्वन्द्व चलिरहेको देशमा लागू हुन्छ र महिलाविरुद्धको हिंसा वा बढ्दो अतिवादिताको लैङ्गिक पक्षहरू जस्ता विषयलाई सम्बोधन गर्न आवश्यक रहेका कथित “स्थिर” देशमा पनि उत्तिकै लागू हुन्छ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ शान्ति स्थापना कार्यका लागि सुरक्षा फौज परिचालन गर्ने देशहरूतर्फ पनि निर्देशित छ। यी देशहरूले सैन्य तथा नागरिक शान्ति कारबाहीको निर्णय प्रक्रिया र महिलालाई नेतृत्वदायी भूमिकामा समावेश गरिएको र सबै फौजले लैङ्गिक रुपमा संवेदनशील शान्ति तालिम प्राप्त गरेको, उनीहरू परिचालित भएको स्थानमा महिला तथा किशोरीले सामना गरेको द्वन्द्वसम्बन्धी एजेण्डाहरू सम्बोधन गर्न आवश्यक सीप तथा स्रोत भएको र यी क्षेत्रमा देखापर्ने कुनै पनि कमीकमजोरी (शान्ति सेनाबाट भएको यौन वा लैङ्गिकतामा आधारित हिंसासमेत) को सम्बोधन गर्न उपयुक्त ढंगबाट व्यवस्थापन गरिएको सुनिश्चित गर्नुपर्छ। यसैगरी महिला सशक्तीकरण र शान्ति निर्माणका लागि विकास सहायता प्रदान गर्ने देशहरूले आफूले गरेको योगदान द्वन्द्व-संवेदनशील भएको र त्यसले महिला, शान्ति तथा सुरक्षामा बल पुऱ्याएको सुनिश्चित गर्नुपर्छ।

**रेखाचित्र २** महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का प्रस्तावहरू

| | |
|---|---|
| **प्रस्ताव १३२५ (२०००)** | द्वन्द्वले महिलामाथि पार्ने असरलाई सम्बोधन गर्छ र द्वन्द्व निवारण तथा समाधानमा महिलाको योगदानका साथै अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा कायम गर्न उनीहरूको भूमिकालाई मान्यता प्रदान गर्दछ। |
| **प्रस्ताव १८२० (२००८)** | द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई द्वन्द्वरत पक्षहरूले सैन्य वा राजनीतिक उद्देश्य पूरा गर्न युद्ध-नीतिका रुपमा प्रयोग गर्ने र त्यसले दण्डहीनता निम्त्याउने कुरालाई स्वीकार्दै, द्वन्द्वमा यौन हिंसा अन्त्य गर्न सुदृढ प्रयासको खाँचो रहेको औंल्याउँछ। |
| **प्रस्ताव १८८८ (२००९)** | प्रस्ताव १८२० को बढी प्रभावकारी कार्यान्वयनका प्रावधान प्रस्तुत गर्छ, जसमा उच्च तहको नेतृत्व प्रदान गर्न द्वन्द्वमा यौन हिंसासम्बन्धी महासचिवको विशेष प्रतिनिधि चयन र शान्ति स्थापना मिसनमा महिला संरक्षण सल्लाहकार गठन लगायत छन्। |
| **प्रस्ताव १८८९ (२००९)** | द्वन्द्वपछिको शान्ति निर्माणमा केन्द्रित, शान्ति वार्तामा सहभागी महिलाको संख्या बढाउने रणनीति समावेश र संयुक्त राष्ट्रसङ्घ तथा सदस्य राष्ट्रहरूबाट प्रस्ताव १३२५ कार्यान्वयनको मापन गर्ने विश्वव्यापी सूचकहरूको विकासको आह्वान गर्दछ। कार्यान्वयनको अनुगमन र गणनाका लागि २६ वटा सूचक विकास गरिएको छ, जसलाई ४ वटा स्तम्भमा विभाजन गरिएका छन् : निवारण, सहभागिता, संरक्षण र राहत तथा पुनर्लाभ। सूचकहरू महासचिवको प्रतिवेदनमा सूचीकृत गरिएको छ (S/2010/498)। |
| **प्रस्ताव १९६० (२०१०)** | यौन हिंसालाई सम्बोधन गर्न आवश्यक अघिल्ला प्रतिबद्धतालाई पुनर्पुष्टि गर्दछ र पीडकहरूको सूची बनाएर र अनुगमन, विश्लेषण तथा उजुरीका प्रावधानहरूको स्थापना गरी दण्डहीनताविरुद्ध लड्ने साधनहरूको विकासका लागि कार्यादेश प्रदान गर्छ। |
| **प्रस्ताव २१०६ (२०१३)** | सुरक्षा परिषद्सहित सबै पक्षहरूलाई अघिल्ला प्रास्तावहरूको कार्यान्वयनका लागि र द्वन्द्वमा भएका यौन हिंसाका पीडकहरूका लागि दण्डहीनताविरुद्ध लड्न थप काम गर्न आग्रह गर्दछ। द्वन्द्वमा यौन हिंसाको निवारण र प्रतिकार्यका लागि नागरिक समाजको भूमिका लाई मान्यता प्रदान गर्छ। |

| | |
|---|---|
| **प्रस्ताव २१२२ (२०१३)** | द्वन्द्व समाधानमा विशेषगरी नेतृत्वदायी पदहरूमार्फत महिला सहभागितामा सुधार ल्याउन सुदृढ उपायको स्थापना गर्दछ। लैङ्गिक समानता, अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा प्राप्त गर्नका लागि मुख्य पक्ष हो भन्ने कुरामा पुनः जोड दिन्छ। यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा पूर्ण पहुँच सुनिश्चित गर्न मानवीय सहायताको आवश्यकता पनि यसले उल्लेख गर्दछ। |
| **प्रस्ताव २२४२ (२०१५)** | हिंसात्मक अतिवाद र आतंकवाद नियन्त्रणमा महिलाको भूमिकासम्बन्धी र महिला, शान्ति तथा सुरक्षामा सुरक्षा परिषद्को सुधारिएको कार्यपद्धतिबारे, सिडः सामान्य सिफारिस नं ३० (२०१५)। महिला, शान्ति र सुरक्षाको एजेण्डालाई सिडःसँग जोड्ने काम गर्छ, र सो एजेण्डा कार्यान्वयनका लागि विस्तृत मार्गदर्शन गर्छ। (थप जानकारीका लागि हेर्नुहोस्, अध्याय ३) |
| **प्रस्ताव २२७२ (२०१६)** | शान्ति स्थापनाका क्रममा हुने यौन शोषण र दुर्व्यवहारलाई सम्बोधन गर्ने उपाय प्रदान गर्छ। |
| **प्रस्ताव २४६७ (२०१९)** | विश्वभरि द्वन्द्वरत पक्षहरूलाई तत्काल यौन हिंसा अन्त्य गर्न, त्यस्ता कार्यलाई भविष्यमा हुन नदिन आह्वान गर्दै यौन हिंसाका पीडकलाई जवाफदेही ठहऱ्याउने उपाय प्रस्तुत गर्दछ र यौन हिंसाका पीडितका लागि प्रभावकारी सहयोगी कार्यक्रम कार्यान्वयन गर्न आग्रह गर्दछ। |

## कार्यान्वयनका चुनौतीहरु र संसदीय कदम/कार्यका अवसरहरु

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् १३२५ को अनुमोदनपछिका वर्षहरूमा द्वन्द्व र द्वन्द्वपछिको अवस्थामा महिला संरक्षण र समावेशीकरण गर्ने राज्यहरूको कार्यशैलीमा केही सुधार आएको छ। यद्यपि, विश्वभर महिलाले अझै पनि धेरै दुःखकष्ट सहनु परिरहेको छ। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् १३२५ कार्यान्वयन गर्न भएका अभ्यासबाट सिक्ने प्रयासमा सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् १३२५ को कार्यान्वयनसम्बन्धी विश्वव्यापी अध्ययन ("विश्वव्यापी अध्ययन") प्रकाशित गरेका छन्।[६]

६. राधिका कुमारास्वामी, *Preventing Conflict, Transforming Justice, Securing the Peace: A Global Study on the Implementation of United Nations Security Council Resolution 1325* (युएन वुमन, २०१५)।

विश्वव्यापी अध्ययनले शान्ति र सुरक्षासम्बन्धी महिलाको नेतृत्व र निर्णय प्रक्रियाका अन्तर्राष्ट्रिय मूल्यमान्यतामा उल्लेखनीय परिवर्तन ल्याउन महिला, शान्ति तथा सुरक्षाको एजेण्डाले योगदान दिएको उजागर गरे पनि स्थानीय स्तरका महिलामा त्यसको प्रभाव न्यून रहेको देखायो । विश्वव्यापी अध्ययनले पहिचान गरेका केही एजेण्डालाई देहायका विषयमा संसदबाट कानुनमार्फत सम्बोधन गर्न सकिन्छ :

- महिला अधिकारको संरक्षण र संवर्द्धन (त्यस्ता महिला, शान्ति र सुरक्षासम्बन्धी कानुनको केही साझा उदाहरणका लागि अर्को अध्यायको तालिका १ हेर्नुहोस्) ।
- महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजनाका लागि राष्ट्रिय बजेटबाट अपर्याप्त रकम विनियोजन ।
- महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि अनुगमन र जवाफदेहिताको अभाव ।
- महिला, शान्ति तथा सुरक्षासम्बन्धी क्रियाकलापहरू प्रभावकारी रुपमा कार्यान्वयन गरिएको सुनिश्चित गर्न सरकारी निकाय, सरकारका विभिन्न तह र नागरिक समाजबीच समन्वय अभाव ।

यी अवधारणाबारे यसपछिका अध्यायमा अझ विस्तृत छलफल गरिनेछ ।

महिला, शान्ति तथा सुरक्षाका प्रतिबद्धताले मात्र महिला तथा किशोरीको जीवनमा अर्थपूर्ण प्रभाव पारेको सुनिश्चित गर्नु मुख्य समस्या हो । सरकार र संसदले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् १३२५ का शब्द र त्यसका सहायक प्रस्तावहरूले महिला तथा किशोरी, विशेषगरी द्वन्द्व प्रभावित क्षेत्रहरूमा बसोबास गर्नेमा कसरी कार्यान्वयन गर्नसक्छन् ?

## महिला, शान्ति तथा सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रस्तावहरूको कानुनी रुपान्तरण

सन् २००० मा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् १३२५ को अनुमोदन भएयता देखा परेका एजेण्डा सम्बन्धमा परिपूरक प्रस्ताव आएका छन् । उदाहरणका लागि प्रस्ताव १८२०, १८८८, १९६० र २१०६ ले यौन हिंसा र बलात्कार युद्धको हतियारका रुपमा प्रचलित रहेको अवस्थाप्रति ध्यान आकर्षित गर्दै सरकारहरूलाई तत्काल कदम चाल्न आह्वान गरेका छन् ।

संसदले यी प्रस्ताव कार्यान्वयन गर्न चालेको प्रयासका प्रतिवेदन प्रस्तुत गर्न थालेका छन् ।[७] उदाहरणका लागि, **क्रोएसिया**ले महिला, शान्ति तथा सुरक्षा प्राथमिकतासम्बन्धी २०१८

७. सारह फेरब्याक र अउड्रे रिभ्सको महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अघि बढाउनमा नाटो सदस्य राष्ट्रहरूको भूमिका : नाटो संसदीय सभाको सर्वेक्षण (२०१८), डीसीएएफ, जेनेभा, पृ. १२ र १३

नाटो अध्ययनका रुपमा आफूले एतिहासिक घरेलु युद्धमा गणतन्त्र क्रोएसियाविरुद्ध सैन्य आक्रमणमा यौन हिंसाका पीडितहरूको अधिकारसम्बन्धी ऐन पारित गरेको प्रतिवेदन प्रस्तुत गरेको थियो। यो ऐन सन् १९९१ देखि ९५ सम्म भएको युद्धमा भएका यौन हिंसाको प्रतिकार्य स्वरुप आएको थियो। यसअनुसार बलात्कार पीडितले राहतस्वरुप एकमुष्ट रुपमा क्रोएसियाली मुद्रा १००,००० (करिब १४,५०० अमेरिकी डलर) का साथै भत्ता, निःशुल्क मनोविमर्श, स्वास्थ्य सेवा र कानुनी सहायताबापत मासिक रुपमा क्रोएसियाली मुद्रा २,५०० प्राप्त गर्छन्।[८] युद्धका समयमा भएको महिलाविरुद्ध हिंसाबापत आर्थिक परिपूरण प्रदान गर्ने यो पहिलो कानुन हो।

**लात्भियाको** साइमा अर्थात् संसदले सन् २०१५ मा आश्रय कानुन पारित गऱ्यो। यो कानुनअनुसार "आश्रय माग्ने व्यक्तिको यौन, यौन झुकाव वा लैङ्गिक पहिचानसहित उसको व्यक्तिगत वा सामान्य अवस्था बुझ्न सक्ने पर्याप्त क्षमता भएको" अधिकारीले आश्रय वा शरण माग्ने व्यक्तिको अन्तर्वार्ता लिनुपर्छ।[९] क्रोएसियाले सन् २०१५ मा अन्तर्राष्ट्रिय तथा अस्थायी संरक्षण ऐन पनि पारित गऱ्यो ,। जसले "विशेष कार्यविधि र आतिथ्य प्रत्याभूतिहरू" मार्फत लिङ्ग, यौन झुकाव, लैङ्गिक पहिचान र बलात्कार तथा यौन हिंसा सामना गर्नुपरेको अवस्थामा) पीडितको व्यक्तिगत परिस्थितिसहित आवेदनका लागि उपयुक्त सहायता" सुनिश्चित गर्दछ।[१०]

## सांसद र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरु : महिला, शान्ति र सुरक्षाबारे जनचेतना जगाउने र संसदमा पूर्वतयारीको मापन गर्ने

- संसद सेवाका कर्मचारीले सांसदहरूलाई महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डाबारे सामग्री (जस्तै : यो हातेपुस्तिका, मुख्य प्रस्तावहरू, महिला, शान्ति तथा सुरक्षा कार्ययोजना, महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय प्रतिवेदन तथा सूचना) वितरण गरेर संसदमा महिला, शान्ति तथा सुरक्षाका बारेमा जनचेतना जगाउन सक्छन्।
- महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डाबारे सांसदहरूका लागि गोष्ठी आयोजना गर्न इच्छुक सांसद, महिला कःकस वा संसदीय समितिहरूले कर्मचारी, नागरिक समाजका संस्था वा विकास साझेदारहरूसँग काम गर्न सक्छन्।

८. (2015) "Croatia: Legislation Gives Benefits to War-Time Rape Victims," Library of Congress: Washington DC, 5 June, http://www.loc.gov/law/foreign-news/article/croatia-legislation-gives-benefits-to-war-time-rape-victims/; (undated) "Compensation for Croatian survivors of sexual violence in conflict, 20 years after the war," Global Fund for Women, https://www.globalfundforwomen.org/rosa-croatia/#.XBIEPmgzbZs
९. Ibid. p.13.
१०. Ibid. p.13.

- इच्छुक सांसद, महिला कःकस वा संसदीय समितिहरूले यो हातेपुस्तिकामा प्रस्तुत प्रश्नहरूको आधारमा महिला, शान्ति तथा सुरक्षाका विषयमा स्वमूल्याङ्कन गर्न सक्छन् । त्यस्ता स्वमूल्याङ्कनले बाह्य सरोकारवालाहरू (जस्तै : महिला सङ्घसंस्था, स्थानीय राजनीतिज्ञ र नागरिक समाजका अगुवा, विकास साझेदारहरू) लाई संलग्न गराएर लाभ लिन सक्छन्, जसले सहयोगस्वरुपमा आफ्ना विशेषज्ञता, स्रोत वा सहजीकरण उपलब्ध गराउन सक्छन् ।

## संसदका लागि प्रश्नहरू

- महिला, शान्ति तथा सुरक्षाका सवालमा एजेण्डा सांसदहरूका लागि कुनै जानकारी सत्र वा तालिम आयोजना भएका छन् ?
  - ✓ राष्ट्रिय निर्वाचनपछि संसदले सांसदहरूका लागि आयोजना गर्ने अभिमुखीकरण कार्यक्रममा लैङ्गिकता र/वा महिला, शान्ति तथा सुरक्षासम्बन्धी सत्र/विषय समावेश हुन्छ ?
  - ✓ सांसदहरूलाई महिला, शान्ति तथा सुरक्षाको एजेण्डामा जानकारी सत्र वा तालिमका लागि संसदले राष्ट्रिय महिला, शान्ति तथा सुरक्षा सम्पर्क व्यक्ति (फोकल पयन्ट) वा सम्बन्धित विभागमा सम्पर्क गरेको छ ?
- संसद सचिवालय वा सम्बन्धित सरकारी विभागले सांसदहरूलाई महिला, शान्ति तथा सुरक्षासम्बन्धी कुनै जानकारीमूलक सामग्री उपलब्ध गराएको वा सूचना गोष्ठीको आयोजना गरेको छ ?
  - ✓ संसद र महिला, शान्ति तथा सुरक्षा एजेण्डासम्बन्धी यो विश्वव्यापी हातेपुस्तिका सबै सांसदलाई उपलब्ध गराइएको छ ?
- संसदले महिला, शान्ति तथा सुरक्षा एजेण्डाको समीक्षा गरी त्यस सम्बन्धमा अघि बढ्न प्राथमिकतामा सहमति गरेको छ ?

अध्याय २

# महिला, शान्ति र सुरक्षाको एजेण्डालाई अन्तर्राष्ट्रिय विकास ढाँचासँग मिलान गर्ने

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् प्रस्ताव १३२५ को अनुमोदनयता सदस्य राष्ट्रहरूले महिलाको शान्ति र सुरक्षा कसरी सुनिश्चित गर्न सक्छन् भन्नेबारे थप मागदर्शन गर्ने अन्य प्रस्तावमा सहमति भएको छ। त्यही समयमा अन्तर्राष्ट्रिय समुदायले यस एजेण्डामा विश्वव्यापी ढाँचा पनि कार्यान्वयन गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घको दुई वटा प्रमुख प्रतिवेदनहरू - शान्ति स्थापना कार्यसम्बन्धी उच्चस्तरीय स्वतन्त्र विज्ञ समूहको प्रतिवेदन[११] र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को कार्यान्वयनसम्बन्धी विश्वव्यापी अध्ययन[१२] को प्रकाशनपछि संयुक्त राष्ट्रसङ्घ महासभा र सुरक्षा परिषद्ले अप्रिल २०१६ मा परिपूरक “शान्ति निर्माण प्रस्तावहरू” (“दिगो शान्ति प्रस्तावहरू” भन्ने गरिएको)[१३] पारित गऱ्यो, जसले द्वन्द्वका सबै चरण र आयाममा शान्तिलाई सम्बोधन गरेको छ र त्यसमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र त्यसपछिका प्रस्तावअनुरुप महिला तथा किशोरीका आवश्यकतालाई विशेष जोड दिइएको छ। राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र अन्य अन्तर्राष्ट्रिय प्रस्ताव विभिन्न उपायका संयुक्त संग्रह हुन् जसलाई सदस्य राष्ट्रहरूले कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन्।

## एजेण्डा २०३० र दिगो विकासका लक्ष्यहरूसँग मिलान

सेप्टेम्बर २०१५ संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्रहरूले “हाम्रो विश्वलाई रुपान्तरण गर्ने : दिगो विकासका लागि २०३० एजेण्डा” (२०३० एजेण्डा) अनुमोदन गरे। २०३० एजेण्डालाई १७ वटा दिगो विकासका लक्ष्यहरूको[१४] साथ छ। यसमा दिगो आर्थिक, वातावरणीय र सामाजिक

११. संयुक्त राष्ट्रसङ्घ शान्ति स्थापना कार्यसम्बन्धी उच्चस्तरीय विज्ञ समूह,'Uniting Our Strengths for Peace — Politics, Partnerships, and People: संयुक्त राष्ट्रसङ्घ शान्ति स्थापना कार्यसम्बन्धी उच्चस्तरीय विज्ञ समूहको प्रतिवेदन (संयुक्त राष्ट्रसङ्घ, २०१५), https://www.un.org/en/ga/search/view_doc.asp?symbol=S/2015/446.

१२. राधिका कुमारास्वामी, *Preventing Conflict, Transforming Justice, Securing the Peace: A Global Study on the Implementation of United Nations Security Council Resolution 1325* (युएन वुमन, २०१५)।

१३. 'A/RES/70/262: संयुक्त राष्ट्रसङ्घको शान्ति निर्माण ढाँचाको समीक्षा,' https://www.un.org/en/development/desa/population/migration/generalassembly/docs/globalcompact/A_RES_70_262.pdf संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव २२८२ (२०१६)1, https://undocs.org/pdf?symbol=en/S/RES/2282(2016).

१४. दिगो विकास लक्ष्यहरूले सन् २००१-२०१५ सम्म हासिल गरिसक्नुपर्ने सहस्राब्दी विकास लक्ष्यहरूलाई प्रतिस्थापन गरेको छ।

विकासलाई मार्गनिर्देशित गर्ने विश्वव्यापी दीर्घकालीन विकासका उद्देश्यहरू समावेश छन्। एजेण्डा २०३० जनवरी १, २०१६ देखि लागू भएको हो। सबै देशहरू डिसेम्बर २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गर्ने योजना तथा कार्यान्वयन प्रयासका साथ अघि बढेका छन्।

**रेखाचित्र ३ दिगो विकासका लक्ष्यहरू**

**लक्ष्य १.** सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने

**लक्ष्य २.** भोकमरी अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने

**लक्ष्य ३.** स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने

**लक्ष्य ४.** सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने

**लक्ष्य ५.** लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीको सशक्तीकरण गर्ने

**लक्ष्य ६.** सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने

**लक्ष्य ७.** सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने

**लक्ष्य ८.** सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने

**लक्ष्य ९.** बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई समावेशी तथा दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने

**लक्ष्य १०.** देशभित्रै वा देशहरूबीच रहेको असमानता न्यून गर्ने

**लक्ष्य ११.** सहरहरूलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने

**लक्ष्य १२.** दिगो उपभोग तथा उत्पादनको ढाँचा सुनिश्चित गर्ने

**लक्ष्य १३.** जलवायु परिवर्तन तथा यसका प्रभावविरुद्ध लड्न तत्काल कारबाही थाल्ने

**लक्ष्य १४.** समुद्र, महासागर र समुद्री स्रोतहरूको संरक्षण तथा दिगो प्रयोग

**लक्ष्य १५.** वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षति रोक्ने

**लक्ष्य १६.** दिगो विकासका लागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा समान पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको विकास गर्ने

**लक्ष्य १७.** दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने र कार्यान्वयनका माध्यम सुदृढ गर्ने।

महिला, शान्ति र सुरक्षाको सबाल सन् २००० मा अनुमोदन भए पनि सन् २०१५ मा अलवम्बन गरिएको दिगो विकासका लक्ष्यहरूले त्यसलाई प्रतिस्थापन गरी परिपूरण गर्ने काम गर्छ। दिगो विकासका लक्ष्यहरूले सन् १९९५ मा सहमति भई महिला, शान्ति तथा सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्रयासलाई अगाडि बढाएको बेइजिङ घोषणापत्र र कार्ययोजनामा उल्लिखित लैङ्गिक समानताका विश्वव्यापी प्रतिबद्धतालाई पनि सहयोग पुऱ्याउँछन्। तिनै प्रयासबाट नै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को जन्म भएको हो। दिगो विकासका लक्ष्यमा बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र त्यसपछिका प्रस्तावका उद्देश्यहरू समावेश गरिएका छन्। ती प्रतिबद्धता कार्यान्वयन गर्ने प्रयासले लक्ष्य ५ (लैङ्गिक समानता), लक्ष्य ८ (मर्यादित श्रम र आर्थिक वृद्धि) र लक्ष्य १६ (समावेशी शासन र शान्ति) प्राप्तिमा योगदान पुग्नेछ।




**लक्ष्य ५** ले राष्ट्रहरूलाई लैङ्गिक समानता र सबै महिला तथा किशोरीको सशक्तीकरण गर्न प्रतिबद्ध बनाउँछ। लक्ष्य ५ लाई छ वटा परिमाणात्मक लक्ष्यहरूमा विभाजन गरिएको छ। परिमाणात्मक लक्ष्य ५.२ ले सरकारहरूलाई "बेचबिखन तथा यौन शोषणलगायत सार्वजनिक तथा निजी क्षेत्रहरूमा सबै महिला तथा किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसाको उन्मूलन गर्न" विशेष आह्वान गर्दछ। यो महिला, शान्ति र सुरक्षा सवालकै मार्गमा छ। महिलाविरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्ने (परिमाणात्मक लक्ष्य ५.१) र निर्णय प्रक्रियामा महिलाको भूमिका बढाउने (परिमाणात्मक लक्ष्य ५.५) पनि त्यही मार्गमा छन्। पछिल्लो परिमाणात्मक लक्ष्य सांसदहरूका लागि विशेष रुपमा सान्दर्भिक छ। अन्तर संसद सङ्घ (आईपीयू) को अनुसन्धानले आफ्नो काम गर्ने वातावरणमा महिला सांसद र कर्मचारी दुवै लैङ्गिक भेदभाव, दुर्व्यवहार र हिंसाको जोखिममा हुने औंल्याएको छ।[१५] दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य ५.५ लाई महिला, शान्ति तथा सुरक्षाको सवालसँगै राखेर पढ्ने हो भने त्यसले व्यवस्थापिकाको काममा महिलाका लागि समान रुपमा सहभागी हुन सुरक्षित अवस्था सुनिश्चित गर्ने संसदको नीति तथा संयन्त्रहरू छन् वा छैनन् भनेर सोच्न प्रोत्साहित गर्दछ।




**लक्ष्य ८** ले सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्न राज्यहरूलाई प्रतिबद्ध बनाउँछ। लक्ष्य ८ लाई दश वटा परिमाणात्मक लक्ष्यहरूमा विभाजन गरिएको छ। यसका अधिकांश परिमाणात्मक लक्ष्य द्वन्द्व प्रभावित सन्दर्भमा समेत महिलाका

१५. एजेण्डा संक्षेप : युरोपको संसदमा महिलाविरुद्ध लिङ्गवाद, उत्पीडन र हिंसा (अक्टोबर, २०१८), आईपीयू : जेनेभा, https://www.ipu.org/file/5472/download?token=PjtucdkS.

लागि सुरक्षित हुनुपर्ने विषयमा प्रत्यक्ष सम्बन्धित छन्। परिमाणात्मक लक्ष्य ८.५ ले "सबै पुरुष र महिलाका लागि मर्यादित काम" को आह्वान गर्छ भने परिमाणात्मक लक्ष्य ८.७ ले बलजफ्ती श्रम, आधुनिक दासत्व र मानव बेचबिखन अन्त्यका लागि आग्रह गर्दछ। परिमाणात्मक लक्ष्य ८.८ ले महिला आप्रवासी र जोखिमपूर्ण रोजगारीमा रहेकासहित सबै श्रमिकका लागि काम गर्ने सुरक्षित वातावरणको आह्वान गर्दछ।




**लक्ष्य** १६ ले दिगो विकासका लागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्दै न्यायमा सबैको समान पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको विकास गर्ने प्रतिबद्धता जनाउँछ। कुनै पनि देशको विकासका आकांक्षाका लागि दिगो विकासका कुन कुन लक्ष्यहरू बढी महत्त्वपूर्ण छन् भन्ने बारेमा देशहरूभित्र प्रायः बहस हुने गर्छ। आर्थिक वृद्धि, गरिबी न्यूनीकरण, स्वास्थ्य वा शिक्षामा केन्द्रित सरकारहरूका लागि लक्ष्य १६ कम महत्त्वका रुपमा देखापर्छ। यद्यपि, लक्ष्य १६ मा लगानी नगर्नुका जोखिम धेरै छन्ः द्वन्द्व र हिंसाले विकासका उपलब्धिलाई उल्टाउन सक्छ; अन्याय र बहिष्करणले हिंसालाई बल पुऱ्याउन सक्छ। असुरक्षा, न्यायमा पहुँच नहुनु र असमानता चक्रीय हुन्छन्। यी समस्याले एकअर्कालाई बल पुऱ्याउने हुँदा हिंसात्मक द्वन्द्व निम्त्याउन सक्छ।[१६] लक्ष्य १६ लाई १२ वटा परिमाणात्मक लक्ष्यहरूको साथ छ। यीमध्ये केही विधिको शासन, हिंसाबाट संरक्षण र द्वन्द्वका कारण र असर सम्बोधनमा केन्द्रित छन्। परिमाणात्मक लक्ष्य १६.७ सबै तहमा जवाफदेही, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्नेतर्फ केन्द्रित छ। यसले लैङ्गिक रुपमा उत्तरदायी निर्णय प्रक्रिया प्रवर्द्धन गर्न संसदको भूमिका के हो भन्ने विषयमा प्रकाश पार्छ। यस अवधारणाले महिलाको शान्ति र सुरक्षा समाजको शान्ति र सुरक्षाबाट अलग राख्न नसकिने र महिला, शान्ति तथा सुरक्षाका सवालसहित शान्ति, न्याय र समावेशीकरणसम्बन्धी कानुनहरू अवलम्बन गरिएको सुनिश्चित गर्न संसदको ज्यादै महत्त्वपूर्ण भूमिका रहेको कुरालाई मान्यता प्रदान गर्दछ।

१६. शान्तिपूर्ण, न्यायसंगत र समावेशी समाजसम्बन्धी प्रगति प्रतिवेदन कार्यका लागि अन्तर्राष्ट्रिय गठबन्धन, 'Enabling the implementation of the 2030 Agenda through SDG 16+: Anchoring peace, justice and inclusion,' संयुक्त राष्ट्रसङ्घ, न्युयोर्क, २०१९, www.sdg16hub.org.

## दिगो विकास लक्ष्यको कार्यान्वयन प्रवर्द्धन्का लागि संसदीय प्रयासहरु

दिगो विकासका प्रयासलाई स्वदेशमा र विश्वभरी समर्थन गर्न संसदको महत्त्वपूर्ण भूमिका रहेको छ।

सन् २००० देखि २०१५ सम्म विश्वव्यापी विकासको एजेण्डा सहस्राब्दी विकासका लक्ष्यहरूबाट निर्देशित थियो। यी लक्ष्यहरू विशेषगरी सरकारका कार्यकारी अंगले विकास गरेका आठ वटा लक्ष्यका समूह थिए। सन् २०१५ मा यी लक्ष्यलाई २०३० एजेण्डा र दिगो विकासका लक्ष्यहरू(दिगो विकास लक्ष्य) ले प्रतिस्थापन गरे, जसको विकास क्षेत्रीय समूहहरू र अन्तर्राष्ट्रिय अन्तरसंसद सङ्घ (आईपीयू) मार्फत सांसदको योगदानसहित अझ बढी सहभागितामूलक विधिद्वारा गरिएको थियो।

दिगो विकासका लक्ष्यहरूले महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई पुनः जोड दिन्छन्। दिगो विकासका लक्ष्य र महिला, शान्ति तथा सुरक्षा दुवैले शान्ति, द्वन्द्व र विशेषगरी महिला तथा किशोरीको समावेशीकरण एकअर्कासँग गहिरो रुपमा सम्बन्धित रहेको बुझाइलाई प्रतिबिम्वित गर्छन्।

२०३० एजेण्डा अनुमोदन यता सांसद्हरू दिगो विकासका लक्ष्यहरू कार्यान्वयनमा सक्रिय साझेदारका रुपमा संलग्न रहेको सुनिश्चित गर्न विशेष ध्यान केन्द्रित गरिएको छ। दिगो विकासका लक्ष्यको एजेण्डालाई प्रभावकारी रुपमा अगााडि बढाउन कानुन निर्माण, बजेट विनियोजन, निगरानी र प्रतिनिधिमूलक भूमिकालाई कसरी सबैभन्दा उपलब्धिमूलक बनाउन सकिन्छ भन्ने बारेमा सांसदहरूलाई सहयोग पुऱ्याउन दुई वटा मार्गनिर्देशिका प्रकाशित भएका छन् :

- दिगो विकास लक्ष्यहरू कार्यान्वयनमा संसदको भूमिका : संसदीय हातेपुस्तिका ) *Parliament's Role in Implementing the Sustainable Development Goals: A Parliamentary Handbook) (UNDP, GOPAC, IDB).*[१७]
- संसद र दिगो विकास लक्ष्यहरू : स्वमूल्याङ्कन सहायता सामग्री *(Parliaments and the Sustainable Development Goals: A self-assessment toolkit (UNDP, IPU).*[१८]

उल्लिखित सहायता सामग्रीमा आधारित भएर संसदीय स्वमूल्याङ्कनलाई सहजीकरण गर्न यूएनडीपी र आईपीयूले विश्वभरका संसदसँग काम गर्दै आउनुका साथै दिगो विकास लक्ष्य कार्यान्वयनमा आफ्नो संसदले व्यवस्थित ढंगबाट कसरी सहयोग गर्न सक्छ भन्नेबारेमा निर्धारण गर्नका लागि सांसद्हरूलाई सहयोग पुऱ्याउँदै आएका छन्। महिला, शान्ति तथा सुरक्षाको

१७. दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा संसदहरूको भूमिका : संसदीय हातेपुस्तिका (UNDP, GOPAC, IDB), https://www.undp.org/content/dam/serbia/Publications%20and%20reports/English/DobraUprava/UNDP_SRB_Parliaments%20role%20in%20implementing%20the%20SDGs.pdf.

१८. संसद र दिगो विकास लक्ष्यहरू : स्वमूल्याङ्कन साधन (यूएनडीपी, आइपीयू), https://www.ipu.org/resources/publications/handbooks/2017-01/parliaments-and-sustainable-development-goals-self-assessment-toolkit.

एजेण्डालाई अघि बढाउन साझेदारका रुपमा संसदहरूको भूमिकासम्बन्धी यो हातेपुस्तिका *(Handbook on the Role of Parliaments as Partners in Advancing the Women, Peace and Security)* दिगो विकासको लक्ष्य ५ र महिला, शान्ति तथा सुरक्षामाथि विशेष जोडका साथ त्यस्तो दिगो विकासका लक्ष्यको स्वमूल्याङ्कनसँग प्रयोग गर्नेतर्फ लक्षित छ।

### सांसद र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरू : दिगो विकास लक्ष्यसम्बन्धी संसदीय प्रक्रियामा महिला, शान्ति तथा सुरक्षालाई एकीकृत गर्ने

- यदि संसदले दिगो विकास लक्ष्यहरूसम्बन्धी स्वमूल्याङ्कन गरेमा यस हातेपुस्तिकामा रहेका प्रश्नलाई दिगो विकास लक्ष्यहरूसम्बन्धी आफ्ना प्रयासमा संसदले महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई एकीकृत गरेको सुनिश्चित गराउने कार्यमा पूरकका रुपमा प्रयोग गर्न सकिनेछ।
- यदि संसदीय समितिहरूलाई दिगो विकास लक्ष्यहरूको निगरानी गर्ने जिम्मेवारी प्राप्त भएमा यी समितिले लक्ष्य ५ (लैङ्गिक समानता), लक्ष्य ८ (मर्यादित काम) र लक्ष्य १६ (शान्ति, न्याय र समावेशीकरण) लाई सहयोग पुग्ने गरी महिला, शान्ति तथा सुरक्षा एजेण्डा कार्यान्वयनमा भएको प्रगतिको पनि समीक्षा गर्न सक्छन्। संसदीय समितिहरूमार्फत महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई प्रवर्द्धन गर्नेबारेमा थप जानकारीका लागि अध्याय ८ हेर्नुहोस्।

### संसदका लागि प्रश्नहरू

- संसदमा दिगो विकास लक्ष्यहरू कार्यान्वयनको प्रगति अनुगमन गर्ने कार्यादेश भएको कुनै समिति छ र/वा दिगो विकासका एजेण्डालाई कुनै एक वा बढी समितिहरूको कार्यादेशमा मूलप्रवाहीकरण गरिएको छ ?
- दिगो विकास लक्ष्यका राष्ट्रिय योजना तथा कार्यक्रममा महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई कसरी सर्वोत्तम तरिकाले समाहित गर्न सकिन्छ भन्ने बारेमा कुनै संसदीय समितिले अध्ययन-अनुसन्धान गरेको छ ?

## अन्तर्राष्ट्रिय मानवअधिकार ढाँचा र प्रक्रियाहरूसँग मिलान

संयुक्त राष्ट्रसङ्घको स्थापनायता आफ्ना जनता सुरक्षित, शान्तिपूर्ण र समृद्ध जीवन बाँच्न सकेको सुनिश्चित गर्न सदस्य राष्ट्रहरूको प्रतिबद्धताको केन्द्रमा मानवअधिकार संरक्षण र

प्रवर्द्धनका विषय रहँदै आएका छन् ।। यी प्रतिबद्धतालाई सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा अभिव्यक्त गरिएको थियो। त्यसपछि आएका धेरै घोषणापत्र तथा महासन्धिमा विश्वव्यापी घोषणापत्रका आधारभूत सिद्धान्तलाई थप व्याख्या गर्ने काम भएको छ। ती घोषणापत्र र महासन्धिमा यी प्रतिबद्धता कार्यान्वयनको नियमित अनुगमन राष्ट्रसङ्घीय समिति तथा प्रक्रियाका साथै नागरिक समाजका समूहमार्फत हुँदै आएको छ। तीमध्ये सबैभन्दा सान्दर्भिक मानवअधिकारका ढाँचा र प्रक्रियालाई देहायअनुसार व्याख्या गरिएको छ :

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडः)**

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को अनुमोदनअघि महिला अधिकार र लैङ्गिक समानतालाई जीवनको हरेक पक्षमा सुनिश्चित गर्नेतर्फ लक्षित अन्तर्राष्ट्रिय ढाँचाहरू विद्यमान थिए, तिनमा शान्तिलाई पूर्वसर्तका रुपमा लिइने विषय पनि समावेश थियो। सात वटा मुख्य अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमध्ये एउटा महिला अधिकारप्रति विशेष रुपमा समर्पित थियो, जसको नाम महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडः) रहेको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र आदिवासीहरूको अधिकारसम्बन्धी घोषणापत्रले पनि महिला तथा किशोरीको पहिचानको पारस्परिकतालाई सम्बोधन गर्छन्, जुन अवधारणाले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ लाई कार्यान्वयन गर्ने प्रयासलाई पनि सुसूचित गर्दछ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ मा थप व्याख्या गरिएको शान्ति तथा सुरक्षाका प्राथमिकताहरूको आधार स्पष्ट रुपमा सिडः हो। सिडःको मस्यौदा सन् १९७९ मा तयार भई सन् १९८१ बाट लागू भएको हो। सिडः संयुक्त राष्ट्रसङ्घको इतिहासमा सबैभन्दा बढी अनुमोदन भएको सन्धि बन्न पुगेको छ। यसलाई १८९ वटा सदस्य राष्ट्रले अनुमोदन गरेका छन्[१९] (इरान, पलाऊ, सोमालिया, सुडान, टोङ्गा र संयुक्त राज्य अमेरिकाले भने अनुमोदन गरेका छैनन्) । यसले अधिकार र दायित्वको एउटा ढाँचा प्रस्तुत गर्दै राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा विद्यमान भेदभाव र असमानता अन्त्यका लागि कदम चाल्न सदस्य राष्ट्रहरूलाई आह्वान गर्दछ।

सिडःका कुनै पनि प्रावधानमा महिला, शान्ति तथा सुरक्षाको एजेण्डा समावेश छैन। तर प्रस्तावनामा “शान्तिको कारकका लागि सबै क्षेत्रमा पुरुषसरह समान रुपमा महिलाको अत्यधिक सहभागिता आवश्यक हुन्छ” भनी स्वीकार गरिएको छ। पक्ष राष्ट्रहरूलाई अझ स्पष्ट मार्गनिर्देशन गर्न, संयुक्त संयुक्त राष्ट्रसङ्घ सिडः समितिले सन् २०१३ मा द्वन्द्व निवारण, द्वन्द्व र द्वन्द्वपछिको अवस्थामा महिलासम्बन्धी साधारण सिफारिस नं ३० जारी गऱ्यो।, त्यसमा द्वन्द्वअघि, द्वन्द्वको

१९. महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडः),
https://treaties.un.org/Pages/ViewDetails.aspx¿src=TREATY&mtdsg_no=IV-8&chapter=4&lang=en.

समयमा र द्वन्द्वपछि महिलाको अधिकार संरक्षित गरिएको सुनिश्चित गर्ने केही उपाय प्रस्तुत गरिएको थियो। यस सिफारिसले स्पष्ट रुपमा महिला, शान्ति तथा सुरक्षा एजेण्डासँग सिडःको सम्बन्धलाई पुष्टि गर्दछ। सिडः सबै प्रकारका द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा लागू हुने कुरा स्पष्ट गर्दै यसले हिंसाका साथै न्याय, शिक्षा, रोजगारी र स्वास्थ्यको पहुँचमा रहेका चुनौतीसहित ती अवस्थामा महिलाले सामना गर्ने महत्त्वपूर्ण चुनौतीलाई सम्बोधन गर्दछ। यसले गैरराज्य पक्षबाट हुने महिलाविरुद्धका अपराधका सम्बन्धमा आवश्यक तत्परता सुनिश्चित गर्ने पक्ष राष्ट्रहरूको दायित्वका सम्बन्धमा पनि मार्गनिर्देशन गराउँछ।

*सिडः साधारण सिफारिस नं ३० सम्बन्धी विस्तृत जानकारीका लागि, कृपया साधारण सिफारिस नं ३० सम्बन्धी युएन वुमनको स्रोत पुस्तक हेर्नुहोस्। यस हातेपुस्तिकाको अन्त्यमा दिइएको स्रोत सामग्रीको सूची हेर्नुहोस्।*

## सिडः र संयुक्त राष्ट्रसङ्घ सुरक्षा प्रस्ताव १३२५ कार्यान्वयनको सुपरीवेक्षणमा संसदीय वैदेशिक मामिला/अन्तर्राष्ट्रिय सम्बन्ध समितिहरूको भूमिका

हरेक मुलुकको व्यवस्थापिकामा अन्तर्राष्ट्रिय सम्बन्ध वा वैदेशिक मामिलासम्बन्धी विषय हेर्ने कार्यादेश प्राप्त एउटा संसदीय समिति हुन्छ।

संसदीय समितिले महिला, शान्ति र सुरक्षाको एजेण्डासम्बन्धी राष्ट्रिय प्रयासहरूको सुपरीवेक्षणमा, विशेषगरी सिडः कार्यान्वयनको सुपरीवेक्षण गर्दा सक्रिय भूमिका निर्वाह गर्न सक्छन्। सिडः अनुमोदन गर्ने सबै राष्ट्रले महिला, शान्ति र सुरक्षाका एजेण्डासहित कार्यान्वयनका सम्बन्धमा संयुक्त संयुक्त राष्ट्रसङ्घ सिडः समितिमा नियमित रुपमा प्रतिवेदन प्रस्तुत गर्नुपर्छ। सन् २०१० मा सिडः समितिले सिडःका सम्बन्धमा संसदको भूमिकाबारे मार्गदर्शन जारी गऱ्यो (परिशिष्ट १ हेर्नुहोस्)। उदाहरणका लागि, राष्ट्रिय सिडः प्रतिवेदनहरू संसदमा छलफलका लागि प्रस्तुत हुनुपर्छ। यो कार्य कम्तीमा पनि सम्बन्धित संसदीय समितिबाट हुनुपर्छ। सिडः समितिले सरकारलाई लिखित सिफारिस गरेपछि त्यसलाई संसदमा पेस गरी लागू गर्न ससंद्ले के-कस्तो कदम चाल्नुपर्छ भन्नेबारेमा पहिचान गर्नुपर्छ।

सिडः समितिका सिफारिसमा प्रायः कानुन सुधारका प्राथमिकताहरूका सम्बन्धमा मार्गदर्शन हुने गर्छ।

### संयुक्त राष्ट्रसङ्घीय विश्वव्यापी आवधिक समीक्षा (युपिआर) प्रक्रिया

सदस्य राष्ट्रले सहमति जनाएका हरेक मुख्य मानव अधिकार दस्तावेजमा कार्यान्वयनको सुपरीवेक्षण गर्ने एउटा विधि हुन्छ। सिडःअन्तर्गत संयुक्त राष्ट्रसङ्घ सिडः समिति रहेको छ। सदस्य राष्ट्रलाई आफ्नो प्रगतिबारे नियमित रुपमा प्रतिवेदन बुझाउन आवश्यक ठहर गर्ने अन्य

समितिहरू स्थापना गरिएका छन्। सन् २००६ मा राष्ट्रिय मानवअधिकार प्रतिवेदन प्रस्तुत गर्ने क्रममा अझ विस्तृत अवधारणालाई बल पुऱ्याउने प्रयासमा संयुक्त राष्ट्रसङ्घले विगतको मानव अधिकारसम्बन्धी राष्ट्रसङ्घीय आयोगलाई नयाँ राष्ट्रसङ्घीय मानव अधिकार परिषद् (युएनएचआरसी) ले प्रतिस्थापन गरी विश्वव्यापी आवधिक समीक्षा प्रक्रियाको थालनी गऱ्यो। त्यसअनुसार राज्यहरूले मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणमा आफूले गरेको प्रगतिबारे हरेक पाँच वर्षमा सो परिषद्समक्ष प्रतिवेदन प्रस्तुत गर्नुपर्छ।[२०]

विश्वव्यापी आवधिक समीक्षा (युपीआर) प्रक्रियाको विकास "मानव अधिकारसम्बन्धी राज्यको अभिलेखको समीक्षा र मानव अधिकार उल्लङ्घनका घटना सम्बोधन गरी स्थलगत रुपमा मानव अधिकारको प्रवर्द्धन तथा संरक्षणलाई द्रुत गति प्रदान गर्ने, सहयोग तथा विस्तार गर्न" का लागि गरिएको हो। राज्यहरूलाई प्राविधिक सहायता प्रदान गर्ने र मानव अधिकारसम्बन्धी चुनौतीलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने उनीहरूको क्षमता अभिवृद्धि गर्ने र राज्य तथा अन्य सरोकारवालाहरूबीच मानव अधिकारका क्षेत्रका असल अभ्यास अदानप्रदान गर्ने पनि यसको उद्देश्य रहेको छ।[२१] युपिआर महिला, शान्ति तथा सुरक्षा एजेण्डाको मानव अधिकार प्रभावलाई सम्बोधन गर्ने एउटा उपयोगी मञ्च हो। राज्यले आफ्ना सबै अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिबद्धताबारे प्रतिवेदन बुझाउनुपर्छ। जसले मूल्याङ्कन गर्ने राज्यहरूलाई द्वन्द्व र अस्थिरताबाट प्रभावित महिला तथा किशोरीसँग अन्तरसम्बन्धित एजेण्डाबारे आफ्ना धारणा र सिफारिस प्रस्तुत गर्ने अवसर प्रदान गर्छ।

### युपिआर प्रक्रियामा संसदीय संलग्नता

युपिआर प्रक्रियामा संलग्नतामार्फत मानवअधिकारको संरक्षण र संवर्द्धनमा व्यवस्थापिकाको महत्त्वपूर्ण भूमिका हुन्छ। उदाहरणका लागि सांसद वा संसदीय समितिहरूले देहायका कार्य गर्न सक्छन् :

- युपिआर प्रतिवेदनको मस्यौदा समीक्षाका लागि कार्यकारीबाट माग गर्ने।
- मानवअधिकार परिषद्मा युपिआर प्रतिवेदन प्रस्तुत गर्ने प्रतिनिधिमण्डलमा सहभागी भई परिषद्का जिज्ञासा तथा सिफारिस प्रत्यक्ष रुपमा सुन्ने।
- राष्ट्रिय युपिआर प्रतिवेदनमाथिका सिफारिसको समीक्षा गर्ने, कानुनमा सुधार वा अन्य कार्यका लागि सिफारिस गर्ने।

२०. 'A/RES/60/251: मानवअधिकार परिषद्सम्बन्धी महासभाले १५ मार्च २००६ मा पारित गरेको प्रस्ताव,' https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/N05/502/66/PDF/N0550266.pdf?OpenElement.

२१. ओएचसीएचआर। यूपिआरसम्बन्धी आधारभूत तथ्यहरू https://www.ohchr.org/EN/HRBodies/UPR/Pages/BasicFacts.aspx.

सन् २०१८ मा संयुक्त राष्ट्रसङ्घले अन्तरसंसद सङ्घ (आईपीयू) सँगको सहकार्यमा मानवधिकार परिषद् र युपिआर प्रक्रियामा संसदको योगदानसम्बन्धी एउटा प्रतिवेदन प्रकाशित गऱ्यो।[२२] यो अध्ययनले विश्वभरी संसदले मानवअधिकारको प्रवर्द्धनमा आफ्नो अधिकार कसरी प्रयोग गरिरहेका छन् भन्ने बारेमा विस्तृत विवरण उपलब्ध गराएको छ। यसमा शान्ति र सुरक्षाका सन्दर्भमा महिला अधिकारसमेत समावेश छ। एउटा सर्वेक्षणमा सहभागी ५६ वटा देशमध्ये ३५ मा छुट्टै मानवअधिकार समिति रहेको र तिनका कार्यादेश फरक-फरक भए पनि धेरै कुरामा समानता रहेको उल्लेख छ। यसैगरी अध्ययन प्रतिवेदनमा कानुनी समीक्षा र संशोधनका लागि कदम चाल्ने, मानवअधिकारका दायित्व पूरा गर्ने कार्यकारीका प्रयासको संसदीय निगरानी र मानवअधिकारसम्बन्धी बहस तथा सुनुवाइमा सहभागी हुनेलगायत छन्।[२३] सो अध्ययनमा समावेश अनुसूचीले संसदीय मानवअधिकार समितिको गठन र सञ्चालन कसरी गर्ने भन्नेबारेमा संसदलाई मार्गनिर्देशन गर्दछ।

## सांसद र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरू : महिला, शान्ति तथा सुरक्षा, र सन्धिजन्य प्रतिवेदन प्रस्तुति

युपिआर र सन्धिजन्य प्रतिवेदन प्रस्तुतिले संसदका लागि महिला, शान्ति तथा सुरक्षाको एजेण्डामा संलग्न हुने धेरै अवसर प्रदान गर्दछन्।[२४]

- राष्ट्रिय युपिआर वा सिडः प्रतिवेदन तयारीका क्रममा संसदमा सुनुवाइ भई प्राप्त सिफारिसलाई कार्यकारी अंगले संयुक्त राष्ट्रसङ्घमा पेस गर्ने अन्तिम राष्ट्रिय प्रतिवेदनमा एकीकृत गराउन सक्छ। व्यवस्थापिकाले समुदाय र नागरिक समाजका प्रत्यक्ष सल्लाहसुझावको सहजीकरण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ।

२२. 'A/HRC/38/25: मानवअधिकार परिषद्को काममा संसदको योगदान र विश्वव्यापी आवधिक समीक्षा - राष्ट्रसंङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) को प्रतिवेदन,'

२३. ओएचसीएचआर सारांश प्रतिवेदन : मानवअधिकारमा संसदको संलग्नता बढाउने सम्बन्धी बैठक (अन्तरसंसद सङ्घ, २८ जुन २०१८)
https://www.ohchr.org/Documents/HRBodies/UPR/Parliaments/SideEventParliamentsSummary.docx

२४. 'A/HRC/38/25: मानवअधिकार परिषद्को काममा संसदको योगदान र विश्वव्यापी आवधिक समीक्षा - राष्ट्रसंङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) को प्रतिवेदन,"
https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/G18/135/75/PDF/G1813575.pdf?OpenElement.
Constance Hybsier,'The Universal Periodic Review and Parliament: Opportunities for Engagement'(PowerPoint presentation, Viet Nam, 10 December 2014), http://www.vn.undp.org/content/dam/vietnam/docs/Article/NA%20PDF%20Connie.pdf.
'Conclusions: Workshop on Strengthening The Role Of Parliamentarians In The Implementation Of Universal Periodic Review Recommendations'(IPU & Commonwealth Secretariat, 12 and 13 November 2012), http://archive.ipu.org/splz-e/hr12/conclusions.pdf.

- सांसदहरू युपिआर र सिडः प्रतिवेदनमाथि संयुक्त राष्ट्रसङ्घको समीक्षामा सहभागी हुन सक्छन् । केही राष्ट्रिय प्रतिनिधिमण्डलमा मानवअधिकार वा महिला अधिकारको क्षेत्र हेर्ने जिम्मेवारी प्राप्त सांसदलाई सहभागी गराइन्छ । महिला मानवअधिकारलाई अन्तर्राष्ट्रिय रुपमा पैरवी गर्ने सांसदहरूका लागि यो उत्कृष्ट अवसर हो ।
- युपिआर र सिडःका प्रतिवेदनहरू क्रमशः मानवअधिकार परिषद् र सिडः समितिले प्रकाशित गरेपछि सांसदहरूले सो प्रतिवेदन संसदमा प्रस्तुत गरी सम्बन्धित संसदीय समितिको सुझावसहित थप कदमका लागि सिफारिस गर्न आह्वान गर्न सक्छन् ।

## संसदका लागि प्रश्नहरू

- संयुक्त राष्ट्रसङ्घमा प्रतिवेदन प्रस्तुत गर्नेसहित संसदमा वैदेशिक मामिला हेर्ने कुनै समिति छ ?
- सरकारले संसदको राय लिन सिडः प्रतिवेदन र अन्य राष्ट्रसङ्घीय मानवअधिकार प्रतिवेदनहरू संसदमा प्रस्तुत गर्छ ?
- महिला, शान्ति र सुरक्षाको एजेण्डाका सम्बन्धमा राष्ट्रसङ्घीय मानवअधिकार निकायका कुनै सिफारिससहित राष्ट्रिय सिडः र युपिआर प्रतिवेदनको समीक्षा संसदीय समितिले गर्छ ?

अध्याय ३



# संसद र महिला, शान्ति तथा सुरक्षाको एजेण्डा


जनताबाट निर्वाचित प्रतिनिधिहरूको हैसियतमा महिला तथा किशोरीसहित सबै जनताले आफ्नो जीवन संरक्षित, सुरक्षित र शान्तिपूर्ण तरिकाले जिउन सकेको र सबैले शान्तिपूर्ण तथा सुरक्षित समाजको निर्माण गर्न समान अवसर प्राप्त गरेको सुनिश्चित गर्ने दायित्व सांसदहरूको हुन्छ। यसका लागि सांसदहरूले व्यवस्थापिकामा कानुन, बजेट, नीति तथा कार्यक्रमहरूको प्रवर्द्धन गर्न आफ्नो अधिकार प्रयोग गर्न सक्छन्।

## महिला, शान्ति र सुरक्षा, र संसदका मुख्य जिम्मेवारीहरु

सबैका लागि दिगो विकास हासिल गर्न आवश्यक जवाफदेही, समावेशी, सहभागितामूलक र पारदर्शी शासन व्यवस्था सुनिश्चित गर्ने कार्यमा सांसदहरू प्रमुख साझेदार हुन्। संसदको मुख्य जिम्मेवारी तथा अधिकार सांसदहरूलाई महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई प्रवर्द्धन गर्ने सघाउ पुऱ्याउनु हो।

देशैपिच्छे भिन्नभिन्न हुन सक्ने भए पनि व्यावहारिक रुपमा सबै व्यवस्थापिका सदस्यहरूको मुख्य जिम्मेवारी चारवटा हुने गर्छ। यी जिम्मेवारीमा कानुन निर्माण, बजेट अनुमोदन तथा निगरानी, कार्यकारी अंगमाथिको निगरानी तथा नियन्त्रण र प्रतिनिधित्व एवम् बाह्यपहुँच रहेका छन्।

यस मुद्दालाई सहयोग गर्न संसदका लागि केही प्रवेश विन्दुहरू तालिका १ मा संक्षेपीकरण गरिएको छ, र त्यसपछिका चार वटा अध्यायहरूमा यी अवधारणाबारे अझ विस्तृत छलफल गरिएका छन्।



## तालिका १ : व्यवस्थापिकाको मुख्य जिम्मेवारीमार्फत महिला, शान्ति र सुरक्षाको एजेण्डाका चार वटा स्तम्भलाई सहयोग

| | कानुन निर्माण | बजेटसम्बन्धी कार्य | निगरानी/अनुगमन | प्रतिनिधित्व/बाह्यपहुँच |
|---|---|---|---|---|
| **महिला, शान्ति र सुरक्षा योजना तथा अनुगमन** | ✓ कानुनमा महिला, शान्ति तथा सुरक्षासम्बन्धी प्रतिबद्धताहरूको समावेशीकरण<br>✓ महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना र महिला, शान्ति तथा सुरक्षा प्रतिवेदनहरूको निर्माणमा सरकारले गर्नुपर्ने कानुनी आवश्यकता | ✓ महिला, शान्ति तथा सुरक्षा समन्वय निकायका लागि महिला, शान्ति सुरक्षा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनलाई सहयोग तथा समन्वय गर्न आवश्यक स्रोतहरू<br>✓ महिला, शान्ति तथा सुरक्षा कार्यान्वयन गर्ने निकायहरूको क्षमता अभिवृद्धिका लागि स्रोतहरू<br>✓ महिला, शान्ति तथा सुरक्षाका लागि विनियोजित रकम उपलब्ध गराइएको र प्रभावकारी रुपमा खर्च गरिएको सुनिश्चित गर्न बजेट समितिद्वारा निगरानी | ✓ कार्यकारी अंगद्वारा महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना कार्यान्वयनको वार्षिक समीक्षा | ✓ महिला, शान्ति तथा सुरक्षा अन्तरसरकारी समन्वय समूहमा सांसदहरूको समावेशीकरण<br>✓ स्थानीय सरकार तथा नागरिक समाजका समूहहरूसँगको सहकार्यमा महिला, शान्ति तथा सुरक्षा एजेण्डासम्बन्धी स्थानीय सांसद सामुदायिक मञ्च<br>✓ सांसद र संसदले उनीहरूको महिला, शान्ति तथा सुरक्षासम्बन्धी कामलाई कसरी सहयोग गर्नसक्छन् भन्ने बारेमा महिला तथा युवा अधिकार अभियन्ता तथा समूहसँग बैठकहरू |
| **निवारण :** द्वन्द्वको निवारण र द्वन्द्व तथा द्वन्द्वपछिको अवस्थामाा हुने महिलाविरुद्धका सबै प्रकारका हिंसाको निवारण | ✓ संशोधनका लागि विद्यमान भेदभावपूर्ण कानुनहरूको पहिचान गर्न व्यवस्थापिकीय समीक्षा (जस्तैः विवाह, उत्तराधिकार, स्वामित्व, राष्ट्रियता)<br>✓ भेदभावविरुद्धका कानुनहरू<br>✓ लैङ्गिक समानतासम्बन्धी कानुन | ✓ कानुन कार्यान्वयन गर्ने जिम्मेवारी बोकेका संस्थाहरूलाई सहयोग गर्ने स्रोतहरू (जस्तैः लैङ्गिक आयोग, मानवअधिकार आयोग, न्याय मन्त्रालय, प्रहरी वा सुरक्षा क्षेत्र) | ✓ महिला, शान्ति र सुरक्षासम्बन्धी प्रतिवेदनसहित युपिआर, सिडः र महिला अधिकार र लैङ्गिकतामा आधारित हिंसासम्बन्धी सन्धि सबै निकायहरूबाट प्राप्त अन्य सिफारिसको नियमित समितिबाट समीक्षा | ✓ स्थानीय सरकार र नागरिक समाजसँगको सहकार्यमा सांसद सामुदायिक मञ्चहरूले स्थानीय तनाव र सम्भावित द्वन्द्वका उत्प्रेरकहरू र तिनका लैङ्गिक प्रभावहरूको सम्बोधन गर्ने |

| | कानुन निर्माण | बजेटसम्बन्धी कार्य | निगरानी/अनुगमन | प्रतिनिधित्व/बाह्यपहुँच |
|---|---|---|---|---|
| | ✓ हिंसात्मक अतिवाद निवारण कानुनहरू<br>✓ मानव तथा यौनजन्य बेचबिखनसम्बन्धी कानुनहरू | ✓ कार्यक्रमहरूका लागि स्रोतहरू (जस्तैः हिंसात्मक अतिवाद निवारण) | ✓ सुधारका क्षेत्रहरूको पहिचान गर्न "कानुन निर्माण" अन्तर्गत सूचीकृत कानुनहरूको कार्यान्वयनको समितिमार्फत समीक्षा। | |
| **सहभागिता :** सबै तहको शान्ति र सुरक्षासम्बन्धी निर्णय प्रक्रियामा महिलाको समान सहभागिता र लैङ्गिक समानता | ✓ राष्ट्रिय संसद र अन्य स्थानीय तथा सार्वजनिक निकायहरूमा महिलाको संख्या बढाउन आरक्षण र अन्य उपायहरू<br>✓ सुरक्षा फौजमा महिलाको वृद्धिलाई प्रोत्साहित गर्न आरक्षण र अन्य उपायहरू<br>✓ कूटनीतिक नियोग वा शान्ति वार्ता तथा मध्यस्थता टोलीमा महिला सहभागिता बढाउन आरक्षण र अन्य उपायहरू<br>✓ रोजगार कानुन, सम्पत्ति र उत्तराधिकारसम्बन्धी कानुन, पारिवारिक कानुन | ✓ स्थानीय तथा राष्ट्रिय तहमा महिलाको राजनीतिक सहभागिता वृद्धि गर्न स्रोतहरू<br>✓ महिला उम्मेद्वारका लागि तालिम<br>✓ सुरक्षाकर्मीलाई लैङ्गिकता र शान्तिसम्बन्धी तालिम दिन स्रोतहरू | ✓ शान्ति र सुरक्षासम्बन्धी निर्णय प्रक्रियामा महिला सहभागिताको समीक्षा<br>✓ महिला, शान्ति र सुरक्षासहित राष्ट्रिय शान्ति स्थापनाका प्रयासको समीक्षा | ✓ महिला, शान्ति र सुरक्षासम्बन्धी एजेण्डामा काम गर्न संसदीय महिला कःकसका लागि सहयोग, पदाधिकारी र नागरिक समाजको विशेषज्ञताबाट लाभ लिने।<br>✓ स्थानीय तहमा महिला नेतृलाई सांसद्हरूबाट मार्गदर्शन<br>✓ महिला उम्मेदवार वा सम्भावित उम्मेदवारलाई सांसद्हरूबाट मार्गदर्शन |
| **संरक्षण :** द्वन्द्व प्रभावित अवस्थामा महिला तथा किशोरीहरू सबै प्रकारका यौन तथा लैङ्गिकतामा आधारित हिंसामा संरक्षित छन्, र उनीहरूका अधिकारहरूको संरक्षण र प्रवर्द्धन भएको छ। | ✓ यौन तथा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी कानुन<br>✓ शान्ति सेना/प्रहरीबाट हुने यौन शोषणको अपराधीकरण<br>✓ यौन उत्पीडनसम्बन्धी कानुन | ✓ यौन तथा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी कानुन कार्यान्वयनका लागि स्रोतहरू, जस्तैः महिलाका लागि आश्रयस्थल, परामर्श केन्द्र, प्रहरी सेवा, अदालती प्रक्रियाहरू | ✓ फौजदारी वा यौन तथा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी कानुन र त्यसको कार्यान्वनयको प्रभावकारिताको समीक्षा | ✓ सांसद सामुदायिक मञ्चहरूले यौन तथा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी स्थानीय सवाल र चुनौतीहरू र महिला तथा किशोरीको अधिकारमाथि त्यसको प्रभावबारे छलफल गर्ने। यसलाई स्थानीय सरकार |

| | कानुन निर्माण | बजेटसम्बन्धी कार्य | निगरानी ⁄ अनुगमन | प्रतिनिधित्व ⁄ बाह्यपहुँच |
|---|---|---|---|---|
| | | ✓ सुरक्षाकर्मी र/वा शान्ति सेनालाई महिला, शान्ति तथा सुरक्षा र लैङ्गिकतासम्बन्धी दायित्वबारे तालिम प्रदान गर्न स्रोतहरू | | र नागरिक समाजको सहकार्यमा आयोजना गर्ने। |
| **राहत र पुनर्लाभ :** महिलाका राहतसम्बन्धी आवश्यकता पूरा गरिएका छन् र द्वन्द्व र द्वन्द्वपछिको अवस्थामा राहत तथा पुनर्लाभमा सम्वाहकका रुपमा काम गर्न सक्ने उनीहरूको क्षमता सुदृढ गरिएको छ। | ✓ द्वन्द्वपछिको अवस्थामा महिलाका लागि पुनःमेलमिलाप र परिपूरण प्रवर्द्धन गर्ने कानुनहरू<br>✓ महिलाको आर्थिक सशक्तीकरण प्रवर्द्धन गर्ने कानुनहरू<br>✓ निःशस्त्रीकरण, विघटन र पुनःएकीकरण (डिआरआर) कार्यक्रम सुनिश्चित गर्ने कानुन<br>✓ युद्धका कारण विधवा बनेका, पूर्व महिला लडाकु र महिला घरमूली भएका घरपारिवारका लागि सहयोग सुनिश्चित गर्ने कानुन | ✓ द्वन्द्व प्रभावित महिलासमेतका लागि सरकारी राहत कार्यक्रम कार्यान्वयन गर्ने स्रोतहरू | ✓ सम्बन्धित सरकारी डिआरआर कार्यक्रमको समीक्षा<br>✓ महिलाको आर्थिक सशक्तीकरणसम्बन्धी सम्बन्धित सरकारी कार्यक्रमको समीक्षा<br>✓ सरकारी राहत कार्यक्रमको समीक्षा | ✓ सांसदहरूको मञ्चले शान्ति निर्माणमा सहयोग पुऱ्याउने जस्तैः विशेषगरी स्थानीय सरकार र नागरिक समाजको सहकार्यमा स्थानीय द्वन्द्व वा महिलाका सवालहरूबारे छलफल गर्ने |

अध्याय ४



# महिला, शान्ति र सुरक्षाको एजेण्डालाई राष्ट्रिय विकासका ढाँचासँग मिलान गर्ने


महिला, शान्ति र सुरक्षाको एजेण्डाको एउटा सशक्त विश्वव्यापी आयाम छ, जुन कुरा संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापनासम्बन्धी कार्यबारे संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को मार्गदर्शनमा प्रतिबिम्बित भएको पाइन्छ। यद्यपि, यो एजेण्डा सदैव राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमै कार्यान्वयन गरिनुपर्ने हो। यो स्वदेशमा राज्यका क्रियाकलापमार्फत र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै स्तरमा हुने शान्तिवार्ता र कार्यहरूमा समावेशीकरणमार्फत लागू गरिनुपर्छ। यसैले गर्दा सम्भावित राष्ट्रिय कार्यहरूको समीक्षा गर्न राष्ट्रिय विकासका ढाँचामा महिला, शान्ति र सुरक्षाको एजेण्डालाई विचार गरिनु उपयोगी हुन्छ। महिला, शान्ति र सुरक्षाको एजेण्डा २०३० लाई स्थानीयकरण गर्ने सरकारहरूको प्रतिबद्धतासँग मेल खानुपर्छ। साथै शान्ति विना दिगो विकास सम्भव छैन भन्ने समग्र मान्यतालाई ध्यानमा राखिनुपर्छ।

## महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाहरू

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को अनुमोदनपछि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले सदस्य राष्ट्रहरूलाई स्थानीय महिला, शान्ति तथा सुरक्षाका प्राथमिकता पहिचान गरी त्यसको कार्यान्वयनका लागि स्रोत, जिम्मेवारी र समयसीमा तोक्न सक्षम बनाउने सरकारको नेतृत्वमा राष्ट्रिय कार्ययोजना (न्याप) वा अन्य राष्ट्रिय रणनीतिहरूको विकास गर्न प्रोत्साहित गऱ्यो। अप्रिल २०१९ सम्ममा ७९ वटा राष्ट्रहरूले राष्ट्रिय कार्ययोजना तर्जुमा गरिसकेका थिए।[२५]

२५. महिला, शान्ति तथा सुरक्षा एजेण्डाका सदस्य राष्ट्रहरू, http://peacewomen.org/member-states.

## रेखाचित्र ४: विश्वव्यापी रुपमा महिला, शान्ति र सुरक्षा राष्ट्रिय कार्ययोजनाहरु[२६]




राष्ट्रिय कार्ययोजनाको विकास सम्बन्धित सरकारी निकाय, राष्ट्रिय सुरक्षा सेवा (प्रहरी र सेना दुवै), नागरिक समाज र संसदलाई एकै ठाउँमा ल्याउने एउटा समावेशी तथा सहभागितामूलक प्रक्रियामार्फत गरिनुपर्छ। यद्यपि, व्यवहारमा भने राष्ट्रिय कार्ययोजनाको विकासमा संसदहरूको संलग्नता परिवर्तनशील छ।

सामान्य रुपमा महिला, शान्ति र सुरक्षा राष्ट्रिय कार्ययोजना निर्माण प्रक्रियाको नेतृत्व महिला मन्त्रालयले वा राष्ट्रिय रक्षा मन्त्रालयले गर्ने गरेको पाइन्छ। नेतृत्व गर्ने निकायले विभिन्न सरोकारवालाहरू समावेश हुने गरी एउटा कार्यदल गठन गर्छ। कार्यदलले समस्याको विश्लेषण गरी कार्ययोजना निर्माण गर्छ। महिला, शान्ति र सुरक्षाको कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना विकास प्रक्रियाका प्राथमिकता निर्धारण गर्ने कार्यमा संलग्न हुने पाउनु सांसदका लागि एउटा अवसर हो। सांसदहरू मस्यौदा तयारी प्रक्रियामा प्रत्यक्ष रुपमा संलग्न हुन सक्छन्। महिला, शान्ति र सुरक्षा राष्ट्रिय कार्ययोजनाको अन्तिम मस्यौदा छलफल र अनुमोदनका लागि व्यवस्थापिकामा औपचारिक रुपमा प्रस्तुत गर्न सकिन्छ।

२६. पूर्वोक्त (Ibid)

## राष्ट्रिय कार्ययोजना निर्माणमा सांसदहरूको संलग्नता

असल अभ्यासले राष्ट्रिय कार्ययोजना निर्माणमा सांसदहरू सकेसम्म प्रारम्भमै संलग्न हुनुपर्ने देखाउँछ। सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रका सबैभन्दा महत्त्वपूर्ण एजेण्डा, कानुन सुधार, बजेट र संसदीय प्रक्रियासम्बन्धी ज्ञान राष्ट्रिय कार्ययोजनामा उपलब्ध गराउन सक्छन्।

संसदलाई मस्यौदा प्रक्रियामा संलग्न गराइए पनि वा नगराइए पनि महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना तयारीका क्रममा महिला, शान्ति तथा सुरक्षा र देशमा त्यसको सान्दर्भिकताबारे सांसदहरूको जनचेतना अभिवृद्धि गर्नु उपयोगी हुन सक्छ। यसले महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाको अन्तिम मस्यौदाप्रति सांसदहरूको स्वामित्व बढाउन आधार खडा गर्छ।त्यसको कार्यान्वनयको निगरानी सुनिश्चित गर्ने जिम्मेवारी पनि उनीहरूले लिन सक्छन्।

महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई दिगो विकासका लक्ष्य वा राष्ट्रिय विकास योजना जस्ता विकासका बृहत् ढाँचामा समावेश गर्ने हेतुले सांसदहरूका लागि महिला, शान्ति तथा सुरक्षाबारे एउटा संसदीय अभिमुखीकरण गोष्ठी आयोजना गर्न सकिन्छ। त्यस्तो गोष्ठीले संसदीय समर्थन आवश्यक हुने कानुन सुधार र निर्वाचन क्षेत्रहरूमा शान्ति निर्माण जस्ता राष्ट्रिय कार्ययोजनाका अन्तर्वस्तुहरूका लागि प्रतिबद्धता निर्माण गर्ने अवसर पनि प्रदान गर्न सक्छ।

यूएनडीपीले त्यस्तो महिला, शान्ति तथा सुरक्षा सचेतना अभिवृद्धि कार्यशालालाई "महिला, शान्ति तथा सुरक्षामा साझेदारका रुपमा संसदको भूमिकासम्बन्धी अन्तर्राष्ट्रिय परियोजना, २०१८-१९ (Global Project on the Role of Parliaments as Partners in Women, Peace and Security) मार्फत सियरा लियोन, श्रीलंका र किर्गिस्तानमा सहयोग गरेको थियो। यी कार्यशालाहरू स्थानीय साझेदारसँग मिलेर आयोजना गरिएको थियो। अभिमुखीकरणमा प्रमुख विषयमा सांसदहरूलाई जानकारी गराउन सरकारी पदाधिकारीहरू सहभागी थिए। त्यस्ता अभिमुखीकरणमा सरकारी पदाधिकारीहरूलाई समावेश गर्दा संसद र कार्यकारी अंगबीचको सम्बन्धलाई सहजीकरण गर्दछ, र यो अनुगमनका प्रयासहरूका लागि उपयोगी पनि छ।

सियरा लियोनमा जुलाई २०१८ मा यूएनडीपीको सहयोगमा "सांसदहरूका लागि महिला, शान्ति तथा सुरक्षा कार्यशाला" को आयोजनापछि महिला सांसद्हरू सियरा लियोनको दोस्रो महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना निर्माणमा अझ बढी सक्रिय रुपमा संलग्न भए। सो कार्ययोजना सरकारले अगस्ट २०१८ मा जारी गरेको थियो। महिला कःकसकी अध्यक्ष राष्ट्रिय महिला, शान्ति तथा सुरक्षा सञ्चालन समितिको सदस्यका रुपमा सहभागी हुँदै मस्यौदा प्रक्रियामा भएका धेरै योजना बैठकहरूमा उपस्थित भएकी थिइन्। परामर्शहरूमा प्रयोग गरिने समीक्षाका साधनहरूको प्रमाणीकरण गर्ने टोलीमा पनि उनी संलग्न थिइन्। त्यसपछि चार पुरुष र चार महिला गरी आठ जना सांसदले सियरा लियोनको दोस्रो राष्ट्रिय कार्ययोजना मस्यौदामाथिको क्षेत्रीय परामर्शमा सहभागी भई आफ्नोतर्फबाट योगदान गरे।[२७]

२७. Sarah Ferbach and Audrey Reeves, *The role of parliaments in NATO member countries in advancing the Women, Peace and Security agenda: A Survey by the NATO Parliamentary Assembly (2018),* DCAF: Geneva, p.15.

### सांसद र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरू : महिला, शान्ति र सुरक्षा राष्ट्रिय कार्ययोजना प्रक्रियामा संलग्नता

- सांसदहरूलाई महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाको विकासका लागि जिम्मेवार कार्यदलमा समावेश गर्न सकिन्छ। यसरी सांसदहरूले आफ्ना मतदाताका प्राथमिकताबारे आफ्नो ज्ञान उपलब्ध गराउन सक्छन्। यो महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनासँग सम्बन्धित कानुनी सुधार र बजेट व्यवस्थाका लागि समर्थन जुटाउनेतर्फको पहिलो कदम पनि हुन सक्छ, जसलाई अन्ततः संसदबाटै अनुमोदन गर्नुपर्ने हुन्छ।
- महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना निर्माणमा संसद संलग्न नभएको अवस्थामा समेत सरकारबाट अनुमोदन भएपछि सो कार्ययोजनालाई सम्बन्धित मन्त्रीले संसदको सहमति वा अनुमोदनका लागि प्रस्तुत गर्न सक्छन्।
- अनुगमन सार्थक बनाउन नियमित रुपमा प्रगति प्रतिवेदनहरू पनि संसदसमक्ष प्रस्तुत गर्नुपर्छ। (संसदीय अनुगमनसम्बन्धी थप जानकारीका लागि अध्याय ७ हेर्नुहोस्।)

### संसदका लागि प्रश्नहरू

- महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना निर्माणमा संलग्न सांसदहरूका लागि अवसर प्राप्त छ? यो प्रारम्भिक परामर्शका क्रममा, मस्यौदा प्रक्रियामा वा अन्तिम मस्यौदामा सहमति भइसकेपछिको अवस्थामा हुन सक्छ।
- राष्ट्रिय कार्ययोजना निर्माण भएको छ भने संसदको जानकारी, छलफल वा अनुमोदनका लागि अन्तिम रुपको कार्ययोजना प्रस्तुत गरिएको थियो ?

## राष्ट्रिय वा क्षेत्रगत रणनीति वा विकास योजनाहरू

सबै देशले महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना तर्जुमा गरेका छैनन्। केही देशमा अन्य महत्त्वपूर्ण राष्ट्रिय एजेण्डामाझ महिला, शान्ति तथा सुरक्षालाई प्राथमिकता दिएको नहुन सक्छ। कतिपय देशले महिला, शान्ति तथा सुरक्षाका एजेण्डालाई अन्य राष्ट्रिय विकास योजनामा एकीकृत गरी लैङ्गिक एजेण्डाहरूलाई सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्नुको महत्त्वलाई मान्यता प्रदान गरेका हुन सक्छन्। त्यसको कार्यान्वयनका लागि आवश्यक स्रोत र राजनीतिक इच्छाशक्ति रहने सुनिश्चितता पनि गरेका हुन सक्छन्।

अधिकांश देशमा एउटा राष्ट्रिय लैङ्गिक रणनीति विकास भएको हुन्छ। त्यसमा महिलाको सुरक्षा विश्लेषण र सिफारिस समावेश हुन्छन्। केही देशमा त्यस्तो लैङ्गिक रणनीतिको विकास गरी संसदमा प्रस्तुत गर्न भनी कानुन पारित भएको हुन्छ, जुन महिला, शान्ति तथा सुरक्षाका एजेण्डाहरूको पैरवी

गर्ने सांसदहरूका लागि उत्कृष्ट अवसर हो । उदाहरणका लागि आइसल्यान्डमा महिला र पुरुषको समान हैसियत र समान अधिकारसम्बन्धी ऐन (Act on the Equal Status and Equal Rights of Women and Men No. 10/2008) अनुसार "आमनिर्वाचन भएको एक वर्षभित्र मन्त्रीले चार वर्षीय लैङ्गिक समानता कार्यक्रमसम्बन्धी संसदीय प्रस्तावका लागि अलिथिङ्ग (संसद) मा एउटा प्रस्ताव दर्ता गर्नेछन् ।" जसमा प्रस्तावित क्रियाकलाप र बजेटको सूची समावेश हुनुपर्नेछ ।[२८]

केही देशमा राष्ट्रिय मानवअधिकार संयन्त्रले सीमान्तीकृत समूहहरूको संरक्षण गर्नुपर्ने आफ्नो समग्र जिम्मेवारीअन्तर्गत द्वन्द्वबाट प्रभावित महिलाका आवश्यकता सम्बोधन गर्ने रणनीतिको विकास गर्न सक्छन् । त्यस अतिरिक्त, राष्ट्रिय रक्षा सेवा, प्रहरी, शान्ति स्थापना वा सुरक्षाका रणनीतिमा पनि लैङ्गिक विश्लेषण समावेश हुन सक्छ । त्यसमा महिला, शान्ति तथा सुरक्षाका क्षेत्रमा रहेका कमीकमजोरी वा प्राथमिकताका लागि सिफारिस र स्रोतहरू हुन सक्छन् । क्षेत्रगत रणनीति, नीति वा कार्ययोजनामा महिला, शान्ति तथा सुरक्षासम्बन्धी प्राथमिकता समावेश हुन सक्छन् । जस्तै : प्रहरी चौकीमा यौन तथा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी एजेण्डा हेर्ने महिला एकाइ; युद्धमा भएको हिंसासम्बन्धी उजुरी राष्ट्रिय मानवअधिकार आयोगले लिन सक्ने व्यवस्था; वा शान्ति सेनामा परिचालित सुरक्षाकर्मीका लागि लैङ्गिक संवेदनशीलतासम्बन्धी तालिमको व्यवस्था ।

### श्रीलंकाको राष्ट्रिय योजनामा महिलाका शान्ति र सुरक्षाका आवश्यकताको एकीकरण

**श्रीलंका**ले २५ वर्षभन्दा बढी नागरिक द्वन्द्वको सामना गर्‍यो ।़ सन् २००९ मा द्वन्द्व अन्त्य भयो । युद्ध विधवाका रुपमा होस्, वा बेपत्ताका श्रीमती, आन्तरिक रुपमा विस्थापित व्यक्ति, लडाकु वा हिंसाबाट प्रभावित वा पीडितका रुपमा, द्वन्द्वबाट महिला निकै प्रभावित भए । युद्धको अन्त्यसँगै युद्धमा श्रीमानूले ज्यान गुमाएका कारण महिला घरमूली भएको घरपरिवारको संख्या तुलनात्मक रुपमा ठूलो हुन गयो ।

द्वन्द्वको लैङ्गिक प्रभावका बावजुद श्रीलंकाली सरकारले महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना निर्माण गरेको छैन । त्यसको सट्टा सरकारले विद्यमान राष्ट्रिय क्षेत्रगत योजनाहरूमा द्वन्द्वबाट प्रभावित ठूलो संख्याका महिलाका आवश्यकतालाई मूलप्रवाहीकरण गरेको छ। उदाहरणका लागि मानवअधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी राष्ट्रिय कार्ययोजना (सन् २०१७-२०२१) मा युद्धबाट प्रभावित महिलाका आवश्यकतालाई सम्बोधन गर्ने असंख्य प्राथमिकताहरू समावेश छन् । त्यसमा महिला तथा बालबालिका मन्त्रालय, न्याय, कानुन

२८. महिला र पुरुषको समान अधिकारसम्बन्धी ऐन, No. 10/2008, as amended by Act No. 162/2010, No. 126/2011, No. 62/2014, No. 79/2015, No. 117/2016 and No. 56/2017, https://www.government.is/library/04-Legislation/Act%20on%20equal%20status%20and%20equal%20rights%20of%20women%20and%20men%20no%2010%202008%20as%20amended%200101%202018%20final.pdf.

तथा व्यवस्था मन्त्रालय, पुनःस्थापना, स्वास्थ्य, कृषि मन्त्रालय र स्थानीय सरकारहरूले गर्नुपर्ने कार्यहरूको जिम्मेवारी पहिचान गरिएको छ। यो अवधारणाले महिलालाई न्यायको मात्र नभई आर्थिक तथा भौतिक सुरक्षाको आवश्यकतालाई पनि मान्यता प्रदान गर्दछ।

यसैगरी, श्रीलंकाको यौन तथा लैङ्गिकतामा आधारित हिंसा सम्बोधन गर्ने नीतिगत ढाँचा र राष्ट्रिय कार्ययोजना (सन् २०१६-२०२०) ले यौन तथा लैङ्गिकतामा आधारित हिंसाको सम्बोधन गर्न आठ वटा मन्त्रालयको पहिचान गर्दै अन्तरक्षेत्रगत अवधारणा अवलम्बन गरेको छ। दुवै योजनाले सरकारलाई युद्धको प्रभावको द्योतकका रुपमा महिला घरमूली भंएको घरपरिवारका लागि नीतिगत ढाँचा तयार गर्न आह्वान गर्दछन्।

## सांसद र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरू : राष्ट्रिय विकास योजनामा महिला, शान्ति र सुरक्षाको एकीकरण

- धेरै देशले महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना नभई राष्ट्रिय विकास वा क्षेत्रगत योजनाको निर्माण गर्छन्। त्यसले महिला, शान्ति तथा सुरक्षाका सवालहरूलाई सम्बोधन गरेको हुन्छ। जस्तै : लैङ्गिक समानता, मानवअधिकार र शान्ति निर्माणसम्बन्धी योजनाहरू। यस्ता योजनाको विकासका लागि जिम्मेवारी पाएको कार्यदलमा सांसद् हरूलाई समावेश गर्न सकिन्छ।
- त्यस्ता योजना निर्माणमा संसद संलग्न नभए पनि त्यसलाई सरकारले पूर्णता दिएपछि सहमति वा अनुमोदनका लागि सम्बन्धित सांसद्ले संसदमा प्रस्तुत गर्न सक्छन्।
- अनुगमनलाई सार्थक बनाउन प्रगति प्रतिवेदनहरू नियमित रुपमा संसदसमक्ष प्रस्तुत गर्नुपर्छ। (संसदीय अनुगमनसम्बन्धी थप जानकारीका लागि अध्याय ७ हेर्नुहोस्)।

## संसदका लागि प्रश्नहरू

- महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना विकसित गरिएको छैन भने अन्य राष्ट्रिय वा क्षेत्रगत योजनामा महिला, शान्ति तथा सुरक्षाका एजेण्डालाई एकीकृत गरिएको छ, छैन भनेर संसदले खोजबिन गरेको छ ?
- महिला, शान्ति तथा सुरक्षाका एजेण्डाहरू समावेश भएको अन्य कुनै राष्ट्रिय विकास वा क्षेत्रगत योजनाको विकास भएको छ ? छ भने योजनाको विकास वा मस्यौदा तयारीमा संसदीय योगदानका साथ गरिएको थियो ?
- सरकारले लैङ्गिक समानतासम्बन्धी कार्ययोजनाको विकास गरी संसदमा प्रस्तुत गर्नुपर्ने भनी कानुन पारित भएको छ ? छ भने सो योजनामा महिला, शान्ति तथा सुरक्षासम्बन्धी सवालहरू समावेश छन् र संसदको जानकारी वा अनुमोदनका लागि संसदमा प्रस्तुत गरिएको थियो ?

अध्याय ५



# महिला, शान्ति तथा सुरक्षाको एजेण्डा कार्यान्वयन गर्न कानुन निर्माण

सांसदहरू कानुनको पुनरावलोकन, बहस, संशोधन र तर्जुमा गर्न जिम्मेवार हुन्छन् । यो उनीहरूको सबैभन्दा महत्त्वपूर्ण अधिकार हो । अधिकांश अवस्थामा मस्यौदा कानुनको निर्माण कार्यकारी अंगले गर्दछ । तर केही देशमा कानुनको प्रारुप तयार गर्ने अधिकार सांसदहरूको पनि हुन्छ । व्यवस्थापिका सरकारको सह-समान अंग भएका कारण वा "निजी सदस्य विधेयक" मार्फत यस्तो अवस्था हुन सक्छ । जसले व्यक्तिगत सांसद वा समान विचार राख्ने सांसदहरूको समूहलाई आफ्नै मस्यौदा कानुन प्रस्तुत गर्न सक्षम बनाउँछ । कानुनी सुधार सांसदहरूका लागि महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई समर्थन गर्ने एउटा मुख्य माध्यम हो ।

## कानुनी सुधारका प्राथमिकताको पहिचान

महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाको विकास भइसकेका देशमा कानुन सुधारका प्राथमिकताहरू पहिचान भइसकेको हुन सक्छ । केही देशमा युपिआर प्रक्रियाअन्तर्गतका प्रतिवेदन, संयुक्त राष्ट्रसङ्घ सिडः समिति र अन्य सम्बन्धित मानवअधिकार प्रक्रियामा पनि कानुन सुधारका लागि सिफारिस हुन सक्छन् । मानवअधिकार, लैङ्गिक समानता, रक्षा, राष्ट्रिय सुरक्षा र शान्ति निर्माण जस्ता राष्ट्रिय क्षेत्रगत रणनीतिहरूमा पनि कानुन निर्माणका लागि प्राथमिकताका क्षेत्रहरू मागदर्शन हुन सक्छन् ।

कानुन सुधारका लागि पैरवी गर्ने, थालनी गर्ने, बहस गर्ने र तर्जुमा गर्ने कार्य सांसदहरूले महिला, शान्ति तथा सुरक्षाको एजेण्डाको कार्यान्वयनमा सहयोग पुऱ्याउन सक्ने मुख्य क्षेत्र हुन् । सांसदहरूले संसद सेवाका कर्मचारीहरूलाई महिलाको शान्ति र सुरक्षा प्रवर्द्धन गर्न कानुनी सुधारको समर्थनमा कुन-कुन कानुन संशोधन गर्न आवश्यक छ र महिला, शान्ति तथा सुरक्षाको एजेण्डा कार्यान्वयन गर्न कुनै नयाँ कानुन आवश्यक भए पहिचान गर्न तथा कानुनी सुधारको समीक्षा गर्न आग्रह गर्न सक्छन् । (कानुनतः यो समग्र सरकारी प्रक्रियाभित्र नै समावेश हुन्छ, जस्तै : महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना निर्माण) । लैङ्गिक समानतासम्बन्धी दिगो विकास लक्ष्य ५ को समर्थनमा त्यस्तो कुनै पनि समीक्षाले महिला, शान्ति तथा सुरक्षाको प्रवर्द्धन

गर्ने कानुनी सुधारको मात्र नभई लैङ्गिक समानता र महिला सशक्तीकरणलाई नै बृहत् रुपमा प्रवर्द्धन गर्न मूल्यांकन गर्नेछ।

## प्रस्तावित कानुनहरूको लैङ्गिक समीक्षा आवश्यक ठहर गर्ने संसदीय नियमहरू

केही देशमा प्रस्तावित कानुन लैङ्गिक रुपमा संवेदनशील छ, छैन, र लैङ्गिक समानता तथा महिला अधिकारलाई कमजोर नबनाई संरक्षण गर्छ भन्ने सुनिश्चित गर्न संसदले लैङ्गिक समीक्षा गर्न आवश्यक हुन्छ। उदाहरणका लागि **किर्गिस्तान**मा मानकीय कानुनी ऐनहरूसम्बन्धी कानुन (Law on Normative Legal Acts 2009) ले जोगोरकु केनेस (संसद) लाई मस्यौदा कानुनहरूको समीक्षा कसरी गर्नुपर्छ भन्नेबारेमा मार्गनिर्देश गर्दछ। विशेषगरी यसको धारा २० मा मस्यौदा कानुनहरूको समीक्षा मानवअधिकार संरक्षण, लैङ्गिकता, भ्रष्टाचारविरुद्ध र पर्यावरणीय संरक्षणमाथि पार्ने प्रभावका दृष्टिकोणले गर्नुपर्ने व्यवस्था छ।[२९] **फिजी**मा संसदको स्थायी आदेशले समितिहरूलाई मस्यौदा कानुनको समीक्षा र खोजबिन गर्ने कार्यादेश प्रदान गर्छ र "पुरुष तथा महिलामाथि पार्ने प्रभाव र लाभ समान रहेको सुनिश्चित गर्न लैङ्गिक समानताको सिद्धान्तलाई पनि समितिहरूले पूर्ण ध्यान दिनेछन्" भन्ने पनि उल्लेख गर्दछ।"

सांसद्हरूले कानुनी सुधारको पहुँच र जटिलताका आधारमा सुधारहरूको प्राथमिकीकरण गर्न सुधारका कुनै पनि समीक्षाका परिणाममाथि छलफल गर्न सक्नेछन्। यसबाट बृहत् व्यवस्थापिकीय सुधारको एजेण्डाको पनि विकास हुन सक्छ। जसलाई कानुनको मस्यौदा जारी गर्ने कार्यकारी अंग र संसद दुवैका प्रयासहरूलाई मार्गनिर्देशित गर्न प्रयोग गर्न सकिनेछ।

## महिला, शान्ति तथा सुरक्षासम्बन्धी कानुन सुधारका साझा एजेण्डाहरू

महिला, शान्ति तथा सुरक्षाको प्रवर्द्धन गर्ने कानुनका लागि कुनै नमुना उदाहरण छैन तर विश्वभरिको अनुभवले विविध एजेण्डाका सम्बन्धमा कानुन तर्जुमा गर्न संसदहरूले कदम चालेको देखाउँछ। केही उदाहरण देहायअनुसार छन् :

२९. Development Alternatives Inc. (2011) *Kyrgyzstan Parliamentary Strengthening Programme(KPSP): Assessment of Parliamentary Legislative Drafting Process in the Kyrgyz Repub- lic,* USAID: Bishkek, p.8, https://www.auca.kg/uploads/Tian%20Shan%20Policy%20Center/Reports/Country%20 Reports%20and%20Assessments/KPSP%20Assessment%20 of%20Legislative%20Drafting%20 Process%20-%20Final.pdf.

**अविभेद, समानता र समान सहभागिता**

- बहुप्रयोजनीय लैङ्गिक समानता कानुनहरू- जसले समानता, अविभेद र महिला अधिकारका सम्बन्धमा सर्वमान्य सिद्धान्तहरू प्रस्तुत गर्छन् वा जसमा लैङ्गिक समानतासम्बन्धी मुख्य संरचनाहरू (जस्तै : लैङ्गिकता आयोग वा राष्ट्रिय महिला परिषद्) स्थापनासम्बन्धी प्रावधान समावेश हुन्छन् । त्यस्ता कानुनमा शान्ति निर्माण र द्वन्द्व समाधानमा महिला संलग्नतासम्बन्धी प्रावधान पनि समावेश हुन सक्छन् ।
- लैङ्गिक विभेदलाई प्रतिबन्धित गर्ने कानुन- जसमा सम्भवतः त्यसको कार्यान्वयनको सुपरीवेक्षण गर्ने कुनै प्रकारको संस्थागत संयन्त्र (जस्तै : लिङ्ग विभेद वा मानवअधिकारसम्बन्धी आयोग) पनि समावेश ।
- राजनीतिक संस्था र निर्णय प्रक्रियामा महिला सहभागिता वा सेना, प्रहरी, निजामती सेवा, शान्ति स्थापना वा कूटनीति (विशेषगरी शान्ति स्थापना कार्यसम्बन्धी) मा नियुक्तिका लागि सकारात्मक पहलजन्य कोटा (affirmative action quotas) को व्यवस्था गर्ने कानुन ।

**हिंसा र बेचबिखनको निवारण तथा सम्बोधन गर्ने**

- ***यौन तथा लैङ्गिकतामा आधारित हिंसा सम्बोधन गर्ने कानुन-*** जसलाई एउटै पूर्ण कानुनका रुपमा वा कानुनको संग्रहका रुपमा वा विद्यमान फौजदारी संहितामा संशोधनमार्फत पारित गरिएको छ ।
- ***द्वन्द्वका समयमा भएको यौन तथा लैङ्गिकतामा आधारित हिंसा सम्बोधन गर्ने कानुन-*** जसमा विदेशमा (जस्तै : शान्ति सेनाबाट) गरिएका अपराधविरुद्ध पनि मुद्दा चलाउन सकिने क्षेत्राधिकार प्रदान गर्ने प्रावधान समावेश छन् ।
- ***कार्यस्थलमा–*** सार्वजनिक यातायातमा वा सार्वजनिक क्षेत्रमा हुने यौन उत्पीडनका लागि फौजदारी र देवानी दण्डको व्यवस्था गर्ने कानुन ।
- ***मानव बेचबिखनलाई प्रतिबन्धित गर्ने कानुन–*** विदेशमा (जस्तै : शान्ति सेनाबाट) गरिएका अपराधविरुद्ध पनि मुद्दा चलाउन सकिने क्षेत्राधिकार प्रदान गर्ने निर्दिष्ट प्रावधानसहित ।
- ***संक्रमणकालीन न्यायसम्बन्धी लैङ्गिक रुपमा संवेदनशील कानुन–*** विधि (अर्थात् महिलाहरू समावेश भएको) र सारभूत एजेण्डाहरू (अर्थात् महिला तथा किशोरीहरूसम्बन्धी विषय) दुवैका हकमा ।
- ***हिंसात्मक अतिवाद वा अतिवादलाई सम्बोधन गर्ने लैङ्गिक रुपमा संवेदनशील कानुन-*** त्यस्ता परिस्थितिहरूमा पुरुष र महिलाका फरक अनुभवहरूलाई ध्यानमा राख्दै ।
- ***द्वन्द्वबाट प्रभावित व्यक्तिका लागि आर्थिक सहयोग प्रदान गर्ने कानुन–*** पूर्व महिला लडाकु, युद्धबाट विधवा बनेका महिला, द्वन्द्वका कारण टुहुरा बनेका बालबालिका वा द्वन्द्वपछिका महिला घरमूली भएका घरपरिवारका विशेष आवश्यकता सम्बोधन गर्ने लैङ्गिक रुपमा संवेदनशील प्रावधानसहित ।

### नाइजेरिया र इराकमा महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनामा कानुनी सुधार विश्लेषण र कार्यको एकीकरण

केही देशमा कानुन सुधारको आवश्यकता मूल्याङ्कन महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाको विकासका लागि गरिने अनुसन्धानको एउटा पक्ष हुने गर्छ। उदाहरणका लागि **नाइजेरियाली** महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाका (सन् २०१७-२०२०) ले कामका पाँच वटा स्तम्भ पहिचान गर्दछ। जसलाई प्राथमिकताका आधारमा कार्यान्वयनका लागि पाँच मुख्य रणनीतिको साथ प्राप्त छ; ती रणनीतिमध्ये एउटा "कानुन र नीति" हो।[३०] राष्ट्रिय कार्ययोजनाका उद्देश्य हासिल गर्न आवश्यक कानुनी सुधारबारे अझ विस्तृत रुपमा अनुसूचीमा उल्लेख गरिएको छ।

**इराक**को महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (सन् २०१४-१८) ले "कानुन र कानुनको कार्यान्वयन" लाई कदम चाल्न आवश्यक ६ वटा स्तम्भमध्ये एउटा भनी पहिचान गरेको छ। यस स्तम्भको उद्देश्य "महिला अधिकारका लागि राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड र संयन्त्र" अनुरुप बनाउनु हो।[३१] राष्ट्रिय कार्ययोजनाले दुई बृहत् रणनीतिक उद्देश्य पनि पहिचान गरेको छ : "सबै महिला र पुरुषका लागि आधारभूत सर्वव्यापी मानवअधिकार को सम्मान गर्ने कानुनको अवलम्बन; र पीडकहरूका लागि दण्डहीनताको अन्त्य तथा कानुन निर्माणमा वृद्धि।"

### महिला, शान्ति तथा सुरक्षासम्बन्धी कानुनी सुधार अघि बढाउने

कानुनको मस्यौदा तयार गर्ने, प्रस्ताव गर्ने र जारी गर्ने विभिन्न देशका व्यवस्थापिकाका विधि फरक-फरक विधि छन्। अधिकांशमा कानुनको प्रारम्भ र मस्यौदा वा संशोधन गर्ने जिम्मेवारी कार्यकारी अंगको हुन्छ। त्यस्तो अवस्थामा सांसदहरूले कुनै मस्यौदा विधेयकको तयारी गर्ने सम्भावना कम भए पनि उनीहरूले कानुनमा सुधारका बारेमा प्रश्न उठाएर, प्रस्ताव दर्ता गराएर वा महिला, शान्ति तथा सुरक्षाबारे छलफल गरी कानुनी सुधार प्रस्ताव गर्न समितिको छानविन प्रक्रियाको प्रयोग गरेर कारवाहीका लागि दबाब दिन सक्छन्।

सरकारले तयार गरेको विधेयकले पूर्णता पाएपछि त्यसलाई कुनै मन्त्रीले छलफल, संशोधन वा अवलम्बनका लागि संसदमा प्रस्तुत गर्छन्। यो प्रक्रियामा मस्यौदा विधेयक सामान्यतया थप पुनरावलोकनका लागि सम्बन्धित संसदीय समितिमा पठाइन्छ। समितिका सदस्यहरूका लागि यो महत्त्वपूर्ण अवसर हो, जसले मस्यौदा कानुनमा संशोधनको प्रस्ताव गर्न अधिकार प्रयोग

३०. नाइजेरियामा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र महिला, शान्ति तथा सुरक्षासम्बन्धी प्रस्तावहरूको कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना (सन् २०१७-२०२०), सङ्घीय महिला तथा सामाजिक विकास मन्त्रालय : अवुजा, पृ.१४ https://www.peacewomen.org/nap-nigeria.

३१. इराकको महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना, https://www.peacewomen.org/nap-iraq.

गर्न सक्नेछन्। समितिको प्रक्रिया सकिएपछि मस्यौदा विधेयक छलफल, संशोधन र अन्तिम मतदानका लागि संसदको पूर्ण बैठकमा फिर्ता आउँछ। द्विसदनात्मक सदन भएका मुलुकमा यो प्रक्रिया माथिल्लो सदनमा दोहोरिन सक्छ।

धेरै राष्ट्रपतीय वा अर्ध-राष्ट्रपतीय प्रणालीमा मस्यौदा कानुन तयार गर्ने बढी अधिकार व्यवस्थापिकासँग हुन्छ। त्यस्तो अवस्थामा सांसदहरूको समूह (दलअनुसार वा एजेण्डाअनुसारको समूह) वा व्यक्तिगत रुपमा पनि आफैंले मस्यौदा कानुन तयार गर्न सक्छन् र त्यसलाई व्यवस्थापिकाको कार्यसूचीमा समावेश गर्न पैरवी गर्न सक्छन्। व्यवस्थापिकाको नेतृत्वले विधेयकमाथि विचार गर्न स्वीकार गरेमा त्यसपछि माथि व्याख्या गरेअनुसारकै प्रक्रियामा जान्छ, जहाँ प्रायः समितिबाट समीक्षा र त्यसपछि पूर्ण सभामा छलफल, संशोधन र कार्यान्वयन हुन्छ।

केही देशमा सांसदले "निजी सदस्य विधेयक" भनिने विधेयक पनि प्रस्ताव गर्न सक्छन्। त्यस्तो अवस्थामा कुनै सदस्यले प्रस्तावित कानुन आफैं (प्रायः नागरिक समाजका संस्थाहरूको विशेषज्ञताको लाभ लिँदै) मस्यौदा गरी त्यसलाई व्यवस्थापिकाको कार्यसूचीमा समावेश गर्ने प्रयास गर्नेछन्। यो अवधारणा राजनीतिक दलहरू बलिया भएका देशहरूमा कम सफल हुन्छ। किनभने त्यहाँ प्रायः दलले अनुमोदन गरेका विधेयकलाई मात्र सम्पूर्ण व्यवस्थापिकाले स्वीकार गर्दछ। त्यसो भनिरहँदा पनि उदाहरणका लागि महिला, शान्ति तथा सुरक्षा जस्ता जनकेन्द्रित एजेण्डामा संसद सदस्यले व्यक्तिगत रुपमा प्रस्तुत गर्ने विधेयकले अन्तरदलीय समर्थन प्राप्त गरी स्वीकृत पनि हुन सक्छ।

संयुक्त अधिराज्यमा सन् २०१८ मा महिला जननेन्द्रिय छेदनको विषय सम्बोधन गर्ने प्रचलित राष्ट्रिय कानुनमा रहेका कमीकमजोरीलाई संशोधन गर्न संसद सदस्यहरूले व्यक्तिगत पहलमा एउटा विधेयक दर्ता गरेका थिए।[३२] विधेयक पेस गर्ने क्रममा प्रस्तुतकर्ताले त्यस विषयसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घका विभिन्न प्रस्तावलाई उधृत गर्दै घरेलु कानुन सुधारलाई प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय प्रतिबद्धताको महत्त्वलाई स्थापित गरेका थिए। संसद सदस्यहरूले निजी रुपमा प्रस्ताव गर्ने विधेयकको समर्थनमा महिला कःकसको पैरवी र अन्तरदलीय सहयोग विशेष उपयोगी हुन सक्छ, किनभने महिला, शान्ति तथा सुरक्षासँग सम्बन्धित कानुन अगाडि बढाउन विभिन्न दलका महिला सांसदहरू एकै ठाउँमा आउन सक्छन् (थप जानकारीका लागि अध्याय ९ हेर्नुहोस्।)

३२. David Alton,'Female Genital Mutilation Bill Debated in the House of Lords: 200 Million Women Are Subjected to FGM'on DavidAlton.net (20 July 2018), https://davidalton.net/2018/07/20/female-genital-mutilation-bill-debated-in-the-house-of-lords-200-million-women-are-subjected-to-fgm/.

## महिला, शान्ति तथा सुरक्षाको समर्थनमा कानुन पारित गर्न फिलिपिन्स काँग्रेसको सक्रियता

**फिलिपिन्स**ले महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना दुई वटा तर्जुमा गरिसकेको छ। पहिलो कार्ययोजना सन् २०१० देखि १६ सम्म[३३] र दोस्रो, सन् २०१७ देखि २२ सम्म रहेको छ।[३४] दुवै राष्ट्रिय कार्ययोजनाले थप सुधारका प्रयासका लागि प्रमुख कानुनलाई उधृत गरेका छन् जसमा बलात्कारविरुद्धको ऐन, १९९७ (आरए ८३५३), बलात्कारपीडित सहायता तथा संरक्षण ऐन, १९९८ (आरए ८५०५), मानव बेचबिखनविरुद्धको ऐन, २००३ (आरए ९२०८) र महिला र तिनका छोराछोरीमाथि हुने हिंसाविरुद्धको ऐन, २००४ (आरए ९२६२) लगायत छन्। ती राष्ट्रिय कार्ययोजनाले महिलाको सुरक्षालाई संरक्षण गर्ने विद्यमान कानुनी ढाँचा संशोधनमा योगदान पुर्‍याएका छन्।[३५]

फिलिपिन्सले अन्य देशका लागि विचारणीय हुन सक्ने र असल अभ्यासको नमुना प्रदान गर्ने दुई वटा कानुन पनि पारित गरेको छ। गणतन्त्र ऐन ७१९२ ले "राष्ट्र निर्माणमा महिलाको भूमिकालाई मान्यता प्रदान गर्दछ र कानुनमा महिला र पुरुषको आधारभूत समानता सुनिश्चित गर्नेछ"। सो कानुनअनुसार विदेशी सरकार वा बहुराष्ट्रिय निकायबाट प्राप्त हुने औपचारिक विकास सहायताको ठूलो अंश महिलाका लागि लक्षित कार्यक्रममा समर्पित गर्नुपर्छ। सरकारी निकायले त्यस्ता कार्यक्रमबाट महिला पनि समान रुपमा लाभान्वित भएको सुनिश्चित गर्नुपर्छ। सरकारी निकायले आफ्ना नियमावली तथा कार्यविधिबाट लैङ्गिक पूर्वाग्रह हटाउनुपर्छ।

अगस्ट २००९ मा फिलिपिन्स कंग्रेसले *महिलाका लागि म्याग्ना कार्टा* (आरए ९७१०) पारित गर्‍यो। जसले समग्र रुपमा लैङ्गिक समानताको प्रवर्द्धन गर्दछ र विशेष गरी शान्ति स्थापनामा महिला सहभागिता वृद्धि गरी सशस्त्र द्वन्द्वमा लैङ्गिकतामा आधारित हिंसाविरुद्ध संरक्षण बढाउने काम गर्दछ। उदाहरणका लागि कानुनको एउटा भागमा शान्ति स्थापनाको निर्णय प्रक्रियामा महिलाको संख्यामा वृद्धि र शान्तिको एजेण्डामा महिलाका चासोलाई बढी समावेश गर्न आह्वान गरिएको छ।

३३. महिला, शान्ति तथा सुरक्षा कानुन सुधारमा प्रगति, फिलिपिनी राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२०: सन् २०१०-२०१६, http://peacewomen.org/sites/default/files/philippines_nap.pdf.

३३. संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२० सम्बन्धी फिलिपिनी राष्ट्रिय कार्ययोजना : सन् २०१७-२०२२, http://peacewomen.org/sites/default/files/Philippines_20172022NAP.pdf.

३४. संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२० सम्बन्धी फिलिपिनी राष्ट्रिय कार्ययोजना : सन् २०१०-२०१६, पृ.२, http://peacewomen.org/sites/default/files/philippines_nap.pdf.

३५. विकास र राष्ट्र निर्माणमा महिलासम्बन्धी ऐन, https://www.pcw.gov.ph/law/republic-act-7192.

## सांसद् र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरु : कानुनी सुधार

- महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना वा अन्य क्षेत्रगत योजना निर्माणमा कानुनको आवश्यकता विश्लेषण हुनैपर्छ। तर जहाँ यस्तो भएको छैन, देहायअनुसारका कार्य गर्न सकिन्छ :
  - महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई अघि बढाउन आवश्यक कानुन निर्माण वा संशोधनको पहिचान गर्न व्यवस्थित रुपमा कानुन सुधार समीक्षा गर्न सकिन्छ।
  - कानुनमा सुधारका आवश्यक सबैभन्दा महत्त्वपूर्ण क्षेत्रहरूको पहिचान गर्न सांसदहरूले मतदाता, गैसस, प्राज्ञ, राष्ट्रिय कानुन सङ्घसंस्था र अन्य विज्ञहरूसँग काम गर्न सक्छन्।
- पहिचान गरिएको कानुनी सुधारका पक्ष र जटिलताका आधारमा सांसदहरू वा संसदीय समितिले कानुनी सुधारलाई प्राथमिकीकरण गर्न समीक्षाका कुनै पनि परिणामबारे औपचारिक रुपमा छलफल गर्न सक्छन्। यसले एउटा व्यवस्थापकीय सुधारको एजेण्डा अघि सार्न सक्छ। जसलाई कानुनको मस्यौदा र अवलम्बन गर्ने कार्यकारी अंग र संसद दुवैका प्रयासलाई मार्गनिर्देशित गर्न प्रयोग गर्न सकिन्छ।
- सहमति भएका कानुनी सुधारका प्राथमिकताहरूका समर्थनमा सांसद वा संसदीय समितिहरूले देहायका कार्य गर्न सक्छन् :
  - कार्यकारी अंगलाई मुख्य कानुनी सुधारहरूमा प्राथमिकता दिन आग्रह गर्ने।
  - प्रश्नोत्तर समयमा कानुन सुधारका बारेमा प्रश्न उठाउने (थप जानकारीका लागि अध्याय ७ हेर्नुहोस्)।
  - मुख्य चासोको विषयप्रति ध्यान आर्किषत गर्न महिला, शान्ति तथा सुरक्षाका विषयमा प्रस्ताव दर्ता गर्ने (अध्याय ७ हेर्नुहोस्)।
  - महिला, शान्ति तथा सुरक्षाका विषयमा विस्तृत रुपमा छलफल गर्न समितिछानविन प्रक्रियामार्फत समितिका सिफारिसहरूका रुपमा कानुनी सुधारको प्रस्ताव गर्ने (अध्याय ७ हेर्नुहोस्)।
  - मस्यौदा कानुनको विकास गर्न संसदीय कानुनी सल्लाहकार वा परामर्शदार्ताहरूसँग काम गर्ने।
- केही देशमा कुनै सांसद वा सांसदहरूको समूहले महिला, शान्ति तथा सुरक्षासँग सम्बन्धित विषयमा आफ्नै "निजी सदस्य विधेयक" निर्माण र पैरवी गर्न सक्छन्।

## संसदका लागि प्रश्नहरू

- कानुन सुधारका प्राथमिकताहरूको पहिचान गर्न योजनाबद्ध रुपमा लैङ्गिकता र महिला, शान्ति तथा सुरक्षा कानुन सुधार समीक्षा ( राष्ट्रिय कार्ययोजना विकास प्रक्रिया, क्षेत्रगत योजना विकासको प्रक्रियाका रुपमा वा संसद आफैंले) गरिएको छ ?
- महिला, शान्ति तथा सुरक्षासम्बन्धी मुख्य कानुन सुधार प्राथमिकताहरूका सम्बन्धमा संसदको कामलाई मार्गनिर्देशन गर्न कुनै वार्षिक व्यवस्थापिका योजनाको विकास गरिएको छ ?
- महिला, शान्ति तथा सुरक्षासँग सम्बन्धित कानुन सुधारका प्रयासलाई सहयोग गर्ने कानुनी विशेषज्ञसँग सांसद र संसदीय समितिहरूको पहुँच छ ?

अध्याय ६

# महिला, शान्ति तथा सुरक्षा कार्यान्वयनका लागि बजेट व्यवस्था

महिलाको प्रतिनिधित्व भएको र उनीहरूले सुरक्षित तथा शान्तिपूर्ण जीवन बाँच्न सकेको सुनिश्चित गर्न राष्ट्रहरू कानुनी रुपमा प्रतिबद्ध हुनु महत्त्वपूर्ण हो। अनुभवले के देखाउँछ भने महिला, शान्ति तथा सुरक्षा एजेण्डा कार्यान्वयन गर्ने विद्यमान प्रयासको सबैभन्दा उल्लेखनीय कमजोरी योजना तथा कार्यक्रमका लागि पर्याप्त स्रोत परिचालन हुन नसक्नु हो। अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, पिस वुमनअनुसार विश्वभर अवलम्बन गरिएका ७९ वटा महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनामध्ये ३४ वटामा मात्र बजेटको प्रावधान समावेश थियो।[३६] ३४ मध्ये पनि निकै कमले मात्र योजनामा माग गरिए बराबरको बजेट विनियोजन गरेका थिए।

राष्ट्रिय बजेट मूलतः संसदको जिम्मेवारी हो। अधिकांश देशमा राष्ट्रिय बजेटमाथि छलफल गर्ने र पारित गर्ने संवैधानिक अधिकार सांसदसँग हुन्छ। केही देशमा उनीहरूले संशोधन गर्न सक्छन्। तथापि यो अधिकार केही शीर्षकहरू हटाउनसम्ममा मात्र सीमित छ। राज्यको वार्षिक बजेट कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी पनि संसदको हो,[३७] र यो प्रायः निश्चित संसदीय समिति वा सार्वजनिक लेखा समितिमार्फत हुन्छ। बजेटमाथि छलफल गर्ने, अनुमोदन गर्ने र अनुगमन गर्ने प्रक्रियालाई "वार्षिक बजेट चक्र" भनिन्छ र प्रायः यो संसदको संवैधानिक रुपमा कार्यादेश प्राप्त दायित्व हो।

यसका बावजुद धेरै क्षेत्राधिकारमा सांसद्ले बजेटमाथिको छलफलमा सीमित भूमिका मात्र निर्वाह गर्न सक्छन्। प्रायः सरकारले प्रस्तुत गरेको बजेटलाई स्वीकार्ने काम हुन्छ। यसैगरी, विश्वभर देखिने सबैभन्दा साझा संसदीय समिति भनेको प्रस्तावित बजेटका साथै अन्तिम खर्चहरूको पुनरावलोकन गर्ने जिम्मेवारी बोकेको समिति हो;[३८] यद्यपि यी समितिका प्रभाविकारिता फरक-

३६. महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय कार्यान्वयन भएका देशहरूको सूची, https://www.peacewomen.org/member-states.

३७. राज्यको वार्षिक बजेटसम्बन्धी संसदको भूमिका अन्तरसम्बन्धित एजेण्डाका रुपमा लिने गरिन्छ। त्यसैकारण कानुन तर्जुमा गर्ने दायित्व बजेट पारित गर्ने कार्यमा अभ्यास गरिन्छ भने बजेट कार्यान्विनयको अनुगमन निगरानी हो। बजेट चक्रभर जनताको संलग्नता एक प्रकारको प्रतिनिधित्व हो।


३८. Bill Woodley, Vinod Sahgal and Frederick Stapenhurst, 'Scrutinizing Public Expenditures: The Role of Public Accounts Committees'; Joachim Wehner, 'Best Practices of Public Accounts Committees, https://www.internationalbudget.org/wp-content/uploads/Best-Practices-of-Public-Accounts-Committees.pdf.

फरक रहेको पाइन्छ।[३९] महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई सफलतापूर्वक कार्यान्वयन गर्ने हो भने पर्याप्त स्रोतको सुनिश्चित गर्न संसदीय कारबाही अत्यावश्यक हुन्छ।

**रेखाचित्र ४ दिगो विकास लक्ष्यहरूमा संसद राष्ट्रिय बजेट प्रक्रियाको भूमिका, पृ.३२**

संसदले सूचना र जनता तथा स्वार्थ समूहहरूको विचार संकलन गर्न सक्छ, र बजेट तर्जुमामा कार्यकारीलाई सहयोगी हुने सिफारिसपत्र प्रस्तुत गर्न सक्छ।

कार्यकारीले संसदमा आफ्नो बजेट प्रस्ताव प्रस्तुत गर्छ र संसदले सो प्रस्तावमा छलफलका लागि विशेषज्ञ संसदीय समितिसमक्ष सिफारिस गर्छ, जसको संयोजन प्रायः अर्थ समितिले गर्दछ। प्रस्तावमाथि छलफल र सम्भवतः संशोधनपछि बजेट अनुमोदनका लागि सदनको पूर्ण सभामा प्रस्तुत गरिन्छ।




संसदले देशको सर्वोच्च लेखापरीक्षक निकायको साथमा अघिल्लो वर्षको राजस्व तथा खर्चको लेखा परीक्षण गरी कमीकमजोरीको पहिचान गर्नुका साथै व्यवहारमा परिवर्तनका लागि सिफारिस गर्दछ। यदि उपयुक्त भए अघिल्लो वर्षको हिसाबकिताबलाई प्रमाणित गर्दै आगामी वर्षका लागि आधार प्रदान गर्दछ।

संसद र यसका स्थायी समितिहरूले बजेट कार्यान्वयनको अनुगमन गर्छन्। यसअन्तर्गत मन्त्रीहरूलाई प्रश्न सोध्ने र स्थलगत पर्यवेक्षण टोली खटाउनेलगायत पर्छन्। बजेट कार्यान्वयन संसद आफैँले गर्दैन, यो सरकारको काम हो।

(दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा संसदको भूमिका : संसदीय हातेपुस्तिका, *UNDP- GOPAC-IDB* बाट साभार)

## महिला, शान्ति तथा सुरक्षाका लागि स्रोत सुरक्षित गर्ने

महिला, शान्ति तथा सुरक्षासम्बन्धी कार्यका लागि खर्चको अभाव एउटा महत्त्वपूर्ण विषय हो जसलाई सांसदहरूले सक्रियताका साथ सम्बोधन गर्न सक्छन्।

विशेषगरी, राष्ट्रिय बजेटको मस्यौदा व्यवस्थापिकामा प्रस्तुत हुँदा सांसदहरूले सदनको पूर्ण सभाका साथै समितिका समीक्षा प्रक्रियामा आफ्नो अधिकार प्रयोग गरी महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डाका लागि बजेट छुट्ट्याइएको छ, छैन र कसरी छुट्टाइएको छ भनेर प्रश्न सोध्न सक्छन्।

कम्तीमा पनि राष्ट्रिय बजेटको संसदीय समीक्षामा जिम्मेवार समितिबाट मन्त्रालय वा महिला विभागका प्रतिनिधिहरूसँग सुनुवाइ समावेश हुन सक्छ। महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डा सम्बोधन गर्न बजेट विनियोजन गरिएको छ, छैन र कसरी विनियोजन गरिएको छ भन्ने बारेमा पदाधिकारीहरूसँग सोधिनेछ। त्यस्तो बजेट समीक्षामा सम्बन्धित मन्त्रालयका बृहत्

३९. Ibid.

अन्तरसम्बन्धित समूहसँग सुनुवाइ पनि गर्न सकिन्छ। उदाहरणका लागि त्यसका लागि वैदेशिक मामिला, प्रहरी, सेना र सुरक्षा सेवा, समाज कल्याण, रोजगारी र शान्ति निर्माण मन्त्रालय हुन सक्छन्। यी हरेक मन्त्रालयलाई महिला, शान्ति तथा सुरक्षा एजेण्डाका लागि उनीहरूले के-कति बजेट छुट्ट्याएका छन् भनेर सोध्न सकिन्छ।

बजेटको समग्र समीक्षा गर्नु महत्त्वपूर्ण हुन्छ। समीक्षा महिला मन्त्रालयमा मात्र केन्द्रित हुनु हुँदैन किनभने महिला, शान्ति तथा सुरक्षाको सम्बोधनका लागि अन्तरक्षेत्रगत अवधारणा आवश्यक हुन्छ। सामन्यतया महिला, शान्ति तथा सुरक्षाका लागि बजेट थप स्रोतका लागि आग्रह बन्न जान्छ। तर सीमित बजेट हुने धेरै देशमा यो सम्भव नहुन सक्छ। तथापि, संसदले भएको बजेटलाई नै अझ बढी प्रभावकारी वा कुशलताका साथ प्रयोग गर्न सकिन्छ कि भनेर सोधखोज गर्न सक्छ।

### श्रीलंकाको सार्वजनिक लेखासमितिद्वारा महिला, शान्ति तथा सुरक्षाबारे बजेट सुनुवाइको आयोजना

**श्रीलंका**को संसदले सुधारका लागि धेरै वर्षसम्मको निरन्तरको प्रयासपछि पहिलो पटक स्पष्ट निगरानी कार्यादेशका साथ बलियो संसदीय समितिको स्थापना गऱ्यो। समितिहरूले विभिन्न क्षेत्रगत विषयहरू हेर्ने गर्छन्। दुई वटा समिति सरकारी कोषको उपयुक्त खर्च सुनिश्चित गर्ने कार्यमा केन्द्रित छन्, जसमा खर्चअघि र खर्चपछिको समीक्षा समावेश छ।

अक्टोबर २०१८ मा सार्वजनिक लेखा समितिले महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डाको समर्थनका लागि बजेटमाथि एउटा विशेष सुनुवाइ आयोजना गऱ्यो। सुनुवाइमा महिला तथा बालबालिका, न्याय, स्वास्थ्य, अर्थ, आमसञ्चार, कानुन तथा व्यवस्था र अन्य मन्त्रालयका प्रतिनिधिहरू सहभागी थिए।

श्रीलंकामा यौन तथा लैङ्गिकतामा आधारित हिंसाको सम्बोधन गर्ने नीतिगत ढाँचा तथा राष्ट्रिय कार्ययोजना (सन् २०१६-२०२०) र मानवअधिकारको संरक्षण र प्रवर्द्धनसम्बन्धी राष्ट्रिय कार्ययोजना (सन् २०१७-२०२१०) अन्तर्गत यी निकायहरू महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डाका लागि जिम्मेवार छन्। सुनुवाइमा अध्यक्षले सान्दर्भिक विषयहरूबारे विविध जिज्ञासा राखे, जस्तै : हिंसाबाट प्रभावित महिलाको आश्रयस्थलका लागि बजेट विनियोजन, हिंसा पीडितका लागि मनोसामाजिक विमर्श र न्यायमा महिलाको पहुँच वृद्धि गर्न प्रहरीको भूमिका के कस्तो हुनेछ ?

## महिला, शान्ति तथा सुरक्षा बजेटको प्रभावकारी प्रयोगको सुनिश्चितता

लैङ्गिक समानता वा महिलाको शान्ति तथा सुरक्षाका लागि पर्याप्त बजेट विनियोजन भएको अवस्थामा पनि त्यस्तो रकम सम्बन्धित सरकारी विभागले प्राप्त गरे, नगरेको, कुशल तथा पारदर्शी रुपमा खर्च भए, नभएको विषयमा संसदले समीक्षा गर्नु ज्यादै महत्त्वपूर्ण हुन्छ। धेरै देशमा अधिकारीहरूले बजेटमा रकम उल्लेख गरिएको भए पनि व्यवहारमा भने विनियोजन नगरिएको

गुनासो गर्छन् । सांसदहरूले सरकारबाट भएको विनियोजनको रुजु गर्न आफ्ना निगरानीसम्बन्धी अधिकार प्रयोग गरी यो विषयलाई सम्बोधन गर्न सक्छन् ।

अधिकांश देशमा बजेटचक्रको अन्त्यमा खर्चको समीक्षा गर्न समर्पित संसदीय समिति रहेको छ। धेरैजसो देशमा त्सलाई सार्वजनिक लेखा समिति भन्ने गरिन्छ। त्यस्ता समितिसँग प्रायः सुनुवाइ गर्ने र खर्चको विस्तृत लेखाजोखा गर्ने स्पष्ट अधिकार हुन्छ। त्यसरी लेखाजोखा गर्दा बजेटअनुसारको प्रतिफल, जनता, विशेषगरी सबैभन्दा सीमान्तीकृत र असहायका लागि प्राप्त वास्तविक परिणाम दुवै हेर्नुपर्छ। व्यवहारमा धेरै लेखा समितिहरू राष्ट्रको सर्वोच्च लेखापरीक्षक निकायले तयार गरिसकेको सूचना र विश्लेषणमा निर्भर हुन्छन्। केहीले बजेट र खर्चसम्बन्धी प्रतिवेदनको प्राविधिक पक्षलाई केलाउन र सार्वजनिक खर्चमा परेको प्रभावबारे सल्लाहसुझावका लागि लेखापरीक्षकको कार्यालयलाई निमन्त्रणा पनि गर्छन् ।

खर्च पुनरावलोकन समितिका सदस्यहरूको शक्तिशाली भूमिका हुन्छ तर अन्य सांसदहरूले पनि सरकारले बाचा गरेका सेवाहरू वास्तवमै उपलब्ध भए, नभएको बुझ्न आफ्ना मतदातासँग छलफल गरी बजेटको निगरानीमा भूमिका निर्वाह गर्न सक्छन्। उदाहरणका लागि हिंसा पीडित तथा प्रभावितहरूले प्रहरी र कल्याण सेवाहरू प्राप्त गरे ? महिलाका लागि आश्रयस्थल सञ्चालित र पहुँचयुक्त थियो ? युद्धका कारण विधवा बनेका महिला वा महिला घरमूली भएका घरपरिवारलाई जीविकोपार्जनका अवसर उपलब्ध गराइयो ? युद्धका कारण विधवा बनेका महिलाका लागि प्रदान गरिने पेन्सन सही व्यक्तिलाई दिइयो ?

## बजेटले लैङ्गिकता र महिला, शान्ति तथा सुरक्षामाथि पारेको प्रभावको समीक्षा गर्न संसदीय समितिहरूको प्रयोग

धेरै वर्षदेखि देशहरूलाई “लैङ्गिक उत्तरदायी बजेट” को कार्यान्वयन गर्न प्रोत्साहित गरिएको छ। तर कार्यकारी र व्यवस्थापकीय अंगमा रहेको सीमित स्रोतका कारण बजेटको उपयुक्त लैङ्गिक विश्लेषणलेउनीहरूको क्षमतालाई प्रभावित गरेको छ। तथापि केही देशले भने यसमा प्रगति गरेका छन् ।

उदाहरणका लागि **बङ्गलादेश**मा लैङ्गिक एजेण्डाहरूलाई मध्यकालीन बजेट ढाँचामा एकीकृत गरिएको छ। जसअनुसार मन्त्रालयहरूले आफ्ना उद्देश्यलाई महिला, शान्ति र सुरक्षासहित महिला अधिकारको संवर्द्धनसँग जोड्नुपर्छ। वार्षिक बजेटले पनि लैङ्गिक समानताको प्रवर्द्धन कसरी गरिनेछ भन्ने पहिचान गर्नुपर्छ। अर्थ मन्त्रालयले सबै मन्त्रालयको लैङ्गिक बजेट विश्लेषण गरी हरेक बजेट सत्रमा संसदसमक्ष बुझाउँछ। सरकारले आर्थिक वर्ष सन् २००९-१० देखि लैङ्गिक बजेट प्रस्तुत गर्दै आएको छ र हाल यो ४३ मन्त्रालय वा महाशाखामा लागू गरिएको छ।[४०]

४०. बङ्गलादेशको यो घटना अध्ययन मोहम्मद ओसमान अल (२०१८) को लैङ्गिक उत्तरदायी बजेटमा संसदहरूको भूमिका, २७ जुन २०१८, द इन्डिपेन्डेन्टबाट लिइएको हो,http://www.theindependentbd.com/post/155490.

**नामिबिया**मा यूएनडीपीले संसदसँगको सहकार्यमा सांसदहरूलाई प्रस्तावित बजेट र अन्तिम बजेट खर्चहरूको अझ प्रभावकारी रुपमा समीक्षा गर्न सहयोग पुऱ्याउन लैङ्गिक उत्तरदायी बजेटसम्बन्धी तालिम प्रदान गरेको छ।[४१] सांसदहरूसँग गरेको यो कार्यको फलस्वरुप नामिबियाको राष्ट्रिय लैङ्गिक नीति २०१०-२०२० मा र राष्ट्रिय लैङ्गिक उत्तरदायी बजेट निर्देशिकामा प्रतिबद्धताहरू प्रभावकारी हुन गयो र सन् २०१४ को मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रिय बजेटमा लैङ्गिक उत्तरदायी बजेटका सिद्धान्तको समीक्षा सांसद्हरूको जिम्मेवारीमा आयो।

**क्यानडामा** सरकारले लैङ्गिक बजेट वक्तव्य जारी गर्दछ। जसले बजेटको लैङ्गिकतामा आधारित विश्लेषण गरी नीतिहरूले पुरुषलाई भन्दा महिलालाई कसरी भिन्न रुपले प्रभावित गर्छ भन्ने कुराको पहिचान गर्दछ। त्यसका अतिरिक्त समितिहरूले लैङ्गिक र महिला, शान्ति तथा सुरक्षाका एजेण्डाहरूको मूल्याङ्कन बजेट समीक्षा प्रक्रियाको प्रयोग गरेका छन्। सन् २०१८ मा हाउस अफ कमन्सका दुई वटा समितिले महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई कार्यान्वयन गर्न जिम्मेवार रहेका विभागहरूको खर्चको संयुक्त रुपमा समीक्षा गरे।[४२] सांसदहरूले रक्षामन्त्रीसँग सेनामा महिलाको भर्ती, शान्ति स्थापना कार्यमा यसको प्रतिबद्धता र सेनामा अनुपयुक्त यौनिक व्यवहारको उन्मूलन गर्ने यसको नीतिबारे प्रश्न गरे।[४३]

## सांसद् र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरु : महिला, शान्ति तथा सुरक्षा र बजेटचक्र

- सांसद्हरूले महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अघि बढाउन सरकारी कार्यक्रमहरू उपयोग भए, भएनन् र कसरी भए भन्नेबारेमा आफ्ना मतदातामार्फत जानकारी संकलन गर्न सक्छन्। यस्तो जानकारी बजेटमाथि हुने संसदीय प्रश्नोत्तर र सुनुवाइमा प्रयोग गर्न सकिन्छ।
- व्यवस्थापिकामा मस्यौदा राष्ट्रिय बजेट प्रस्तुत हुँदा सांसद्हरूले प्रश्नोत्तरको समय प्रयोग गरी महिला, शान्ति तथा सुरक्षाका एजेण्डालाई बजेट विनियोजन गरिएको छ, छैन र कसरी गरिएको छ भन्नेबारेमा प्रश्न सोध्न सक्छन्।
- बजेट समीक्षाका लागि जिम्मेवार समितिहरूले संसद सचिवालयलाई महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अझ प्रभावकारी रुपमा सम्बोधन गर्न विनियोजित बजेट कसरी लक्षित गर्न सकिन्छ भन्ने कुरा पहिचानका लागि विश्लेषण गर्ने जिम्मेवारी दिन सक्छन्।

४१. "लैङ्गिक उत्तरदायी बजेटमा तालिमप्राप्त संसद सदस्यहरू", १ नोभेम्बर २०१८, यूएनडीपी, विन्डहोइक, http://www.na.undp.org/content/namibia/en/home/presscenter/articles/2018/members-of-parliament-trained-on-gender-responsive-budgeting.html

४२. Sarah Ferbach & Audrey Reeves, *The role of parliaments in NATO member countries in advancing the Women, Peace and Security agenda: A Survey by the NATO Parliamentary Assembly (2018)*, DCAF: Geneva, p.16.

४३. Ibid.

त्यसमा रकमान्तर गर्ने वा अझ बढी कुशलतापूर्वक प्रयोग गर्नेलगायतका उपाय हुन सक्छन् ।

- सार्वजनिक वित्तको समीक्षा गर्न जिम्मेवार समितिहरूले महिला मन्त्रालयसहित सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरूसँग सुनुवाइ गर्न सक्छन्। साथै, यस्तो सुनुवाइ वैदेशिक मामिला, प्रहरी बल, सेना तथा सुरक्षा सेवा, कल्याण, रोजगारी वा शान्ति स्थापनाका लागि जिम्मेवार मन्त्रालयहरूसँग पनि गर्न सकिन्छ। यी हरेक मन्त्रालयसँग महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई कार्यान्वयन गर्न के-कति रकम विनियोजन गरिएको छ र त्यस्तो रकमको प्रभाव मूल्याङ्कन गर्ने कार्यसम्पादन सूचकहरूको निर्धारण कसरी गरिएको छ भनेर प्रश्न गर्न सकिन्छ।
- बजेटचक्रको अन्त्यमा खर्चको समीक्षा गर्न जिम्मेवार समितिहरूले वास्तविक रुपमा कुन सरकारी कोष खर्च भयो र त्यसले सकारात्मक प्रभाव पार्‍यो, वा पारेन भन्नेबारे सम्बन्धित सरकारी विभागहरूसँग सुनुवाइ गर्न सक्छन्। त्यस्तो लेखाजोखाले पैसाअनुसारको प्रतिफल र जनताले प्राप्त गरेका परिणाम दुवै हेर्नुपर्छ।
- संसदीय समितिहरूले देशको सर्वोच्च लेखापरीक्षण निकायसँग अन्तर्क्रिया गरी महिला, शान्ति तथा सुरक्षा कार्यान्वयनमा केन्द्रित हुन लेखापरीक्षण वा अन्य प्रतिवेदनहरूको जाँच गर्न सक्छन् । समितिहरूले सर्वोच्च लेखापरीक्षण निकायलाई आफ्नो काममा कुनै प्रकारको लैङ्गिक लेखापरीक्षण एकीकृत गर्न वा लैङ्गिक समानता र महिला, शान्ति तथा सुरक्षाका एजेण्डाहरू समावेश भएको कार्यसम्पादन लेखापरीक्षण गर्न सिफारिस गर्न सक्छन् ।

## संसदका लागि प्रश्नहरू

- सांसद वा संसद सेवाका कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी बजेट, विशेषगरी महिलाको शान्ति तथा सुरक्षाको समर्थन गर्ने बजेटका बारेमा तालिम प्राप्त गरेका छन् ?
- देश र व्यवस्थापिकाले लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गरेको छ ? कुनै पनि अवस्थामा सांसद्हरूलाई सुसूचित गराउन बजेटको लैङ्गिकता र महिला, शान्ति तथा सुरक्षाको प्रभाव विश्लेषण गर्ने गरिएको छ ?
- प्रस्तावित राष्ट्रिय बजेटको समीक्षा गर्न जिम्मेवार कुनै पनि संसदीय समितिहरूले राष्ट्रिय लैङ्गिक समानता र महिला, शान्ति तथा सुरक्षाका प्राथमिकताका लागि विनियोजन गरिएको बजेटको जाँच गर्न सुनुवाइ गरेका छन् ?
- बजेट खर्चको समीक्षा गर्न जिम्मेवार कुनै पनि संसदीय समितिले सुनुवाइ आयोजना गरेका छन् वा राष्ट्रिय लैङ्गिक समानता र महिला, शान्ति र सुरक्षाका प्राथमिकतालाई कार्यान्वयन गर्न बजेट विनियोजनहरू (क) बजेटमा उल्लेख गरिएअनुसार उपलब्ध गराइएको (ख) कुशलतापूर्वक खर्च गरिएको र (ग) महिला तथा किशोरीहरू, विशेषगरी सबैभन्दा संकटासन्न र सीमान्तीकृतहरूको जीवनमा सुधार ल्याउने गरी प्रभावशाली रुपमा खर्च गरियो वा गरिएन भनेर मन्त्रालयहरूलाई प्रश्न सोध्ने काम गरे ?

अध्याय ७



# महिला, शान्ति तथा सुरक्षा कार्यान्वयनको निगरानी

व्यवस्थापिकाको सबैभन्दा शक्तिशाली कार्यादेशहरूमध्ये एउटा सरकारका क्रियाकलापको निगरानी गर्न सक्ने क्षमता हो। यस्तो निगरानी सबै सांसद्हरूले गर्न सक्छन्। उदाहरणका लागि सरकारलाई मार्गदर्शन उपलब्ध गराउन प्रश्न सोध्ने, सोधपुछ गर्ने वा प्रस्तावमा छलफल गर्न सक्छन् (थप जानकारीका लागि आउँदा भागहरू हेर्नुहोस्)।

यद्यपि, यो भूमिका विशेषगरी सरकारी निकायहरूको काम वा सार्वजनिक चासोका विषयहरूको समीक्षा गर्ने कार्यादेश प्राप्त र अधिकार भएका संसदीय समितिहरूको हो। समितिहरूलाई संसदको सबैभन्दा ठूलो श्रमशक्तिका रुपमा लिने गरिन्छ किनभने उनीहरू सरकारी नीति तथा कार्यक्रमको दीर्घकालीन र बढी विस्तृत समीक्षा गर्न जिम्मेवार छन्। समितिमार्फत हुने जाँच एउटा प्रभावकारी अनुगमन संयन्त्र हुन सक्छ। त्यसले सांसदहरूलाई सरकारी दस्तावेजहरू हेर्न, माग गर्न तथा समीक्षा गर्न, सार्वजनिक सुनुवाइ गर्न र नीतिगत एजेण्डाहरूमा अझ विस्तृत रुपमा बहस तथा छलफल गर्न अवसर प्रदान गर्छ। संसदीय समितिहरूले सार्वजनिक सुनुवाइमार्फत मात्र नभई समुदायका कुनै पनि सदस्यहरूबाट लिखित वा मौखिक सल्लाहसुझावको आह्वान गरेर जनतालाई आफ्नो काममा संलग्न गराउन सक्छन्। छानबिन सकेपछि समितिले प्रतिवेदन सदनमा छलफलका लागि र सरकारको ध्यानाकर्षणका लागि प्रस्तुत गर्दछ। समितिमार्फत प्रतिवेदन निर्माण, त्यसमाथिको छलफल, सरकारले चाल्नुपर्ने ठोस कदमका लागि सिफारिस नीति निर्माणमा सांसदहरू सहभागी हुने उत्कृष्ट अवसर हो।

## महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाहरूको समितिमार्फत निगरानी

महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना तर्जुमा भएका देशमा संसदीय समितिहरूले सरकारी कामको कार्यान्वयनको निगरानीमा मुख्य भूमिका खेल्न सक्छन्। प्रायः महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनामा नेतृत्वदायी मन्त्रालयले वार्षिक प्रगति प्रतिवेदन जारी गर्ने एउटा संयन्त्र हुन्छ। केही देशमा यो जिम्मेवारी व्यवस्थापिकामा पनि बाँडफाँट गरिएको हुन्छ। उदाहरणका लागि **फिनल्यान्ड**मा महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाअनुसार परराष्ट्र

मन्त्रालयले राष्ट्रिय कार्ययोजनासम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी संसदको वैदेशिक मामिला समितिसमक्ष प्रस्तुत गर्नुपर्छ।[४४] **फ्रान्स**को पहिलो महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (सन् २०१०-१३) मा महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाको वार्षिक प्रतिवेदन सम्बन्धित संसदीय समितिमा प्रस्तुत गरिनुपर्ने व्यवस्था गरिएको थियो भने दोस्रो महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (सन् २०१४-१६) मा यो प्रावधान महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनसम्बन्धी अन्तिम प्रतिवेदनमा सीमित गरियो।[४५] **अस्ट्रेलिया**मा संसदमा तीन वटा प्रगति प्रतिवेदन प्रस्तुत भएका छन्। जसमा महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (२०१२-१८) अन्तर्गत हरेक दुई वर्षमा एउटा प्रतिवेदन प्रस्तुत गरिएको थियो।[४६] **जर्मनी**को पछिल्लो महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (२०१७-२०) अनुसार महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाका परिणामसम्बन्धी प्रतिवेदन योजनाको अन्त्यमा बुन्डेसट्याग (संसद) मा प्रस्तुत गरिनुपर्छ।[४७]

धेरै अवस्थामा महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको समीक्षा वैदेशिक मामिला वा अन्तर्राष्ट्रिय सम्बन्ध समितिबाट हुने गर्छ। यसो हुनुपछाडि महिला, शान्ति तथा सुरक्षाको विषय संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का विभिन्न प्रस्तावहरूमा समावेश हुनु हो। यी समितिले कहिलेकाहीँ आफ्ना सदस्यहरूलाई लैङ्गिकता, सिङः वा महिला, शान्ति तथा सुरक्षाको विषयसम्बन्धी अन्तर्राष्ट्रिय सभासम्मेलनमा सहभागी हुन पठाउँछन्।सामान्यता उनीहरूसँग परराष्ट्र मन्त्रालयको नीति तथा कार्यक्रमहरूको समीक्षा गर्ने अधिकार हुन्छ। तिनले शान्ति स्थापना कार्यको महिला, शान्ति तथा सुरक्षा आयामलाई समर्थन गर्ने गरी अधिकारीहरूको परिचालन गर्न सक्छन्।

यसका अतिरिक्त लैङ्गिक समानतामाथि केन्द्रित समिति गठन गर्नु संसदका लागि सामान्य बन्दै गएको छ।[४८] यो प्रवृत्ति स्पष्ट रुपमा देखा परिरहेको छ। अधिकांश देशले निर्दिष्ट लैङ्गिक समानता कार्ययोजना वा महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजनाको विकास

४४. महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (२०१८-२१), पृ. ६४, महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (२०१२-१६), पृ. ४१, https://www.peacewomen.org/nap-finland.

४५. महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (२०१०-१३), पृ. १०, https://www.peacewomen.org/nap-france.
महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (२०१४-१६), पृ. ८,
https://www.diplomatie.gouv.fr/IMG/pdf/PNA_en_DEF.pdf.

४६. महिला, शान्ति तथा सुरक्षासम्बन्धी अस्ट्रेलियाको राष्ट्रिय कार्ययोजना (२०१२-१८), https://www.pmc.gov.au/office-women/international-forums/australian-national-action-plan-women-peace-and-security-2012-2018.

४७. महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना (२०१७-२०), पृ. ९, https://www.peacewomen.org/nap-germany.

४८. दिगो विकास लक्ष्य कार्यान्वयनको निगरानी गर्ने विश्वव्यापी प्रयास रुपमा, आईपीयूले हाल दिगो विकास लक्ष्य १६.७.१ क को समर्थनमा लैङ्गिक समानता र महिला अधिकारका क्षेत्रमा काम गरिरहेको सम्बन्धित संसदीय समितिहरूको निगरानी गरिरहको छ। थप जानकारी, http://archive.ipu.org/parline-e/Instancelist.asp.

गरिरहेका छन् जसका लागि निगरानी आवश्यक छ, र यसले लैङ्गिक समानतासम्बन्धी दिगो विकास लक्ष्य ५ र आधा जनसङ्ख्याको हकहितलाई सरकारका सबै अंगले प्राथमिकता दिनुपर्ने कुरालाई स्वीकारेको छ। महिला मामिला समितिको विद्यमान लैङ्गिक समानता र महिला, शान्ति तथा सुरक्षा एजेण्डामाथि निगरानी गर्ने स्पष्ट भूमिका हुने गर्छ। समितिले प्रायः संयुक्त सुनुवाइ गर्दछ, जसले गर्दा सांसद्हरूले अन्य समितिको क्षेत्रगत विशेषज्ञताको लाभ लिंदै लैङ्गिकताका सम्बन्धमा आफ्ना अनुभव बाँड्न सक्छन्। उदाहरणका लागि वैदेशिक मामिला समिति र लैङ्गिक समानता समितिले संयुक्त रुपमा महिला, शान्ति तथा सुरक्षा एजेण्डाको कार्यान्वयनको समीक्षा गर्नु एउटा राम्रो अभ्यास हुन्छ।

## क्यानडाको वैदेशिक मामिला र अन्तर्राष्ट्रिय विकास समितिको महिला, शान्ति र सुरक्षासम्बन्धी ऐतिहासिक प्रतिवेदन

**क्यानडा**को सङ्घीय संसद विश्वमा महिला, शान्ति तथा सुरक्षाको एजेण्डाको सक्रिय समर्थक रहँदै आएको छ। सेप्टेम्बर २०१६ मा क्यानडाको हाउस आफ कमन्सको वैदेशिक मामिला तथा अन्तर्राष्ट्रिय विकास स्थायी समितिले महिला, शान्ति तथा सुरक्षाको एजेण्डा र त्यसको कार्यान्वयनमा क्यानडाको भूमिकामाथि राष्ट्रिय योगदान र विकाय सहायता दुवै मार्फत उल्लेखनीय रुपमा अध्ययन गरेको थियो। मौखिक र लिखित सुझावसहितको खुला छलफलपछि समितिले अक्टोबर २०१६ मा अन्तिम प्रतिवेदन विश्वव्यापी नेतृत्वको अवसरः क्यानडा र महिला, शान्ति तथा सुरक्षाको एजेण्डा *(An Opportunity for Global Leadership: Canada and the Women, Peace and Security Agenda)* सार्वजनिक गऱ्यो।[४९] समितिको समीक्षामा विस्तृत दृष्टिकोणहरूसहित विविध क्षेत्रको प्रतिनिधित्व थियो। यस क्रममा राष्ट्रिय प्रतिरक्षा विभाग र क्यानडेली सशस्त्र फौज, रोयल क्यानडियन माउन्टेड पुलिस, यूएनडीपी, युएन वुमन, ग्लोबल एफेयर्स क्यानडा र विभिन्न गैसस, प्राज्ञ र अभियन्ताहरू सहभागी थिए। त्यसपछि स्थायी समितिले दुई वटा पूरक प्रतिवेदन सार्वजनिक गऱ्यो। अक्टोबर २०१६ मा प्रकाशित पहिलो प्रतिवेदन अझ बढी स्थिर, समावेशी र समृद्ध विश्वका लागि विकास सहायता : सामूहिक महत्त्वाकांक्षा *(Development Cooperation for a More Stable, Inclusive and Prosperous World: A Collective Ambition)*[५०] माथि केन्द्रित थियो। नोभेम्बर २०१६ मा प्रकाशित दोस्रो प्रतिवेदनले विशेषगरी महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई ग्वाटेमाला र कोलोम्बियामा शान्ति र विकासका लागि दीर्घकालीन सहयोग *(Supporting Peace and Development in Guatemala and Colombia for the Long-Term )*[५१] को विस्तृत अध्ययन

४९. https://www.ourcommons.ca/DocumentViewer/en/42-1/FAAE/report-3/page-5.
५०. https://www.ourcommons.ca/DocumentViewer/en/42-1/FAAE/report-4/.
५१. https://www.ourcommons.ca/DocumentViewer/en/42-1/FAAE/report-5/.

गऱ्यो र एउटा घटना अध्ययनका रुपमा ग्वाटेमाला र कोलम्बिया - महिला, शान्ति तथा सुरक्षा र द्विपक्षीय विकास सहायताका लागि केन्द्रिविन्दुमा रहेका देशहरू *(Guatemala and Colombia — Women, Peace and Security and Countries of Focus for Bilateral Developmental Assistance)*[५२] शीर्षकको अतिरिक्त प्रतिवेदन पनि जारी गऱ्यो ।

## महिला, शान्ति तथा सुरक्षासम्बन्धी खास क्षेत्रगत एजेण्डाहरूको समितिमार्फत निगरानी

वैदेशिक मामिला वा अन्तर्राष्ट्रिय विकास हेर्ने समितिहरूसँग संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ र सम्बन्धित महिला, शान्ति तथा सुरक्षा प्रस्ताव तथा क्रियाकलापलाई सम्बोधन गर्ने स्पष्ट कार्यादेश भए पनि त्यससँग अन्य समितिको कार्यादेश पनि सम्बन्धित हुने गर्छ। महिलाको शान्ति र सुरक्षा सुनिश्चित गर्ने कार्य एउटा अन्तरसम्बन्धित एजेण्डा हो जसका लागि विभिन्न क्षेत्रमा कदम चाल्न आवश्यक हुन्छ। त्यसमा सेना, प्रहरी, मानवअधिकार शिक्षा, आर्थिक विकास, धार्मिक मामिला र शान्ति निर्माण रहेका छन्। धेरै देशका संसदमा यी क्षेत्रलाई विभिन्न संसदीय समितिले सम्बोधन गर्छन्, यसको अर्थ आफ्ना कार्यादेशसँग सम्बन्धित महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डाका विभिन्न पक्षबारे सोधखोज गर्ने अधिकार हरेक समितिलाई रहेको हुन्छ। उदाहरणका लागि :

- **दिगो विकास लक्ष्य समिति** : धेरै देशका संसदले दिगो विकास लक्ष्य समिति गठन गर्न थालेका छन्। त्यस्ता समितिले महिला, शान्ति तथा सुरक्षाको समीक्षा लैङ्गिक समानतासम्बन्धी दिगो विकास लक्ष्य ५, आर्थिक विकाससम्बन्धी दिगो विकास लक्ष्य ८ र शान्ति, न्याय तथा सुदृढ संस्थाहरूसम्बन्धी दिगो विकास लक्ष्य १६ को कार्यान्वयनको समीक्षा एउटा अंशका रुपमा गर्न सक्छन्।
- **न्याय, प्रहरी वा शान्ति सुव्यवस्था समिति** : संसदअन्तर्गत घरेलु कानुन कार्यान्वयन र न्यायिक निकायको निगरानीमा केन्द्रित कुनै प्रकारको समिति रहनु सामान्य कुरा हो। हिंसा पीडितले न्यायमा पहुँच पाएको सुनिश्चित गर्ने र त्यस्ता निकायमा लैङ्गिक समानता र सचेतना प्रवर्द्धन कार्य (जस्तै : त्यस्ता निकायहरूमा कर्मचारी भर्ती गर्ने कार्यको समीक्षा गरी बढी महिला अधिकृतहरूको प्रवर्द्धन गर्ने वा कर्मचारीलाई लैङ्गिक संवेदनशीलता तालिम प्रदान गर्ने) मार्फत तिनको प्रभावकारिताको निगरानीमा संसदको महत्त्वपूर्ण भूमिका रहेको छ।

५२. https://www.ourcommons.ca/Committees/en/FAAE/ StudyActivity?studyActivityId=9225021.

- **सशस्त्र फौज, रक्षा वा सुरक्षा सेवा समिति** : धेरै देशका संसदमा सेना र राष्ट्रिय सुरक्षा निकायको निगरानीमा समर्पित छुट्टै समिति हुन्छ। त्यस्तो समितिले सैन्य र नागरिक शान्ति स्थापना कार्यका साथै कुनै पनि घरेलु सैन्य कारवाहीको लैङ्गिक प्रभावको अध्ययन गर्न सक्छ।
- **राष्ट्रिय सुरक्षा समिति** : सुरक्षा निकायमाथि केन्द्रित समितिका अतिरिक्त केही देशका संसदअन्तर्गत राष्ट्रिय सुरक्षाका प्रक्रिया तथा प्राथमिकताको समीक्षा गर्ने कार्यादेश प्राप्त अन्य समिति पनि हुन्छन्। त्यस्ता समितिले महिला, शान्ति तथा सुरक्षाका एजेण्डाको पनि समीक्षा गर्न सक्छन् किनभने त्यो सुरक्षा क्षेत्रसँग पनि सम्बन्धित छन्। त्यस्ता समितिलाई हिंसात्मक अतिवादको निवारणमा केन्द्रित राष्ट्रिय प्रयासहरूको समीक्षा गर्ने कार्यादेश दिने प्रवृत्ति उल्लेखनीय रुपमा बढिरहेको पाइन्छ। त्यस्तो अधिकार हिंसात्मक अतिवाद र निवारणका प्रयासहरू दुवैको लैङ्गिक रुपमा निर्दिष्ट प्रयासहरूको समीक्षाका लागि पनि प्रयोग गर्न सकिन्छ।
- **शान्ति निर्माण वा मेलमिलाप समिति** : हिंसात्मक द्वन्द्वबाट पुनर्लाभ लिइरहेका देशमा सरकारले शान्ति स्थापनाको योजना तथा कार्यक्रमको विकास गर्नु सामान्य हो। संसदले त्यस्ता नीति तथा क्रियाकलापको निगरानी गर्न शान्ति निर्माण वा मेलमिलाप समिति गठन गर्न सक्छ। त्यस्ता समितिको जिम्मेवारी महिला, शान्ति तथा सुरक्षा एजेण्डा कार्यान्वयनको निगरानीमा केन्द्रित हुने गर्छ, त्यसमा शान्ति स्थापना प्रयासहरूमा महिला तथा किशारीमाथिको प्रभाव पनि समावेश हुन्छ।
- **आर्थिक विकास, रोजगारी वा जीविकोपार्जन समिति** : धेरै देशका संसदमा सरकारको आर्थिक तथा रोजगार नीतिहरूको समीक्षा गर्न एक वा सोभन्दा बढी समितिको व्यवस्था गरिएको हुन्छ। महिला, शान्ति तथा सुरक्षा एजेण्डाको एउटा प्रमुख पक्ष हिंसा प्रभावित महिला पनि पुनर्लाभका प्रयासमा सहभागी गरिएको सुनिश्चित गर्नु हो। द्वन्द्वपछि आर्थिक सुरक्षालाई पुनर्निर्माण गर्ने प्रयासमा पनि उनीहरू समावेश हुनुपर्छ। त्यस्ता समितिले सरकारी कार्यक्रमहरूको समीक्षा लैङ्गिक रुपमा संवेदनशील छन्, छैनन् र द्वन्द्व प्रभावित महिलाका विशेष आर्थिक आवश्यकताको सम्बोधन गर्ने कार्यक्रम समावेश गरिएका छन्, छैनन् भनेर समीक्षा गर्न सक्छन्।
- सामाजिक कल्याण समिति : केही देशमा महिला, शान्ति तथा सुरक्षाको एजेण्डामा हिंसा प्रभावित महिलाका लागि बाँचुन्जेल आर्थिक सहयोग वा अन्य कल्याणकारी भुक्तानी वा कार्यक्रममार्फत सहयोग पुऱ्याउने कार्य समावेश गरिएको छ। कल्याणमा केन्द्रित समितिले त्यस्ता कार्यक्रमको प्रभावको समीक्षा गर्न सक्छन्। उदाहरणका लागि यस्ता समितिले लाभग्राहीले सेवासुविधा पाइरहेका छन्, छैनन् भनेर हेर्न सक्छन्।

कुनै पनि संसदीय समितिले आफ्नो कार्यादेशभित्रको विषयमा छानबिन गर्न सक्छ। संसदले पनि प्रस्ताव पारित गरी एक वा बढी समितिलाई उदाहरणका लागि यौन तथा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी छानविनको कार्यान्वयन, युद्धबाट विधवा बनेकाहरूका लागि कल्याणकारी र रोजगारीका सुविधा वा खास देशहरूमा गरिएका शान्ति सेनाको परिचालनका सम्बन्धी छानविन गर्ने जिम्मेवारी दिनसक्छ। आफ्नै स्रोत लगानीको माग गर्ने गरी छानबिनमा पर्याप्त सार्वजनिक चासो भएको अवस्थामा संसदले एउटा तदर्थ वा विशेष समिति पनि गठन गर्न सक्छ,। यस्ता विशेष समिति काम सम्पन्न भएपछि विघटन गरिन्छ।

## प्रश्नोत्तर समय र लिखित प्रश्न

धेरै देशमा सरकारले वा सत्ताधारी संसदीय दलले मुख्य एजेण्डा वा सुधारलाई प्राथमिकता नदिएको अवस्थामा त्यसलाई अघि बढाउन सांसदहरूले दबाब दिने केही विधि हुन्छन्। त्यस्ता विधि महिला, शान्ति तथा सुरक्षाका एजेण्डातर्फ ध्यान आकृष्ट गर्न उपयोगी हुन सक्छन्। साथै त्यस्ता विधि महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना लागू भएका देशमा कार्यान्वयन प्रगतिबारे विस्तृत अध्ययन उपलब्ध गराउन पनि उपयोगी हुन सक्छन्।

सांसदले व्यक्तिगत रुपमा निगरानी गर्ने भनेको सरकारलाई प्रश्न सोध्ने हो। देशमा विद्यमान संसदीय प्रणालीको ढाँचाका आधारमा यसलाई संसदको प्रश्नोत्तर समयमा सोधेर वा लिखित प्रश्नमार्फत गर्न सकिन्छ :

- **प्रश्नोत्तर समय** : धेरै देशमा संसदको पूर्ण सत्रमा व्यक्तिगत रुपमा सांसदहरूले मन्त्रीहरूलाई प्रश्न सोध्न नियमित समय छुट्ट्याइएको हुन्छ। (यो संसदीय समितिहरूमार्फत मन्त्रीहरूसँग लामो सुनुवाइ गर्ने अवसरभन्दा अतिरिक्त हो)। सांसदहरूले यो अवसरको उपयोग गरी महिला, शान्ति तथा सुरक्षाको कार्यान्वयनका बारेमा सोध्न र कानुनी सुधार तथा अन्य महिला, शान्ति तथा सुरक्षा प्राथमिकताबारेमा सरकारको ध्यान आकृष्ट गर्न सक्छन्।
- **लिखित प्रश्न सोध्ने** : संसदमा मन्त्रीहरू नबस्ने प्रावधानसहितको शासकीय स्वरुप भएका देशहरूमा प्रश्नोत्तर समयको सट्टा वा त्यसका अतिरिक्त लिखित प्रश्न सोध्न पाउने व्यवस्था हुन सक्छ। त्यस्तो व्यवस्थाअन्तर्गत सांसदले व्यक्तिगत रुपमा मन्त्रीलाई लिखित प्रश्न सोधी त्यसको जवाफ प्राप्त गर्न सक्छन्। यो प्रावधानले सांसदहरूलाई महिला, शान्ति तथा सुरक्षाका विषयमा सरकारले के गरिरहेको छ वा के गरिरहेको छैन भन्ने बारेमा विस्तृत जानकारी प्राप्त गर्न मद्दत गर्न सक्छ।

### महिला, शान्ति तथा सुरक्षाको एजेण्डाप्रति ध्यान आकृष्ट गराउन संसदीय प्रश्नहरू उपयोगी हुन सक्छन्

**नर्वेली** स्टोरटिङ (संसद) र सांसदहरू व्यक्तिगत रुपमा महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई सहयोग गर्न सक्रिय रहँदै आएका छन् । महिला, शान्ति तथा सुरक्षाको एजेण्डाप्रति ध्यान आकृष्ट गर्न केहीले आफ्नो प्रत्यक्ष वा लिखित प्रश्न सोध्न पाउने अधिकार प्रयोग गरेका छन् ।

सन् २०१६ मा प्रश्नोत्तर समयमा सांसद ओलाउग बोलेस्टाडले रक्षामन्त्रीलाई “सशस्त्र फौजमा भर्ती भएका महिलाहरूको सुरक्षाका लागि के गरिँदै छ ? जसले गर्दा उनीहरूको सराहना गरी उनीहरूप्रति सम्मान व्यक्त गरियोस् र मानसिकतामा परिवर्तन आउन सकोस्” भनी प्रश्न गरेका थिए ।[५३]

सन् २०१५ मा सांसद केल-इनगोल्फ रोपस्टाडले रक्षामन्त्रीलाई संक्षेपमा लिखित रुपमा “सशस्त्र फौजले महिलालाई पुरुषसरह भर्ती गराउन भौतिक तथा बन्दोबस्ती सामग्रीमा लगानी गर्दछ भन्ने सन्देश महिलासम्म पुऱ्याउन सरकार कुन सूचकमा विश्वास गर्छ र यो कुरा भएको सुनिश्चित गर्न यसले के गर्छ ?” भन्ने प्रश्न गरेका थिए ।[५४]

सन् २०१० मा सांसद इने इरिकसन सोरेइदेले परराष्ट्रमन्त्रीलाई लिखित रुपमा “ संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ कार्यान्वयनमा योगदान गर्न नर्वेले के गरेको छ?” भन्ने प्रश्न सोधेकी थिइन् ।[५५]

सन् २०१८ मा जर्मनीका सांसदहरूले सङ्घीय सरकारलाई अन्तर्राष्ट्रिय मिसनमा यौनहिंसाका आरोपबारे प्रश्न सोधेका थिए। यसैगरी, टर्कीको संसदले सरकारसँग सिरियाली द्वन्द्वबाट विस्थापित र प्रभावित महिलाहरूको अद्यावधिक स्थितिबारे जानकारी माग गरेको थियो ।[५६]

## संसदीय प्रस्तावहरू

धेरै देशमा सांसदहरूले व्यक्तिगत रुपमा कुनै खास एजेण्डामा कदम चाल्न आह्वान गर्दै पूर्ण सत्रमा प्रस्ताव दर्ता गर्ने प्रावधान रहेको हुन्छ । त्यस्ता प्रस्तावले सरकारलाई कुनै कार्य गर्न बाध्य बनाउन नसके पनि महिला, शान्ति तथा सुरक्षा जस्ता कुनै खास एजेण्डाका सम्बन्धमा सार्वजनिक बहस गरी सरकारमाथि कदम चाल्न दवाब दिन सक्छ ।

५३. प्रश्न, https://www.stortinget.no/no/Saker-og-publikasjoner/Sporsmal/Sporretimesporsmal/et-sporretimesporsmal/?qid=64403.

५४. प्रश्न, https://www.stortinget.no/no/Saker-og-publikasjoner/Sporsmal/Skriftlige-sporsmal-og-svar/Skriftlig-sporsmal/?qid=62239.

५५. प्रश्न,https://www.stortinget.no/no/Saker-og-publikasjoner/Publikasjoner/Referater/Stortinget/2010-2011/110118/4#a2.
बहसः https://www.stortinget.no/no/Saker-og-publikasjoner/Sporsmal/Interpellasjoner/Interpellasjon/?qid=48428.

५६. जर्मनी र टर्कीका उदाहरणहरू, सारह फेरब्याक र अउडे रिभ्सको महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अघि बढाउनमा नाटो सदस्य राष्ट्रहरूको भूमिका : नाटो संसदीय सभाको सर्वेक्षण (२०१८), डीसीएफ, जेनेभा, पृ. १६ बाट लिइएको हो ।

## महिला, शान्ति तथा सुरक्षामा सरकारको ध्यान केन्द्रित गर्न संसदीय प्रक्रियाहरूको प्रयोग

राजनीतिक दलहरू बलियो भएका देशमा दलीय प्रणालीबाहिर दबाब दिने कदम उठाउन सांसदहरूलाई कठिन हुन सक्छ। तथापि, स्वतन्त्रका रुपमा प्रस्तुत भए पनि वा कुनै एजेण्डा आफ्ना लागि महत्त्वपूर्ण भएका कारण आफ्नो तर्फबाट कदम चाल्न चाहेमा सांसदहरूले प्रयोग गर्न सक्ने संसदीय प्रक्रियाहरू रहेका छन्।

**पोर्चुगल**मा महिला, शान्ति तथा सुरक्षाका सवालहरूमा सरकारले केही गरोस् भन्ने चाहनाका साथ सांसदहरूले ध्यान आकृष्ट गर्न संसदीय प्रस्तावहरूको प्रयोग गरेका छन्। सन् २०१७ मा र पछि २०१८ मा पोचुर्गलको राष्ट्रिय सभाका सदस्यहरूले सुरक्षा फौजमा महिलाविरुद्ध हुने भेदभावको सम्बोधन तथा नियन्त्रण गर्न; सुरक्षा फौजमा लैङ्गिक रुपमा उपयुक्त सेवासुविधामा लगानी गर्न; र सुरक्षा फौजमा महिलाको मातृत्व अधिकारका लागि निर्देशिकाको व्यवस्था गर्न सरकारलाई आह्वान गर्दै दुई वटा प्रस्ताव पारित गरे।[५७]

सन् २०१८ मा **सियरा लियोन**का सांसदहरू यूएनडीपीको सहयोगमा आयोजित "सांसदहरूका लागि महिला, शान्ति तथा सुरक्षासम्बन्धी कार्यशाला" मा सहभागी भए। उक्त कार्यशालामा भएको छलफलको निष्कर्षका रुपमा संसदका लागि प्राथमिकता र सरकारका लागि सिफारिसहरूको पहिचानका सम्बन्धमा एउटा दस्तावेज तयार पारेको थियो। यी निष्कर्षहरूलाई संसदीय प्रस्तावका रुपमा विकसित गर्न सिरिया लियोनको महिला कःकसकी अध्यक्षले (यूएनडीपीको सहयोगमा) संसदका मुख्यसचिवसँग सहकार्य गरेकी थिइन्। सो प्रस्तावमाथि सन् २०१८ मा भएको छलफलमा मुखिया व्यवस्थासम्बन्धी ऐनको संशोधन र महिलाका लागि भूमि, सम्पत्ति र उत्तराधिकारको अधिकारजस्ता महत्त्वपूर्ण विषय समेटिएका थिए। अन्ततः बहसको अन्त्यमा संसदले सो प्रस्ताव पारित गऱ्यो। प्रस्तावले संसदलाई धेरै कार्य गर्न प्रतिबद्ध बनाएको छ। यसअन्तर्गत निर्णय प्रक्रियामा महिलाको प्रवर्द्धन गर्ने सकारात्मक पहलसम्बन्धी विधेयक अघि बढाउने विषय पनि समावेश छ। साथै, सन् २०१९ मा संसदले सिरिया लियोनको महिला, शान्ति तथा सुरक्षाको नयाँ राष्ट्रिय कार्ययोजनासम्बन्धी एक दिवसीय कार्यशाला पनि आयोजना गऱ्यो। सम्बन्धित मन्त्रालयको सल्लाहसुझावसँगै सांसदहरूले नयाँ कार्ययोजनामा कुन विषयलाई प्राथमिकतामा राख्नुपर्नछ भन्ने बारेमा पहिचान गरे। भविष्यमा यस सम्बन्धमा हुने कार्यलाई यही संसदीय महिला, शान्ति तथा सुरक्षा कार्ययोजनाले मार्गनिर्देशित गर्नेछ।

५७. गणतन्त्रको सभाको प्रस्ताव नं १३२/२०१७ : सरकारले सुरक्षा फौज तथा सेवाहरूमा महिला सहभागिताको सम्मान गर्न कदमहरू चाल्नुपर्ने सिफारिस गर्दछ।
http://www.parlamento.pt/ActividadeParlamentar/Paginas/DetalheDiplomaAprovado.aspx¿BID=20057.
गणतन्त्रको सभाको प्रस्ताव नं २४४/२०१८ : सरकारले महिलाविरुद्धको भेदभाव नियन्त्रण गरी सुरक्षा फौज तथा सेवाहरूमा लैङ्गिक समानता प्रवर्द्धन गर्न सिफारिस गर्दछ,
http://www.parlamento.pt/ActividadeParlamentar/Paginas/DetalheDiplomaAprovado.aspx¿BID=21156.

## संसदलाई प्रतिवेदन बुझाउने स्वतन्त्र निगरानी निकायहरू

संसद सदस्यहरूले निगरानीका कार्यहरू गर्ने आन्तरिक संसदीय प्रक्रियाका अतिरिक्त केही देशहरूले त्यस्तो अनुगमन गर्ने कार्यादेश भएका स्वतन्त्र निकायहरूको पनि स्थापना गरेका छन् । सामान्यतया त्यस्ता निकाय स्वतन्त्र र वैधानिक निकायका रुपमा स्थापित हुने गर्छन्, जसको कार्यादेश कानुनद्वारा तोकिएको हुन्छ। यी निकायहरूले वार्षिक रुपमा व्यवस्थापिकासमक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था गरिएको हुन सक्छ। तिनका प्रतिवेदनहरू सदनको पूर्ण सभामा प्रस्तुत हुन्छन् । यीमध्ये केही प्रतिवेदनहरू सम्बन्धित संसदीय समितिमा थप समीक्षा र बहसका लागि पठाइन्छ।

त्यस्ता निकायमा विविधता पाइन्छ। धेरै देशले लोकपाल (ओम्बुड्समेन) को प्रयोग गर्दछन्, जसको जिम्मेवारी सुरक्षा सेवामा लैङ्गिक संवेदनशीलतासम्बन्धी समस्या वा अनुचित व्यवहारसम्बन्धी उजुरी अनुसन्धान गर्ने हुन सक्छ। अन्य देशमा, त्यस्तो स्वतन्त्र अनुगमन कार्य राष्ट्रिय मानवअधिकार आयोग वा लैङ्गिक आयोगबाट हुन सक्छ। ती निकायसँग महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई उपयुक्त ढंगले कार्यान्वयन गर्न सरकारको असफलतासहित लैङ्गिक समानता र महिला अधिकारसम्बन्धी उजुरीहरूको जाँच गर्ने सर्वव्यापी कार्यादेश हुने गर्छ। यी निकायले आफ्नो प्रतिवेदन व्यवस्थापिकासमक्ष बुझाउनुपर्ने हुन्छ। व्यवस्थापिकाले सांसदहरूलाई महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई कसरी कार्यान्वयन गर्ने भन्नेबारेमा बहस थालनी गर्ने अवसर प्रदान गर्छ। कानुनले ती निकायलाई व्यवस्थापिकासमक्ष प्रतिवेदन प्रस्तुत गर्नुपर्ने व्यवस्था नगरेको अवस्थामा पनि संसदहरूले आफ्नो काम व्यवस्थित बनाउन सूचना तथा प्रतिवेदनहरू प्राप्त गर्ने सहकार्यात्मक सम्बन्ध स्थापना गर्न सक्छ।

### सशस्त्र फौजका लागि जर्मनीको संसदीय आयुक्त

**जर्मनी**मा बुन्डेस्ट्याग (संसद) ले सशस्त्र फौजका लागि संसदीय आयुक्तको नियुक्त गर्दछ। आयुक्तको जिम्मेवारी बुन्डेसवेहर (सशस्त्र फौज) को निगरानी गर्नु हो। बुन्डेस्ट्यागका सदस्यहरूले गोप्य मतदानद्वारा आयुक्त निर्वाचित गर्छन्। आयुक्तको कार्यकाल पाँच वर्षको हुन्छ। ती व्यक्ति संसद सदस्य वा निजामती कर्मचारी हुँदैनन्। आयुक्तको समग्र भूमिका संविधानमा व्यवस्था भएअनुसार "आधारभूत अधिकारको रक्षा गरी सशस्त्र फौजमाथि संसदीय निगरानी लागू गर्न बुन्डेस्ट्यागलाई मद्दत गर्नु" रहेको छ।

संसदीय आयुक्तबाट वार्षिक प्रतिवेदन तयार हुन्छ। प्रतिवेदन विमर्शका लागि संसदमा प्रस्तुत गरिन्छ। सो प्रतिवेदनमा सशस्त्र फौजमा महिलाका सम्बन्धमा एउटा अध्याय समावेश हुन्छ। यो अध्यायले बुन्डेसवेहरका महिला र पुरुष सुरक्षाकर्मीका लागि समान अवसर सम्बन्धी ऐन *(Act on Equal Opportunities for Female and Male Personnel of the Bundeswehr)* को कार्यान्वयनसम्बन्धी धारणा उपलब्ध गराउँछ। संसदबाट पारित यस ऐनअनुसार बुन्डेसवेहरमा

कम्तीमा १५ प्रतिशत महिला हुन आवश्यक छ। यद्यपि, संसदीय आयुक्तले विदेशमा परिचालित सशस्त्र बलका सदस्यबारे भने प्रतिवेदन प्रस्तुत गर्दैनन्।

जर्मनीको महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सम्बन्धमा एउटा छुट्टै प्रतिवेदन महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अर्को चरणमा सन् २०२० मा संसदसमक्ष प्रस्तुत गरिनुपर्ने हुन्छ। राष्ट्रिय कार्ययोजना २०१७-२०२० ले सरकारलाई संसदले पारित गरिसकेको महिला, शान्ति तथा सुरक्षासम्बन्धी कानुन कार्यान्वयन गर्न आह्वान गर्दछ, जसमा संङ्घीय निकायहरूमा लैङ्गिक समानता र सशस्त्र फौजमा समान अवसरहरू शीर्षकका रहेका छन्।[५८] महिला, शान्ति तथा सुरक्षाको एजेण्डाका सन्दर्भमा यी कानुनअनुसार सरकारले "वैदेशिक, विकास, सुरक्षा र रक्षा नीतिमा लैङ्गिक-न्यायोचित कर्मचारी विकास"को अवधारणा अवलम्बन गर्नुपर्छ।

## सांसद् र संसद सेवाका कर्मचारीहरूका लागि कार्यगत बुँदाहरू : निगरानी

- महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अघि बढाउन सरकारी कार्यक्रमहरू कति र कसरी उपयोगी रहेका छन् भन्ने बारेमा सांसदहरूले आफ्ना मतदाताबाट सूचना तथा जानकारी संकलन गर्न सक्छन्। मतदातबाट प्राप्त यस्तो जानकारी संसदीय प्रश्नोत्तर र सुनुवाइलाई प्रभावकारी बनाउन उपयोग गर्न सकिन्छ।
- महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना तर्जुमा भएको अवस्थामा संसदीय समितिहरूले त्यसको कार्यान्वयनको प्रगतिको समीक्षा गर्न नियमित सुनुवाइ गरी त्यसअनुरुप सिफारिस उपलब्ध गराउन सक्छन्।
- महिला, शान्ति तथा सुरक्षाका प्राथमिकताहरू राष्ट्रिय विकास योजना वा विभिन्न क्षेत्रगत योजनाहरूमा समावेश गरिएको खण्डमा संसदीय समितिहरूले कार्यान्वयनको प्रगतिको समीक्षा गरी त्यसअनुरुप सिफारिसहरू उपलब्ध गराउन व्यक्तिगत रुपमा वा संयुक्त रुपमा सुनुवाइ आयोजना गर्न सक्छन्।
- महिला, शान्ति तथा सुरक्षाका एजेण्डाप्रति मन्त्री र सम्पूर्ण सदनको ध्यान आकृष्ट गर्न सांसदहरूले प्रश्नोत्तर समय, लिखित प्रश्न सोध्ने वा संसदीय प्रस्तावहरू प्रयोग गर्न सक्छन्।
- महिला, शान्ति तथा सुरक्षाका एजेण्डाहरूप्रति ध्यान आकृष्ट गर्न सांसदहरूले स्वतन्त्र निगरानी निकायहरू (जस्तै : राष्ट्रिय मानवअधिकार संस्था, प्रहरी लोकपाल, सर्वोच्च लेखापरीक्षक निकाय) ले प्रस्तुत गरेको प्रतिवेदनहरू प्रयोग गर्न सक्छन्। त्यस्ता प्रतिवेदनहरूको समीक्षा गर्न र/ मन्त्रीहरूलाई प्रश्न सोध्न संसदीय सुनुवाइहरू आयोजना गर्न सकिन्छ।

५८. महिला, शान्ति तथा सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को कार्यान्वयनसम्बन्धी सङ्घीय गणतन्त्र जर्मनीको कार्ययोजना, २०१७-२०२०, पृ. १८, https://www.peacewomen.org/nap-germany.

## संसदका लागि प्रश्नहरू

- तपाईंको संसदमा वैदेशिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, लैङ्गिक समानता वा अन्य विषयसम्बन्धी समिति छ, जसले देहायअनुसारका कार्यहरू गर्न रुचि राख्दछ ? (क) महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना भएको अवस्थामा त्यसको नियमित समीक्षा र (ख) महिला, शान्ति तथा सुरक्षाको एजेण्डाको राष्ट्रिय कार्यान्वयनको समीक्षा।
- संसदका विभिन्न विषयगत समितिलाई आफ्नो कार्यादेश र अधिकार महिला, शान्ति तथा सुरक्षाका मुख्य एजेण्डालाई अघि बढाउन किन र कसरी प्रयोग गर्ने भन्नेबारेमा जानकारी गराउन संसद सचिवालयले अभिमुखीकरण गरेको छ ?
- प्रश्नोत्तर समय वा सांसदले व्यक्तिगत रुपमा व्यक्त गर्ने चासोका अन्य उपायहरूलाई महिला, शान्ति तथा सुरक्षाका प्राथमिकताहरूको कार्यान्वयनका सम्बन्धमा मन्त्रीहरूलाई प्रश्न सोध्न प्रभावकारी रुपमा प्रयोग भइरहेका छन् ?
- सदनमा छलफल र अनुमोदनका लागि सांसदहरूले प्रस्ताव दर्तामार्फत लाभान्वित हुन सक्ने महिला, शान्ति तथा सुरक्षाका कुनै एजेण्डाहरू छन् ?

अध्याय ८

# प्रतिनिधित्व

कुनै पनि देशका नागरिकले राजनीतिक निर्णय प्रक्रियामा आफ्नो प्रतिनिधित्व गर्न संसद सदस्यहरू निर्वाचित गर्दछन् । यसको अर्थ सांसद्हरूले निरन्तर रुपमा आफ्ना मतदातासँग दोहोरो संवादमा रहनुपर्छ, संसदका क्रियाकलापबारे उनीहरूलाई जानकारी गराउनुपर्छ र आफ्नो काम प्रभावकारी बनाउन उनीहरूबाट सूचना तथा जानकारी संकलन गर्नुपर्छ । संसदले आफ्नो वैधता कायम राख्न महिला, शान्ति तथा सुरक्षाको एजेण्डासहित सांसद र संसदको कामबारे नागरिकलाई पृष्ठपोषण दिने अर्थपूर्ण अवसर प्रदान गर्नु ज्यादै महत्त्वपूर्ण हुन्छ ।

## प्रतिनिधिका रुपमा सांसद्हरू

लगभग सबै देशमा सांसदहरूलाई जनताले सार्वजनिक हकहित र चासोको प्रतिनिधिहरूका रुपमा व्यवस्थापिकामा निर्वाचित गरेका हुन्छन् । केही देशमा भौगोलिक निर्वाचन क्षेत्रका आधारमा सांसदहरू प्रत्यक्ष निर्वाचित हुन्छन् भने केहीमा कुनै समूहको प्रतिनिधित्व गरेका हुन सक्छन् । जस्तै : युवा वा महिला जस्तो जनसङ्ख्या वा युनियन वा सेना जस्तो कुनै क्षेत्र । जुनसुकै प्रकारले निर्वाचित भए पनि सांसदहरूको जिम्मेवारी भनेको उनीहरूलाई मतदान गर्नेका लागि मात्र नभई समुदायका सबै सदस्यहरूका तर्फबाट निर्णय लिनु हो ।

विश्वभरका असल अभ्यासले के देखाउँछन् भने सांसदहरूले व्यक्तिगत रुपमा इमेल, सामाजिक सञ्जाल वा अन्य माध्यमबाट आफ्ना मतदातासँग खुला सञ्चार कायम गरी त्यसलाई निरन्तरता दिनु महत्त्वपूर्ण हुन्छ ।

महिला, शान्ति तथा सुरक्षाको एजेण्डाका सन्दर्भमा प्रभावकारी प्रतिनिधित्वको अर्थ सांसदहरूले महिला र पुरुष, युवा र वृद्धवृद्धासम्म पुगी महिलाको शान्ति र सुरक्षालाई सबैभन्दा बढी प्रभावित गर्ने सवालहरू क-के हुन् भनेर बुझ्नुपर्छ । अनलाइन (विद्युतीय) सञ्चारका अतिरिक्त विश्वभरका अनुभवले सांसद्हरूले जनतासम्म पुग्ने दुई प्रचलित अवधारणामाथि प्रकाश पार्दछन् :[५९]

५९. यो असल अभ्यास केभिन देभउ र शामिडरोड्रिगेज (२०१७) : दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा संसदको भूमिका : संसदीय हातेपुस्तिका, यूएनडीपी, जीओपीएसी, आईडीबी, जेनेभामा आधारित छ ।

➥ **स्थानीय सार्वजनिक मञ्चहरू** : उदाहरणका लागि एउटा सांसदले आफ्नो समुदायमा सार्वजनिक कार्यक्रमको आयोजना गर्न सक्छन जहाँ नागरिकले यौन तथा लैङ्गिकतामा आधारित हिंसा, युद्धबाट विधवा बनेका महिला वा महिला, शान्ति तथा सुरक्षा एजेण्डाको कार्यान्वयन जस्ता विषयमा सुझाव दिन सक्छन् ।

➥ **सार्वजनिक परामर्शहरू** : संसदीय समितिहरूले मस्यौदा कानुनमाथि विचार गर्दा र समीक्षा आयोजना गर्दा नागरिक समाजसँग पनि परामर्श गर्न सक्छन् । त्यस्ता परामर्श अनौपचारिक (जस्तै : रिपोर्टिङ्ग सत्र, अनलाइनमार्फत सुझाव, सामाजिक सञ्जाल) देखि बढी औपचारिक (जस्तै : सार्वजनिक सुनुवाइ); प्राविधिक (जस्तै : सर्वेक्षण) देखि साधारण (जस्तै : एसएमएसमार्फत सुझाव/प्रतिक्रियाका लागि आग्रह) सम्म हुन सक्छन् ।

महिला, शान्ति तथा सुरक्षाको एजेण्डाका सन्दर्भमा समुदायको संलग्नताका लागि उनीहरूसम्म पुग्दा सांसदहरूलाई प्रायः बलियो सामुदायिक सञ्जाल, भेला गराउने शक्ति र लैङ्गिक विशेषज्ञता हुने नागरिक समाजका सङ्घसंस्थाहरूसँग साझेदारी गर्न प्रोत्साहित गरिन्छ ।

## किर्गिस्तानका सांसदहरूद्वारा देशव्यापी रुपमा राष्ट्रिय महिला, शान्ति तथा सुरक्षा भेलाहरूको आयोजना

**किर्गिस्तान** यूएनडीपीको "महिला, शान्ति र सुरक्षामा साझेदारका रुपमा संसदको भूमिकासम्बन्धी अन्तर्राष्ट्रिय परियोजना २०१८-१९" (Global Project on the Role of Parliaments as Partners in Women, Peace and Security) का लागि एउटा नमुना देश थियो । नोभेम्बर २०१८ मा यूएनडीपीले एउटा स्थानीय गैरसरकारी संस्थाको सहकार्यमा बैठक आयोजना गरेको थियो । बैठकमा संसदीय महिला, शान्ति तथा सुरक्षा कार्ययोजनामा सहमति जनाउन सांसद्हरूका साथै सरकारी अधिकारी र नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता थियो ।

सहभागीहरूले महिला, शान्ति तथा सुरक्षा एजेण्डाबारे राज्यका निकायहरू पूर्णतः अपरिचित रहेको बताए । उनीहरू देशका सबै सात वटै प्रदेशमा क्षेत्रीय महिला, शान्ति तथा सुरक्षा भेला आयोजना गर्न सहमत भए । स्थानीय गैरसरकारी संस्थाको सहकार्यमा आयोजित ती भेलामा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता थियो । सञ्चारमाध्यमबाट पनि त्यसको राम्रो प्रचारप्रसार भएको थियो ।

भेलामा सहभागीले महिला, शान्ति तथा सुरक्षासम्बन्धी विविध विषयहरू उठान गरे, जसमा निम्नलिखित पनि समावेश थिए :

- हिंसाविरुद्ध संरक्षण र प्रतिरक्षाका क्षेत्रमा अन्तरनिकाय समन्वयमा सुधार गर्ने ।
- स्थानीय तहमा महिला, शान्ति तथा सुरक्षासम्बन्धी क्रियाकलापका लागि बजेटको अझ राम्रो व्यवस्था भएको सुनिश्चित गर्ने ।

- महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई स्थानीय स्तरमा कार्यान्वयन गर्ने कार्ययोजनाको विकास गर्ने।
- सीमा क्षेत्रमा द्वन्द्व र सुरक्षाका सवाललाई सम्बोधन गर्ने।
- हिंसा र द्वन्द्वको प्रतिकार गर्ने सेवाहरूको मापदण्ड जारी गर्ने।

ती भेलाले हरेक क्षेत्रमा महिला, शान्ति तथा सुरक्षाका एजेण्डालाई स्थानीयकरण गर्न मद्दत गरे। सांसदहरूले आफ्नो कामका लागि र नागरिक समाजले गर्नुपर्ने कामका लागि महत्त्वपूर्ण धारणाहरू संकलन गरे।

## लैङ्गिक रुपमा संवेदनशील शान्ति निर्माताहरूका रुपमा सांसदहरू

जनप्रतिनिधिका रुपमा आफ्नो कामका अतिरिक्त सांसदहरूको भूमिका शान्ति निर्माताका रुपमा पनि रहने गर्छ। सांसद् र अन्य नेताहरूले पनि आफ्ना समर्थकमाझ हिंसा भड्काउनमा भूमिका निर्वाह गर्न सक्ने विषय एउटा दुःखद वास्तविकता हो; यद्यपि उनीहरूले शान्ति निर्माणमा पनि नेतृत्व गर्न सक्छन्।[६०]

न्यूनतम पनि संकटको समयमा समुदायसँगको संलग्नताले तनाव बढाउने वा हिंसालाई प्रोत्साहित नगरेको सुनिश्चित गर्नेतर्फ ध्यान दिनु सबै सांसदहरूको दायित्व हो। सार्वजनिक मतदातामाथि सांसदहरूको ठूलो प्रभाव पर्न सक्छ। त्यसैकारण उनीहरूलाई समभाव प्रवर्द्धन गर्ने, तनाव न्यूनीकरण गर्ने र द्वन्द्वको शान्तिपूर्ण समाधानलाई बढावा दिने भाषाको प्रयोग गर्न प्रोत्साहित गरिन्छ। यसैगरी, सांसदहरूले आफ्ना समर्थकहरूलाई सुरक्षित तथा शान्तिपूर्ण रुपमा बाँच्न पाउने महिलाहरूको अधिकारसहित मानवअधिकारको सम्मान गर्न प्रोत्साहित गर्न सक्छन्।

सांसद्हरूले समुदायबीच शान्ति निर्माण गर्न सार्वजनिक भेला वा अन्य माध्यमको प्रयोग गर्दै समुदायका सदस्यहरूलाई महिला अधिकारको सम्मान गर्न आह्वान गर्न सक्छन्। त्यस्ता भेलामा पुरुष र महिला दुवैको सहभागिता रहेको सांसद्हरूले सुनिश्चित गर्नुपर्छ। द्वन्द्वपछिको अवस्थामा सांसदहरूले द्वन्द्वरत पक्षहरूबीच पुनः मेलमिलापको प्रवर्द्धन गर्न, महिला तथा किशोरीले व्यहोरेको क्षतिको सम्बोधन गर्न र त्यस्ता क्षतिलाई सम्बोधन गर्ने रणनीतिको विकास गर्न सक्छन्।

६०. यसलाई यूएनडीपीले सन् २००६ को प्रकाशन, संसद, संकट निवरण र पुनर्लाभ : अन्तर्राष्ट्रिय समुदायका लागि मार्गदर्शनले मान्यता प्रदान गरेको छ, https://www.undp.org/content/dam/undp/library/Democratic%20Governance/Parliamentary%20Development/guidelines_on_the_role_of_parliaments_in_conflict_and_post-conflict_situations.pdf.

## सोमालियामा प्रभावकारी शान्ति निर्माताका रुपमा संलग्न हुन सांसदहरूको क्षमता विकास

विगत दुई दशकमा शान्ति प्रवर्द्धनमा सांसदहरूको भूमिकालाई राम्रोसँग बुझिएको छ। विश्व बैंकले सन् २००५ मा सार्वजनिक गरेको प्रतिवेदनले शान्ति निर्माताका रुपमा संसदहरू *(Parliaments as Peacebuilders)*[६१] बारे छलफल गरेको थियो भने सन् २००६ मा यूएनडीपीले संसद, संकट निवारण र पुनर्लाभ *(Parliaments, Crisis Prevention and Recovery)*[६२] प्रकाशित गरेको थियो। यी निर्देशिकाहरूले तनाव कम गर्न र सहमति निर्माण गर्न सामुदायिक समूहहरूबीच सांसदहरूले संवादको सहजीकरण गर्न सक्ने कुरालाई मान्यता प्रदान गरेका छन्।

केही देश तथा संस्थाहरूले शान्ति स्थापनामा सांसद्हरूको भूमिकालाई सहयोग गरिरहेका छन्। उदाहरणका लागि सन् २०१४ मा **सोमालिया**को सङ्घीय संसदको सहकार्यमा सोमालिया शान्ति तथा राष्ट्रिय मेलमिलाप सहजकर्ताको आएजीएडी कार्यालयले ६ जना महिलासहित २७ जना सांसद्को सहभागितामा पाँचदिने क्षमता अभिवृद्धि तालिम आयोजना गर्‍यो। कार्यशालामा नेतृत्व सीप, द्वन्द्वका प्रकार तथा स्रोतहरू, मध्यस्थता र शान्ति निर्माण तथा शान्ति निर्माणका विषय समावेश थिए। सहभागीहरूले आफूले तालिममा सिकेका कुरालाई व्यवहारमा उतारेर सोमालियामा जारी स्थायित्व र शान्ति निर्माण प्रक्रियामा सहभागी हुने इच्छा व्यक्त गरे।[६३]

## साझेदारहरूका रुपमा सांसदहरू

महिला अधिकार वा शान्ति निर्माण जस्ता क्षेत्रमा सांसदहरूले प्रायः गैसस वा अन्य नागरिक समाजका संस्था, स्थानीय ट्रेड युनियन वा व्यावसायिक समूहहरूसँग नजिकमा रहेर काम गर्छन्। विश्वव्यापी अनुभवले यो देखाएको छ कि लैङ्गिक समानता वा महिला अधिकारसम्बन्धी संसदीय समितिहरू (अध्याय ७ हेर्नुहोस्) र महिला कःकस (अध्याय १० हेर्नुहोस्) ले प्रायः महिला अधिकारसँग सम्बन्धित गैरसरकारी संस्थाहरूसँग साझा उद्देश्यमा नजिक रहेर काम

६१. शान्ति निर्माताका रुपमा संसदहरू : द्वन्द्व प्रभावित देशहरूमा संसदहरूको भूमिका, https://openknowledge.worldbank.org/handle/10986/6532.
६२. संसद, संकट निवारण र पुनर्लाभ : अन्तर्राष्ट्रिय समुदायका लागि मार्गदर्शन, http://www.undp.org/content/dam/undp/library/Democratic%20Governance/Parliamentary%20Development/guidelines_on_the_role_of_parliaments_in_conflict_and_post-conflict_situations.pdf.
६३. यो घटना अध्ययन आईजीएडीको वेबमा प्रकाशित समाचारबाट लिइएको हो, https://igad.int/programs/66-somalia/926-capacity-building-training-on-good-governance-leadership- conflict-resolution-and-development-communication-to-the-federal-government-of-somalia-members-of-parliament.

गरेका छन्। वैदेशिक मामिला, मानवअधिकार, कल्याण र सुरक्षासम्बन्धी समितिहरूले पनि मानवअधिकार, महिला अधिकार, सुरक्षा क्षेत्र सुधार र शान्ति निर्माणजस्ता विषयमा गैरसरकारी संस्थाहरूको विशेषज्ञताबाट लाभ लिएका छन्। त्यस्तो साझेदारीले दुवै पक्षलाई लाभ हुन्छ। जसमा सांसदहरू प्राविधिक परामर्श, अनुसन्धानका सीप र लाभग्राही समूहमाथिको सामुदायिक विश्वासबाट लाभान्वित हुन्थे भने गैरसरकारी संस्थाहरूले सांसदहरूको भेला गराउने शक्तिको फाइदा लिँदै कानुन सुधार वा अन्य कार्यक्रमको परिणाममा आफ्नो पैरवीलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न सक्छन्।

विशेषगरी मानवअधिकार, महिला अधिकार र महिला, शान्ति तथा सुरक्षाका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरूले समुदायमा आधारित दृष्टिकोण प्रदान गर्न आफ्नै "छाया प्रतिवेदन" विकास गरेका छन्। सरकारहरूले महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना अनुगमन प्रतिवेदन वा वार्षिक प्रतिवेदन प्रकाशित गरेका हुन्छन्। यस्तो अवस्थामा सरकारले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धता पूरा गरेको छ या छैन र छ भने कति पूरा गरेको छ भन्ने बारेमा गैरसरकारी संस्थाहरूले आफ्नै विश्लेषणमा छाया प्रतिवेदन प्रस्तुत गर्न सक्छन्। यी छाया प्रतिवेदनहरू संयुक्त राष्ट्रसङ्घका अन्तर्राष्ट्रिय निकायहरूसमक्ष प्रस्तुत गरिन्छ। सरकारको तथ्याङ्कको रुजु गर्न चाहने सांसद र संसदीय समितिहरूका लागि यो उपयोगी स्रोत हुन सक्छ।

## संसद-नागरिक समाज संस्था साझेदारीबाट प्रभावकारी समन्वय र परिणामहरूलाई सहयोग

**युक्रेन**मा लैङ्गिक समानतालाई अघि बढाउने सांसद, नागरिक समाज र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूका प्रयासहरूलाई समन्वय गर्न अन्तरसमूह युनियन (Equal Opportunities Inter-Faction Union) ले सार्वजनिक लैङ्गिकता परिषद्को स्थापना गऱ्यो। परिषद्को मुख्य उद्देश्य लैङ्गिकतासम्बन्धी विषयबारे सूचना प्रवाह र सहकार्य सुनिश्चित गर्न एउटा साझा मञ्चको स्थापना गर्नु हो। परिषद्मा ६ वटा स्थायी विषयगत समूह रहेका छन्। त्यसमा एउटा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अनुगमन गर्ने र शान्ति प्रक्रियामा महिला सहभागितालाई सहयोग गर्ने कार्यादेशसहितको सुरक्षा तथा शान्ति निर्माणमा केन्द्रित समूह रहेको छ।[६४]

**प्यासिफिक** क्षेत्रमा विकास परियोजनाका रुपमा सुरु भएको प्यासिफिक समुदायको सचिवालयमा एउटा एकाइका रुपमा रहेको क्षेत्रीय अधिकार तथा स्रोत टोली (आरआरआरटी) धेरै समयदेखि महिला अधिकारका क्षेत्रमा कानुन सुधारका लागि सांसद, गैरसरकारी संस्था

६४. (2016) *Strengthening women's political participation: An analysis of the impact of women's parliamentary networks in Europe and Central Asia,* p.10, UNDP: Istanbul, http://www.eurasia.undp.org/content/dam/rbec/docs/undp-rbec-strengthening-womens-political-participation-final.pdf.

र अन्य सरोकारवालासँग काम गरिरहेको छ। आरआरआरटीले फिजीको महिला अधिकार आन्दोलनसँगको सहकार्यमा यस क्षेत्रको पहिलो विधायन पैरवीसाधन संग्रह (Legislative Lobbying Toolkit)[६५] को निर्माण गरी लैङ्गिक रुपमा संवेदनशील कानुनको प्रवर्द्धन गऱ्यो। यो काम आरआरआरटीको प्यासिफिक सांसदहरूका लागि वार्षिक क्षेत्रीय मानवअधिकार बैठकसँग जोडिएको थियो, जसले सांसदहरूलाई सिडः र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ जस्ता मानवअधिकारका एजेण्डाहरूबारे शिक्षित बनायो। आरआरआरटीको कामले परिणाम पनि दिइसकेको छ, जसमा यस क्षेत्रका ११ वटा संसदहरूले विगतको दशकमा घरेलु र पारिवारिक संरक्षण कानुन तर्जुमा गरिसकेका छन्।[६६]

## सांसद् र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरु : प्रभावकारी प्रतिनिधित्व

- सांसदहरू महिला, शान्ति तथा सुरक्षाबारे आफ्ना मतदाताका चासो बुझ्न इमेल, सामाजिक सञ्जाल र सार्वजनिक भेला वा मस्यौदा कानुन वा महिला, शान्ति तथा सुरक्षाका विषयमा हुने औपचारिक सार्वजनिक परामर्शजस्ता माध्यममार्फत उनीहरूसम्म पुग्न सक्छन्।
- सांसद र संसद सेवाका कर्मचारीले शान्ति निर्माणका सीपहरूको विकास गर्न सक्छन्। सांसदहरू मध्यस्थता र संवेदनशीलता तालिममा[६७] सहभागी हुन सक्छन् र ती सीपहरूलाई स्थानीय मध्यस्थतादेखि उच्चस्तरी शान्ति वार्तासम्मका शान्ति निर्माण क्रियाकलापमा संलग्न भई उपयोग गर्न सक्छन्।
- सांसदहरूले विशेषज्ञता, अनुसन्धान सेवा वा सामुदायिक बैठकहरू आयोजनामा सहयोग प्रदान गर्न सक्ने नागरिक समाज र गैरसरकारी संस्थाहरूसँग साझेदारी विकास गर्न सक्छन्।
- महिला, शान्ति तथा सुरक्षाका विषयमा सामुदायिक सचेतना बढाउन र यी एजेण्डालाई सम्बोधन गर्न संसदले गरिरहेको कुनै पनि कामबारे प्रचारप्रसार गर्न सांसदहरूले सञ्चारमाध्यमसँग काम गर्न सक्छन्।

६५. *Changing Laws: A Legislative Lobbying Toolkit,* https://rrrt.spc.int/resources/publications/changing-laws-a-legislative-lobbying-toolkit.
६६. महिलाविरुद्धको हिंसा अत्यका लागि प्यासिफिक सांसदहरूको एकता, https://rrrt.spc.int/media/stories/2012/08/pacific-mps-united-on-ending-violence-against-women.
६७. उदाहरणका लागि गैरनाफामूलक फोल्के बेनाडोटे एकेडेमीले द्वन्द्व र मध्यस्थताका विषयमा अनलाइन र प्रत्यक्ष कक्षा सञ्चालन गर्दछ, https://fba.se/en/how-we-work/courses/upcoming-courses/.

## संसदका लागि प्रश्नहरू

- सांसदहरू स्थानीय भेला वा सार्वजनिक परामर्शमा नियमित रुपमा संलग्न हुन्छन् ? हुन्छन् भने महिला, शान्ति तथा सुरक्षाको एजेण्डामा छलफल गर्न त्यस्तो कुनै भेला वा परामर्शको आयोजना गरिएको छ ?
- सांसदहरूलाई महिला, शान्ति तथा सुरक्षाका विषयमा आफ्ना मतदातासँग संवाद गर्न सहयोग गर्ने संसदमा सार्वजनिक जनपहुँच वा सञ्चार एकाइ छ ?
- सांसदहरूले द्वन्द्व विश्लेषण, मध्यस्थता, संवाद वा सहमति निर्माणजस्ता विषयमा कुनै प्रकारको शान्ति निर्माण तालिम प्राप्त गरेका छन् ?
- विश्वासको वातावरण सिर्जना गर्न र सम्भावित द्वन्द्व न्यूनीकरण गर्न सांसदहरूले द्वन्द्वको जोखिममा रहेका समूह वा समुदायसँग काम गर्छन् ? आफ्नो समुदायमा महिला, शान्ति तथा सुरक्षाको एजेण्डामा काम गर्ने नागरिक समाजका संस्थाहरूबारे सांसदहरूलाई जानकारी छ ? यस्ता संस्थाहरूसँग उनीहरू नियमित भेटघाट गर्छन् ?

अध्याय ९

# संसदीय समूहहरूको भूमिका

विश्वभर संसदमा सांसदहरू राजनीतिक दलका सदस्य रहनु सामान्य कुरा हो।,दलका सदस्य भएकैले उनीहरूका संसदीय क्रियाकलाप दलका प्राथमिकताअनुसार निर्देशित हुने गर्छन्। सांसदहरूका व्यक्तिगत योगदानलाई एकीकृत गरी संख्याको बललाई संसदीय कदमका लागि प्रोत्साहित गर्न राजनीतिक दलहरू प्रभावकारी संयन्त्र हुन सक्छन्। यद्यपि, कहिलेकाहीँ दलीय राजनीतिले सांसदहरूलाई व्यक्तिगत रुपमा संकुचित बनाउने गर्छ किनभने दलका प्राथमिकता व्यक्तिगत सदस्यहरूको भन्दा माथि हुने गर्छन्।

सांसदहरूका लागि आफ्ना दलभन्दा बाहिर काम गर्न अन्तरदलीय संसद्मीय समूहहरू एउटा मुख्य माध्यम हो, जहाँ उनीहरूले प्राथमिकता निर्धारण गरेका एजेण्डा वा क्रियाकलाप अघि बढाउन समान सरोकार रहेका सांसदहरूसँग हातेमालो गर्न सक्छन्। यस सन्दर्भमा व्यवस्थापिकाभित्र महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई नेतृत्व दिने अन्तरदलीय संसदीय समूहहरू महत्त्वपूर्ण माध्यम हुन सक्छन्।

## अन्तरदलीय महिला कःकस

विश्वभर महिला सांसद्को संख्या बढ्दै गएपछि महिला कःकसको पनि विस्तार भएको छ। साझा महत्त्वका एजेण्डामा दलीय रेखाभन्दा बाहिर रहेका महिला सांसद्ले काम गर्ने यो सामान्य संसदीय संयन्त्र बन्दै गएको छ।

महिला ज्यादै न्यून संख्यामा रहेको संस्थागत सन्दर्भमा संसदभित्र लैङ्गिक समानता र महिला अधिकारको एजेण्डालाई अझ प्रभावकारी रुपमा पैरवी गर्न महिला सांसद्को सानो समूहका रुपमा महिला कःकसको थालनी भएको हो। महिलाको संख्या धेरै रहेको संसदमा पनि कःकसलाई अझै पनि लैङ्गिक समानता र महिला अधिकारमाथि सांसदहरूको ध्यान आकृष्ट गर्ने महत्त्वपूर्ण संयन्त्रका रुपमा हर्ने गरिन्छ। केही देशमा कःकस अनौपचारिक रुपमा गठन भएका छन् भने केही देशमा व्यवस्थापिकाभित्र औपचारिक हैसियत प्राप्त छ।

जुनसुकै रुपमा भए पनि महिला कःकसहरू लैङ्गिक समानतालाई लाभ पुऱ्याउने गरी धेरै दलका महिला सांसद्को शक्तिलाई बल पुऱ्याउन प्रभावकारी साबित भएका छन् ।[६८] त्यस्ता कःकसहरू संसदीय प्रक्रियामा महिला अधिकारवादी गैरसरकारी संस्थाहरू संलग्न हुने एउटा उपयोगी सम्पर्क विन्दुका रुपमा पनि रहने गर्दछन् ।

महिला, शान्ति तथा सुरक्षाको एजेण्डा महिला सांसद्का लागि मात्र होइन, सबै सांसद्का लागि हो। तथापि महिलाले महिला, शान्ति तथा सुरक्षाको सम्बन्धमा सहित लैङ्गिक रुपमा संवेदनशील कानुन तथा नीतिहरूको प्रवर्द्धनमा प्रायः प्रमुख भूमिका निर्वाह गर्ने गर्दछन् । इटालीमा यो भूमिकालाई संस्थागत गरिएको छ, जहाँ महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजनामा नागरिक समाजका संस्था र मानवअधिकारका लागि अन्तरविभागीय समितिको सहकार्यमा महिला, महिला अधिकार र लैङ्गिक समानताका लागि अन्तरदलीय कःकसले महिला, शान्ति तथा सुरक्षा एजेण्डाको कार्यान्वयनबारे वार्षिक प्रतिवेदन प्रकाशित गर्नुपर्ने प्रावधान समावेश गरिएको छ ।[६९]

## महिलाको शान्ति र सुरक्षामा बढ्दो चुनौती : हिंसात्मक अतिवादको लैङ्गिक प्रभावको न्यूनीकरण

सन् २००० मा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ पारित भएयता विश्वभर हिंसात्मक अतिवाद महिला तथा किशोरीसहित जनताको संरक्षण र सुरक्षामा बढ्दो जोखिमका रुपमा देखा पर्दै आएको छ। हिंसात्मक अतिवादको लैङ्गिक विश्लेषणले महिला पीडकका रुपमा (कहिलेकाहीँ शक्तिशाली पुरषको दवाबमा) र समर्थक (परिवारका सदस्यका रुपमा) का साथै हिंसात्मक अतिवाद निवारणमा सक्रिय सरोकारवालाका रुपमा संलग्न हुने गरेको देखाउँछ ।[७०] हिंसात्मक अतिवादको लैङ्गिक प्रभावमाथि केन्द्रित हुनुपर्ने आवश्यकता महिला, शान्ति तथा सुरक्षाको बृहत् एजेण्डाका रुपमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव २२४२(२०१५) मा र लैङ्गिकतासम्बन्धी एउटा छुट्टै अध्याय समावेश भएको संयुक्त राष्ट्रसङ्घका महासचिवको हिंसात्मक अतिवाद निवारण कार्ययोजना, २०१५ मा मान्यता प्रदान गरिएको थियो ।[७१] सन् २०१८ मा अन्तरसंसद सङ्घ (आईपीयू) ले आतंकवाद र हिसात्मक अतिवादविरुद्ध लड्न उच्चस्तरीय सल्लाहकार समूह (HLAG-CTVE) गठन गरेको थियो ।

६८. महिलाको राजनीतिक सहभागिता सुदृढीकरण : युरोप र मध्य एसियामा महिलाको संसदीय सञ्जालको प्रभावको विश्लेषण (२०१६) यूएनडीपी, इस्तानबुल, पृ. १०, http://www.eurasia.undp.org/content/dam/rbec/docs/undp-rbec-strengthening-womens-political-participation-final.pdf.
६९. सारह फेरब्याक र अउडे रिम्सको महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अघि बढाउनमा नाटो सदस्य राष्ट्रहरूको भूमिका : नाटो संसदीय सभाको सर्वेक्षण (२०१८), डीसीएफ, जेनेभा, पृ. १७ ।
७०. (अप्रकाशित) विषयगत संक्षेप : हिंसात्मक अतिवादको निवारण - लैङ्गिक दृष्टिकोण, यूएनडीपी, न्यूर्योर्क
७१. संयुक्त राष्ट्रसङ्घ (२०१५) हिंसात्मक अतिवाद निवारण कार्ययोजना : महासचिवको प्रतिवेदन, A/70/674, 24 December, https://www.un.org/en/ga/search/view_doc.asp?symbol=A/70/674.

**पाकिस्तान**मा संसदीय महिला कःकसका सदस्यहरू लैङ्गिक रुपमा संवेदनशील कानुन तथा नीतिको प्रवर्द्धन गर्न सक्रिय रहँदै आएका छन्। उनीहरूले हिंसात्मक अतिवाद र अतिवादितालाई नियन्त्रण गर्ने प्रयास लैङ्गिक रुपमा संवेदनशील रहेको सुनिश्चित गर्ने काम गरे।[७२] बालोचिस्तान प्रान्तका नागरिक समाजले प्रान्तीय महिला संसदीय कःकससँग गठबन्धन स्थापित गऱ्यो, जसमा कःकसले बालोचिस्तानको प्रान्तीय सभामा हिंसात्मक अतिवाद निवारण र महिला, शान्ति तथा सुरक्षासम्बन्धी समाजका सिफारिसलाई समर्थन गर्न सहमत गरेको थियो।[७३]

## अन्तरदलीय महिला, शान्ति तथा सुरक्षा संसदीय समूहहरू

विश्वभर खास एजेण्डाहरूमा समर्पित संसदीय समूहमार्फत दलभन्दा बाहिर सांसदहरू एकजुट हुने प्रवृत्ति बढ्दो रहेको देखिन्छ। यी अन्तरदलीय समूहले संसदको औपचारिक प्रक्रियाबाहिर संवाद सहज बनाउँछन्। यस्ता समूह विशेषगरी महिलाको शान्ति तथा सुरक्षा जस्ता मानवअधिकारका एजेण्डामा एजेण्डा बढी सक्रिय छन्। त्यस्ता समूहले सहमति निर्माणलाई प्रवर्द्धन गर्ने र संयुक्त रुपमा कानुन वा अन्य सुधारको प्रस्ताव पनि गर्न सक्छन्।

महिला कःकस अन्तरदलीय संसदीय समूहहरूमा सबैभन्दा परिचित समूह हो। महिलाको शान्ति र सुरक्षा जस्ता एजेण्डामा एजेण्डा मात्र केन्द्रित समूह पनि बन्न सक्छ। महिला, शान्ति तथा सुरक्षा "महिलाको एजेण्डा" होइन तर यस्तो एजेण्डा हो जसले सम्पूर्ण समाजलाई प्रभावित गर्छ। त्यसकारण यो सबै सांसद्को योगदान आवश्यक छ भन्ने वास्तविकतालाई मान्यता प्रदान गर्न उपयोगी हुन सक्छ। संयुक्त राष्ट्रसङ्घले प्रवर्द्धन गरेको महिलाका लागि पुरुष (HeforShe) अभियानमार्फत अन्तरदलीय लैङ्गिक समानता पैरवीमा संलग्न हुने पुरुष सांसदहरूको संख्या बढ्दो छ।[७४] उदाहरणका लागि सन् २०१७ मा आइसल्यान्डको संसदले महिलाका लागि पुरुष अभियानको वार्षिक क्रियाकलापअन्तर्गत सबै सांसद्का लागि यौन हिंसा र उत्पीडनसम्बन्धी एउटा सम्मेलन (barbershop conference) आयोजना गरी पुरुषलाई लैङ्गिक समानताको छलफलमा सहभागी हुन प्रोत्साहित गऱ्यो। सम्मेलनले लैङ्गिक समानताबाट महिला पुरुष दुवैले कसरी लाभ लिन सक्छ भन्नेबारे सचेत हुने अवसर प्रदान गऱ्यो।[७५]

७२. विज्ञसमूह छलफल : पाकिस्तानमा हिंसात्मक अतिवादको नियन्त्रण : महिलाको किन भूमिका हुनुपर्छ, २ अप्रिल २०१४, वासिङ्टन डीसी, https://www.atlanticcouncil.org/component/event/detail/countering-violent-extremism-in-pakistan.

७३. Sarah Chatellier (2012) Pakistani Women Moderating Extremism: A Coalition-Building Case Study, p.9, Institute for Inclusive Security: USA, https://www.inclusivesecurity.org/wp-content/uploads/2012/09/Pakistani-Women-Moderating-Extremism-A-Coalition-Building-Case-Study.pdf.

७४. HeforShe campaign, https://www.heforshe.org/en.

७५. सारह फेरब्याक र अउड्रे रिम्सको महिला, शान्ति तथा सुरक्षाको एजेण्डा अघि बढाउनमा नाटो सदस्य राष्ट्रहरूको भूमिका : नाटो संसदीय सभाको सर्वेक्षण (२०१८), डीसीएएफ (DCAF), जेनेभा, पृ. ११

## महिला, शान्ति तथा सुरक्षासम्बन्धी संयुक्त अधिराज्यको सर्वदलीय संसदीय समूह (APPG-WPS)[७६]

सन् २००६ मा दर्ता भएको महिला, शान्ति तथा सुरक्षासम्बन्धी सर्वदलीय संसदीय समूहमा महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डामा छलफल गरी कदम चाल्न संयुक्त अधिराज्यको संसदका ४० भन्दा बढी सांसद् आबद्ध छन् । समूहको स्थायी सचिवालय छ, जसलाई महिला, शान्ति तथा सुरक्षामा काम गर्ने १७ वटा गैरसरकारी संस्थाहरूको सञ्जालका रुपमा रहेको शान्ति र सुरक्षाका लागि लैङ्गिक पहल (Gender Action for Peace and Security (GAPS)[७७])ले सञ्चालन गरेको छ।

समूहले शान्ति र सुरक्षाका लागि लैङ्गिक पहलको सहयोगमा संसदभित्र महिला, शान्ति तथा सुरक्षा एजेण्डाको महत्त्व बढाउन, सांसद्हरूका विद्यमान सञ्जालको सुदृढीकरण गर्न र त्यसलाई गैरसरकारी संस्थाहरूसँग सम्पर्क गराउन, महिला, शान्ति तथा सुरक्षाका एजेण्डामा सरकारी पहलका लागि पैरवी गर्न र अन्य क्षेत्राधिकारबाट सूचना आदानप्रदान गर्छ। समूहले महिला, शान्ति तथा सुरक्षासम्बन्धी संसदमा संयुक्त अधिराज्य सरकारले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदन कार्यक्रमको अध्यक्षता गर्छ। यसबाट महिला, शान्ति तथा सुरक्षाप्रति संयुक्त अधिराज्यको अवधारणाबारे सांसदहरूलाई छलफल गर्ने अवसर प्राप्त हुन्छ। यस्तै समूहले महिला, शान्ति तथा सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय एजेण्डाका सम्बन्धमा सोमालिया, यमन, इजिप्ट, लिबिया, सिरिया, इराक र उत्तरी आयरल्यान्डमा पनि कार्यक्रम आयोजना गर्छ।

## सांसद् र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाहरू : महिला, शान्ति तथा सुरक्षा र संसदीय समूहहरू

- सबै सांसदहरू ( लिङ्गका आधारमा पनि) लाई महिला, शान्ति तथा सुरक्षाका एजेण्डामा छलफल, बहस र सम्बोधन गर्न आग्रह गर्ने ।
- विभिन्न दलका सांसदहरू मिलेर महिला, शान्ति तथा सुरक्षासम्बन्धी संसदीय समूह गठन गर्न सक्छन् । यस्तो समूहलाई महिला, शान्ति तथा सुरक्षाको एजेण्डा संसदभित्र र बाहिर एजेण्डाप्रवर्द्धन गर्न प्रयोग गर्न सकिन्छ। समूहको प्रभावको उपयोग गर्दै महिला, शान्ति तथा सुरक्षासम्बन्धी विषयमा गोष्ठी आयोजना, नीतिगत अवधारणाहरूको विकास गर्न नागरिक समाजका संस्थासँग काम गर्न वा महिला, शान्ति तथा सुरक्षाका एजेण्डाका एजेण्डा सम्बन्धमा सञ्चारमाध्यमसँग काम गर्नसकिन्छ।

७६. यो सारांश ग्लोबल एक्सन फर पिस एन्ड सेक्युरिटीले आतिथ्य गरको एपीपीजी-डब्ल्यूपीएससम्बन्धी वेबपेजबाट लिइएको हो, http://gaps-uk.org/about/appg/.
७७. थप जानकारीका लागि, हेर्नुहोस् : http://gaps-uk.org/about/.

➥ महिला, शान्ति तथा सुरक्षाको एजेण्डासहित महिला अधिकार प्रवर्द्धन गर्न समान सोच भएको समूहका रुपमा एकताबद्ध हुन महिला सांसदहरूले अन्तरदलीय महिला कःकसको प्रयोग गर्न सक्छन् ।

## संसदका लागि प्रश्नहरू

➥ संसदमा महिला कःकस छ ? छ भने आफ्ना प्राथमिकताहरू कार्यान्वयन गर्न समूहसँग स्पष्ट कार्ययोजना र आवश्यक स्रोतको व्यवस्था छ ? ती प्राथमिकतामा महिला, शान्ति तथा सुरक्षाको एजेण्डालाई अघि बढाउने क्रियाकलाप समावेश छन् ?

➥ सांसदहरूसँग अन्तरदलीय संसदीय समूहहरू गठन गर्ने अधिकार छ ? छ भने महिला, शान्ति तथा सुरक्षा अन्तरदलीय समूहको गठन गर्न इच्छुक सांसदहरू छन् ? यस्तो समूहलाई सहयोग गर्ने कुनै गैरसरकारी संस्था वा अन्य निकाय छ ?

अध्याय १०

# संसद सेवाका कर्मचारीबाट सहयोग र समर्थन

विश्वभरका सांसदहरूबाट प्राप्त पृष्ठपोषणले उनीहरूको कार्यादेशलाई प्रभावकारी रुपमा निर्वाह गर्न सक्षम र सुसूचित कर्मचारीको सहयोग ज्यादै महत्त्वपूर्ण रहेको देखाउँछ। सांसदहरूको कामको भार प्रायः धेरै हुन्छ। त्यसैले उनीहरूको भूमिका तथा जिम्मेवारी व्यवस्थापनमा कर्मचारीको सहयोग अमूल्य हुन्छ।

धेरै देशमा मन्त्रीहरूलाई आफ्नो संसदीय जिम्मेवारी, सांसदहरूलाई व्यक्तिगत रुपमा र समितिमा सहयोग गर्न व्यावसायिक कर्मचारी नियुक्त गरिएको हुन्छ। [illegible] राम्ररी बुझेका हुन्छन्। उनीहरूमाअनुसन्धान तथा विश्लेष[illegible] संसदहरूले अनुसन्धान, प्रतिवेदन विकास र कानुनको पुनरावलोकन गर्ने कार्यमा सहयोग गर्ने कर्मचारीहरू अपर्याप्त रहेको उल्लेख गरेका छन्।

महिला, शान्ति तथा सुरक्षाका सम्बन्धमा कानुन, कार्यक्रम र नीतिहरूको समीक्षा गर्न सांसदहरूसँग उपयुक्त कर्मचारी सहयोगी भएको सुनिश्चित गर्नु महत्त्वपूर्ण हुन्छ। लैङ्गिक समानता, महिला, शान्ति तथा सुरक्षाको एजेण्डा, महिला, शान्ति तथा सुरक्षा राष्ट्रिय कार्ययोजना, शान्ति निर्माण र लैङ्गिक उत्तरदायी बजेट निर्माणका सम्बन्धमा क्षमता अभिवृद्धि गोष्ठीहरूबाट कर्मचारी आफैं पनि लाभान्वित हुन सक्छन्।

## सांसद् र संसद सेवाका कर्मचारीका लागि कार्यगत बुँदाको सार

- महिला, शान्ति तथा सुरक्षासम्बन्धमा सांसदहरूलाई आन्तरिक विशेषज्ञता उपलब्ध भएको सुनिश्चित गर्न महिला, शान्ति तथा सुरक्षाको एजेण्डाका सम्बन्धमा संसद सचिवालयभित्र क्षमता अभिवृद्धिका लागि संसद सेवाका कर्मचारीको पहिचान गर्न सकिन्छ।
- संसद सेवाका कर्मचारीले साझेदारीको विकासमा सहजीकरण गर्न सांसद र नागरिक समाजसँग मिलेर काम गर्न सक्छन्।
- महिला, शान्ति तथा सुरक्षासम्बन्धी कार्यक्रम र क्रियाकलापमा सांसदहरूको सहभागिताका लागि संसद सेवाका कर्मचारी राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय अवसरहरूबारे सचेत रहन सक्छन्।

## संसदका लागि प्रश्नहरू

- महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डा कार्यान्वयनको सुपरीवेक्षणका लागि जिम्मेवार समितिहरूसँग आफ्नो दायित्व प्रभावकारी रुपमा निर्वाह गर्न कर्मचारीहरूको पर्याप्त व्यवस्था छ ?
- महिला, शान्ति तथा सुरक्षासम्बन्धी एजेण्डासहित आवश्यक भएको अवस्थामा सांसदहरूलाई लैङ्गिक विश्लेषण उपलब्ध गराउन सक्ने विशेषज्ञ कर्मचारीहरू पर्याप्त छन् ?
- सांसदहरूलाई लैङ्गिक उत्तरदायी बजेट विश्लेषण उपलब्ध गराउन सक्ने विशेषज्ञ कर्मचारीहरू पर्याप्त छन् ?

# उपयोगी स्रोतहरू

### संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्तावहरू

- UNSCR 1325(2000) on Women, Peace and Security, http://undocs.org/en/S/RES/1325%282000%29.
- UNSCR 1820 (2008) on Conflict Related Sexual Violence, http://undocs.org/en/S/RES/1820%282008%29.
- UNSCR 1888 (2009), http://unscr.com/en/resolutions/1888.
- UNSCR 1889 (2009), http://undocs.org/en/S/RES/1889%282009%29.
- UNSCR 1960 (2010), http://unscr.com/en/resolutions/1960.
- UNSCR 2106 (2013), http://unscr.com/en/resolutions/doc/2106.
- UNSCR 2122 (2013), http://undocs.org/en/S/RES/2122%282013%29.
- UNSCR 2242 (2015), http://unscr.com/en/resolutions/2242.
- UNSCR 2272 (2016), http://unscr.com/en/resolutions/doc/2272.
- UNSCR 2467 (2019), http://unscr.com/en/resolutions/2467.

### महिलाविरुद्ध भेदभाव उन्मूलन समिति

- CEDAW General Recommendation No. 30 (2015), https://www.ohchr.org/Documents/HRBodies/CEDAW/GComments/CEDAW.C.CG.30.pdf.
- Decision 45/VII National parliaments and the Convention on the Elimination of All Forms of Discrimination against Women. Statement by the Committee on the Elimination of Discrimination against Women on its relationship with parliamentarians, http://docstore.ohchr.org/SelfServices/ FilesHandler.ashx¿enc=dtYoAzPhJ4NMy-4Lu1TOebKyFD%2FJ4TiLtzcpQl5kRkVEDK6Uh2Eoozw YNCYV3ou6izawaMVX%2Ff-HO%2BXqR%2F0ACa9Q%2FQhbxFbFaf0C0PgEc5fgjgJbWRlnabove2qXX8tgxO.

### निर्देशिका तथा प्रतिवेदनहरू

- Sarah Ferbach & Audrey Reeves (2018) The role of parliaments in NATO member countries in advancing the Women, Peace and Security agenda: A Survey by the NATO Parliamentary Assembly (2018), DCAF: Geneva, https://www.nato-pa.int/download-file?filename=sites/default/files/2018-11/NATO%20PA%202018%20report_DCAF_Final.pdf.

- UN Women (2015) Guidebook on CEDAW General Recommendation No. 30 and the UN Security Council Resolutions on women, peace and security, https://www.unwomen.org/en/digital-library/ publications/2015/8/guidebook-cedawgeneralrecommendation30-womenpeacesecurity.
- UN Women (2012) Sourcebook on Women, Peace and Security, http://www.unwomen.org/en/digital-library/publications/2012/10/un-women-sourcebook-on-women-peace-and-security.
- UNDP, ICAN, Invisible Women: Gendered Dimensions of Return, Rehabilitation and Reintegration from Violent Extremism, https://www.icanpeacework.org/2019/01/11/invisible-women/.
- UNDP, Assessing Progress Made, and the Future of Development Approaches to Preventing Violent Extremism, https://www.undp.org/content/undp/en/home/librarypage/democratic-governance/oslo_governance_ centre/development-approaches-to-preventing-violent-extremism.html.
- UNDP, Toolkit: Improving the impact of preventing violent extremism programming, https://www.undp.org/ content/undp/en/home/librarypage/democratic-governance/oslo_governance_centre/improving-the- impact-of-preventing-violent-extremism-programming.html.

**संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम**
वान युनाइटेड नेसन्स प्लाजा, न्युयोर्क, एनवाई, १००१७, संयुक्त राज्य अमेरिकी
टेलिफोन : +1 212 906 5081

**थप जानकारीका लागि : www.undp.org**

*© 2019, UNDP*